# नेपालमा अनलाइन हिंसासँग सान्दर्भिक कानुनहरूको अध्ययन

Body & Data

बडी एन्ड डाटा, २०२१

# नेपालमा अनलाइन हिंसासँग सान्दर्भिक कानुनहरूको अध्ययन


बडी एन्ड डाटा, २०२१

लेखकः शुभ कायष्ठ, रिता बरामु

सम्पादन र डिजाइनः सुप्रिया मानन्धर

अनुवादक : बबिता राई



प्रकाशनः बडी एन्ड डाटा

सहयोग: भिजन फर चेन्ज



सम्पूर्ण अधिकार बडी एन्ड डाटासँग सुरक्षित


Body & Data

# विषय सूची


संक्षिप्त रुप 4

कृतज्ञता 5

सारांश 6

परिचय 8

- अध्ययनको पृष्ठभूमि 8
- अनुसन्धानको उद्धेश्य 10
- अध्ययनको क्षेत्र र विधि 10

अभिव्यक्ति स्वतन्त्रता 13

- कानुनी मापदण्ड र विश्लेषण 14
- निष्कर्ष 16
- घटना अध्ययन 18

गोपनीयता 20

- कानुनी मापदण्ड र विश्लेषण 21
- निष्कर्ष 23
- घटना अध्ययन 24

हिंसा रहित बाँच्ने स्वतन्त्रता 26

- कानुनी मापदण्ड र सोको विश्लेषण 27
- निष्कर्ष 29
- घटना अध्ययन 30

निष्कर्ष 32

- विद्यमान कानुन भित्रका समस्याहरु 33
- समिक्षा गरिएका घटनाहरुको विश्लेषण 34

सुझाव 36

पूरक अंश 37

- संकलित घटनाहरुको तथ्याङ्क विश्लेषण 37
- कानुनको विश्लेषण 38
  - घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ 38
  - कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१ 39
  - विद्युतीय कारोबार ऐन, २०६३ 40
  - सम्बन्धित कानुनहरुको चित्रण 41

# संक्षिप्त रुप

| | |
|---|---|
| CEDAW | Committee on the Elimination of Discrimination against Women |
| ETA | Electronic Transaction Act |
| GA | (United Nations) General Assembly |
| HRC | Human Rights Council |
| ICCPR | International Covenant on Civil and Political Rights |
| NDHS | Nepal Demographic and Health Survey |
| UDHR | Universal Declaration of Human Rights |

# कृतज्ञता

यो अध्ययन विभिन्न व्यक्तिहरुको साथ र सहकार्यबाट पूरा गरिएको हुनाले यसमा आबद्ध सम्पूर्ण व्यक्तिहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौँ। सर्वप्रथम प्रमुख सूचनादाता कानुन व्यवसायी, सरकारी वकिलहरु साथै डिजिटल माध्यमहरु र लैंगिकतामा आधारित अनलाइन हिंसालाई सञ्चालन गर्ने कानुनसँग सम्बन्धित रहेर हामीले लिएका अन्तर्वातामा सहभागी हुनुभएका सम्पूर्ण अभियान्ताहरुमा विशेष कृतज्ञता ज्ञापन गर्दछौँ। सर्वप्रथम सन् २०१९ मा अध्ययन र तथ्याङ्क संकलन प्रक्रिया सुचारु गर्ने जेभिना प्रधान, सुकिर्ती मानन्धर र उहाँहरु पश्चात प्रतिवेदनका निम्ति तथ्याङ्क विश्लेषण र संकलनको जिम्मेवारी सम्हाल्ने रिता बरामु हाम्रो विशेष धन्यवादका पात्रहरु हुन्। यस प्रतिवेदनको ढाँचा, खाका र सम्पादनमा पु¥याएको योगदान र चित्र “नेपालमा लैँगिकतामा आधारित अनलाइन हिंसासम्बन्धि कानुनको मानचित्रण”का निम्ति सुप्रिया मानन्धरप्रति पनि अत्यन्तै आभारी छौँ। त्यसैगरी उद्धरण कार्यका निम्ति दिक्षा खड्गी, अनुवादनको लागि बबिता राई, साथै यस अनुसन्धान प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न सम्पूर्ण व्यक्तिहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौँ।

शुभ कायष्ठ

# सारांश

इन्टरनेट र प्रविधिले मानिसहरुको व्यक्तिगत र सार्वजनिक जिवनमा विभिन्न अवसरहरु प्रदान गरेको छ। तथापि यिनीहरुको बनावट महिला र सिमान्तकृत समुदाय विरुद्धको संरचनागत हिंसालाई अनलाइन माध्यममा सक्रिय बनाउने किसिमको पनि रहने गर्दछ। यसका विभिन्न उदाहरणहरु व्याप्त छन्।

महिला र सिमान्तकृत समूदाय विरुद्ध हुने अनलाइन हिंसाको सिर्जना अफलाइनमा पहिल्यै नै विद्यमान सामाजिक- साँस्कृतिक कारकहरुबाट हुन्छ। यस्तो हिंसाले विभिन्न जात, वर्ग, पेशा, भूगोल, अपांगताको स्थिती, लैंगिक र यौनिक पहिचान भएका व्यक्तिहरुलाई असर गर्दछ। सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरुको प्रकृति र शारीरिकता कस्तो किसिमको छ, त्यसैगरी अनामता (एनोनिमिटी), अडिगता (इन्ट्राक्टबिलिटी) इत्यादिको हकमा यिनीहरुले कस्ता कार्य गर्दछन् यसबाट हिंसा पीडितहरुको जिवनमा खास असर र परिणामहरु देखा पर्दछन्।[1] उदाहरणको लागि अनलाइन हिंसाले महिलाको मानसिक, मनोवैज्ञानिक, आर्थिक अवस्थामा प्रतिकूल असर पुऱ्याउन र उनीहरुको व्यक्तिगत जिवन र सम्बन्धहरुमा एकान्तवासको भावना, तनाव, डिप्रेसन र कठिनाइ उत्पन्न गराउन सक्छन्।[2] महिलाको अभिव्यक्ति, गोपनीयता र मर्यादित जिवनको अधिकार निषेधित हुनु भनेको उनीहरुको मानव अधिकारको हनन हुनु हो। महिलाको स्वायत्तता, स्वनिर्णायिकता र मानव अस्तित्व नै अस्विकृत हुनु हो। यस्ता हिंसालाई पूर्णरुपमा सम्बोधन गर्न समाजमा जरा गाडेर बसेको विषमनियात्मक (हेट्रोनर्मेटिभ) पितृसत्ता तथा यसका कार्य र हानीहरुलाई नियाल्दै सिंगो व्यवस्थाका लागि संरचनात्मक परिवर्तनको खोजी गर्नुपर्छ।


इन्टरनेट, प्रविधि र लिंगमा आधारित अनलाइन हिंसासँग सम्बन्धित कानुन र नीतिहरु यस्ता मुद्दाहरु नियमन र सम्बोधन गर्ने कार्यमा प्रभावकारी पनि हुन सक्छन्। अनलाइन लैंगिक हिंसाको सन्दर्भमा नेपालमा विद्यमान कानुनहरु सम्बन्धित मुद्दालाई सम्बोधन गर्नका निम्ति पर्याप्त छन् कि छैनन् भनेर मूल्याङ्कन गर्ने ध्येयका साथ बडी एन्ड डाटाले कानुनहरुको विश्लेषण गरेको छ। हामीले लैंगिकता र यौनिकतालाई केन्द्रमा राख्दै डिजिटल अधिकारको3[3] दृष्टिकोणबाट यी कानुनहरुको विश्लेषण गरेका छौँ। हामीले महिला र सिमान्तकृत समूदाय अनलाइन हिंसाबाट पीडित भएको समयमा कसरी कानुनले उनीहरुलाई लाभ दिन सक्छन् भनेर पनि खोजी गरेका छौँ। यी कानुनहरुलाई अध्ययनको ढाँचामा राख्नका निम्ति हामीले मानव अधिकारका तीन दृष्टिकोणका रुपमा अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको अधिकार र हिंसारहित बाँच्ने स्वतन्त्रताको अधिकारलाई लिएका छौँ। कानुन कार्यान्वियन थप प्रभावकारी होस् भन्ने चाहनाअनुरुप हामीले यस विषयमा सम्बन्धित व्यक्तिहरुका निम्ति केही सुझावहरु समावेश गर्दै प्रतिवेदन समापन गरेका छौँ।

---

1 Maskey, J. & Karmacharya, S. (2018). Online Violence Against Women. Loom https://taannepal.org.np/wp-content/uploads/2020/09/Online-Violence-Against-Women-2018.pdf

2 Kee, J. S. (2017, August 20). End Violence: Women's rights and safety online. Association for Progressive Communication. https://www.apc.org/en/project/end-violence-womens-rights-and-safety-online

3 यस अनुसन्धानको उद्देश्यको लागिः "डिजिटल अधिकारले मानव अधिकारको विश्वव्यापी घोषणापत्रले स्थापना गरेको मानव अधिकार, संयुक्त राष्ट्र संघीय संकल्पहरु, अन्तर्राष्ट्रिय सम्मेलनहरु, क्षेत्रीय घोषणापत्रहरु, घरेलु कानुन र मानव अधिकार घटना कानुनहरुको व्याख्या गर्दछ किनकि डिजिटल सञ्चालका माध्यमहरुमा यिनीहरुको आह्वान गरिएको हुन्छ। ती माध्यमहरु पूर्वाधर, प्रोटोकल र उपकरणहरुको सिर्जनाजस्तै मूर्त रुपमा निर्मित भएका हुन सक्छन्। अथवा अनलाइन पहिचान, समूदाय र अभिव्यक्तिका अन्य स्वरुप र त्यसको अभ्यास गर्ने स्वायत्तताको सिर्जनाजस्तै अमूर्त रुपमा पनि निर्मित भएका हुन सक्छन्। यसको उदाहरणको रुपमा व्यक्तिगत पहिचानयोग्य तथ्याङ्कको व्यवस्थापन, छद्मनामता, गुमनामता र गुप्तिकरण (इन्क्रिप्सन)लाई लिन सकिन्छ। यस्ता माध्यमहरुले जोड्ने भएपनि इन्टरनेट, मोबाइल सञ्चाल, सम्बन्धित उपकरण र अभ्यासमा मात्र सीमित भने छैनन्।" (श्रोत : APC Unshackling Expression...)



# परिचय

## अध्ययनको पृष्ठभूमि

हाम्रो परिवार, समाज र राज्यको पितृसत्तात्मक स्वरुपले महिला र अल्पसंख्यक माथि दमन गर्ने र उनीहरुको अधिकार र स्वतन्त्रतालाई संकुचित बनाउने गर्दछ।[4] यस्तो व्यवस्थामा कठोर श्रेणीक्रम (हाइरार्की) र संरचनागत विभेद रहने गर्दछ जसको कारण महिला र अल्पसंख्यकहरुको आधारभूत अधिकार जोखिममा पर्ने गर्दछ। यो संरचनात्मक असमानताले समय क्रममा सामान्य रुप लिन पुग्यो जसले आजसम्म पनि निष्पक्ष किसिमको समाज निर्माणमा निकै बाधा पुऱ्याइरहेको छ।

नेपाल जनसांख्यिकी तथा स्वास्थ्य सर्वेक्षण (NDHS) २०६८ अनुसार १८- ४८ वर्ष उमेर समूहका महिलाहरुले १८ वर्षको उमेरपछि कम्तीमा एकपटक शारीरिक हिंसा र आफ्नो जिवनकालमा कम्तीमा एकपटक यौन हिंसा भोगेका छन्। नेपाल प्रहरी अपराध अनुसन्धान ब्यूरोको [5] तथ्याङ्कले आर्थिक वर्ष २०७६/७७ भित्रमा जम्मा २१४४ बलात्कार, ६८७ बलात्कार प्रयास, ३४ बोक्सीको आरोप र ११७३८ घरेलु हिंसाका घटनाहरु दर्ता भएको देखाउछ। यी दर्ता भएका घटनाहरु ( जसमा बाल दुर्व्यवहारसँग सम्बन्धित घटनाहरु पनि समावेश छन् ) शारीरिक क्षतिका सीमित घटनाहरु मात्र हुन्। यसमा महिलाहरुले आफनो परिवारभित्र प्राय भोग्नुपर्ने मनोवैज्ञानिक, भावनात्मक दुर्व्यवहारजस्ता अन्य रुपमा हुने हिंसाका घटनाहरुलाई समेटिएको छैन। प्रशासन, कानुन निर्माताहरु र जनता स्वयममा समेत शारीरिक हिंसा मात्र जघन्य हिंसा हो भन्ने साँघुरो बुझाइ छ जसले जघन्य शारीरिक हिंसाका घटनामा मात्र चासो राख्ने गर्दछन्।

*“यदि हामीले अदालतको अभ्यास हेर्‍यौँ भने अनलाइन दुर्व्यवहारका घटनामा जतिसुकै गम्भीर अपराध भएपनि न्यूनभन्दा न्यून सजाय मात्र दिइएको देख्न सकिन्छ। सम्भवतः अहिलेसम्म अदालतले तोकेको अधिकतम सजाय भनेको करिब एक वर्षको मात्र हुनुपर्छ।” (सरकारी वकिल)*

माथिका तथ्याङ्कको बावजुद यी संख्याहरुले पनि सानो नमुनाको मात्र प्रतिनिधित्व गर्छन् भनेर बुझ्न आवश्यक छ। अधिकांश शारिरिक हिंसाका घटनाहरुको उजुरी नै नपर्ने वा परिवार वा समाजभित्रै मिलाएर दबाउने गरिन्छ। मानिसहरुले शारीरिक क्षतिको प्रमाण भएको अवस्थामा मात्र घटनालाई गम्भीर हिंसाका रुपमा लिने प्रवृत्तिका कारण अन्य अभौतिक हिंसाका रुपहरु ओझेलमा पर्न सक्ने झनै ठूलो सम्भावना हुन्छ। सामाजिक- साँस्कृतिक र मनोवैज्ञानिक हिंसाको ढाँचाभित्र हेर्दा शारीरिक हिंसा स्पष्ट रुपमा देखिने हिंसाको एउटा स्वरुप हो तथापि हिंसाका स्वरुप र समस्या यतिमा मात्र सीमित छैनन्।

अनलाइन हिंसालाई अफलाइन हिंसाको डिजिटल माध्यममा विस्तारित भएर आएको स्वरुपको रुपमा लिन सकिन्छ।[6] अनलाइन माध्यममा हुने हिंसासम्बन्धि मूलधारे बुझाइबाट शारीरिक हिंसा बाहेकका हिंसाका स्वरुपहरुलाई सामान्य मान्ने गरिएको प्रष्ट हुन्छ। महिला र सिमान्तकृत समूदायले डिजिटल माध्यमहरुमा आफूलाई अभिव्यक्त गर्ने क्रममा भोग्नुपर्ने अनलाइन हिंसा र दुर्व्यवहारलाई केवल “पेशागत जोखिम”का रुपमा मात्र लिने धारणाहरुले सामाजिक मान्यता पाएको देखिन्छ। प्रायजसो शक्तिशाली पदमा आसिन व्यक्तिहरुले त उल्टै पीडितहरुले नै इन्टरनेट प्रयोग गर्न बन्द गर्नुपर्ने जस्तो

4 WOREC. (2001, November 30). Violence Against Women Campaign. https://www.worecnepal.org/camp/1

5 Crime Investigation Department. Women, Children and Senior Citizen Directorate. Retrieved from https:// cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate

6 Maskey, J., & Karmacharya, S. (2018). Online violence against women: a continuum of offline discrimination. LOOM

समस्याग्रस्त सुझाव दिइरहेका हुन्छन्। यस्तो दमित स्थितिभित्र महिलाहरुबाट खुलस्त स्वअभिव्यक्ति र धारणाहरुको अपेक्षा नै गरिदैन। यदि केहीगरी कुनै मौकामा यस्तो परम्परागत अपेक्षाका बिरुद्दमा उभिने हिम्मत गरिहाले पनि उनीहरुलाई अनलाइन र अफलाइन दुबैमा धम्काउने वा मौन बनाउने प्रयास गरिन्छ। हाम्रो मौनताको सँस्कृतिले महिलाको राजनीतिक धारणा होस् या यौनिक अभिव्यक्तिको हकमा होस् उनीहरुको अभिव्यक्त गर्न पाउने अधिकारलाई पर्दामा राख्छ। सामान्य अभिव्यक्तिकै कारण महिला, सिमान्तकृत र विशेषगरी क्वेयर समूदायका व्यक्तिहरु अनलाइन हिंसाको शिकार हुन्छन्।

समग्रमा महिला र सिमान्तकृत समूदायलाई गोपनीयता, पहुँचको अधिकार र डिजिटल सु-शासनमा सहभागी हुनबाट बन्चित गराइएको छ।[7] नागरिक प्रशासनदेखि मिडिया, उद्योग, प्राज्ञिक क्षेत्र लगायत सम्मको शासन व्यवस्थामै महिला र सिमान्तकृतको न्यून प्रतिनिधित्व छ। डिजिटल शासन विधिमा शक्तिशाली र पछाडि पारिएका वर्गबिचको स्पष्ट विभाजन पनि देखिन्छ। अन्तर्राष्ट्रिय समूदायले सिमान्तकृतहरु सहित सम्पूर्ण मानवहरुको अधिकारको सुरक्षा गर्ने लक्ष्यसहित मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) जस्ता सन्धिहरुको विश्वव्यापीकरण गरेको छ। नेपाल पनि ती सन्धिहरुको एक हस्ताक्षरकर्ता हो । विशेषगरी राष्ट्रिय कानुन नै प्रतिगामी हुने मुलुकहरुमा मानव अधिकारको वकालत गर्दा सन्दर्भ बिन्दुको रुपमा प्रयोग गर्नका लागि यी सन्धिहरुले विश्वव्यापी पहिचान र स्विकृति प्राप्त गरेका छन्। तथापि महिला र सिमान्तकृत समूदायको मानव अधिकार रक्षा गर्ने मामिलामा यी संरचनाहरु पनि प्रश्नभन्दा माथि भने छैनन्। कानुन निर्माण प्रक्रिया राष्ट्र-राज्य (यो पनि आफैंमा लादिएको अवधारणा हो जुन प्रायजसो बहिष्करणका सिद्धान्तहरुमा निर्मित हुन्छ) को बनावट र आगामी भू-राजनीतिबाट प्रभावित हुने गरेको छ।

जहाँ यिनीहरुको कार्यान्वियन हुनुपर्ने हो त्यहाँ पनि मुलुकको आफ्नै राष्ट्रवाद, लैंगिक राजनीति र भू-राजनीतिको अवस्थाले थप बाधाहरु सिर्जना गर्न सक्छन्।[8] अधिकारहरुको विश्वव्यापीकरण भन्नुको अर्थ कानुनले सबै मानिसहरुलाई "होमोजिनस" (सजातीय) समूहका रुपमा मात्र हेर्छ भन्ने पनि हो। उनीहरुले महिलाका लागि यस्ता कानुनहरु निर्माण गर्दा पनि वर्ग, लिंग, धर्म, राष्ट्रियता, वर्ण र यौनिकताबिचको अन्तरसम्बद्धता (इन्टरसेक्सनालिटी) लाई ध्यानमा नराख्न सक्छन्। वास्तविकतामा भने महिला विरुद्धका हिंसाले समाज, अर्थ, राज्य, राजनीति र सँस्कृतिको गठन र संरचनासँग सम्बन्ध राख्छन्।[9] गोपनीयताको हनन लिंगमा आधारित हिंसाकै अर्को पाटो हो। महिला विरुद्धका हिंसा, यसका कारण र परिणामहरु सम्बन्धमा संयुक्त राष्ट्र संघको विशेष प्रतिवेदनले यस पक्षलाई जोड दिन्छः

*"सन् २०१६ मा साधारण सभाको संकल्प ७१/१९१ ले यो डिजिटल युगमा गोपनीयताको हक हनन हुँदा महिलाहरुमा विशेष असर पर्ने कुराको पहिचान गरेर सम्पूर्ण राज्यहरुलाई यसको निवारणका उपायहरु विकास गर्नका निम्ति आह्वान गर्‍यो। सन् २०१७ मा मानव अधिकार परिषदले यसको संकल्प ३४/७ मार्फत सो आह्वानलाई पुनः समर्थन गर्दै डिजिटल युगमा गोपनीयताको अधिकार हनन हुनाले प्रमुख रुपमा असर पुग्ने महिला, बाल समुह , जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरु र सिमान्तकृत समूदायसहित सबै व्यक्तिहरु नै प्रभावित हुन सक्ने बतायो।"*[10]

गोपनीयता हननबाट प्रभावित महिला र सिमान्तकृत समूदायहरुको भोगाइको सन्दर्भमा मानव अधिकारका ढाँचाहरुलाई पुनः परिक्षण गर्न आवश्यक छ। यदि हामीले साधारणतया प्रयोग हुने समाजको दुई विभाजन "सार्वजनिक" र "नीजि" क्षेत्रलाई हेर्ने हो भने घरेलु हिंसालाई "नीजि मामिला"का रुपमा लिने गरेको पाइन्छ त्यसकारण यसमा प्रहरी र संस्थागत हस्तक्षेप असाध्यै कम हुने गर्दछ। यसले के संकेत गर्छ भने पुरुषको गोपनीयताको तुलनामा महिलाको गोपनीयताको उल्लङ्घन फरक तरिकाबाट गरिन्छ। उनीहरुको गोपनीयताको हक नियन्त्रण गरिन्छ र त्यसलाई बरु पुरुषको अधिकारको रुपमा लिइन्छ।[11] महिला र किशोरीहरुलाई अपमानित र लज्जित तुल्याउन उनीहरुको सहमतिबिना गोप्य तस्बिर वा फोटोसप गरिएका तस्बिर सार्वजनिक गरिदिने जस्ता लैंगिकतामा आधारित अनलाइन हिंसाका विभिन्न रुपहरु छन्। यसले उनीहरुको मर्यादित जीवन र हिंसारहित बाँच्न

7 Nepal, I., Maskey, J., & Karmacharya, S. (2017). Exploring the use of the internet among gender equality and sexual right advocates in Nepal: Erotics South Asia exploratory research. APC

8 Grewal, I., (1999). 'Women's rights as human rights': Feminist practices, global feminism, and human rights regimes in transnationality, Citizenship Studies, 3:3, 337-354, https://doi.org/10.1080/13621029908420719

9 Grewal, I., (1999). 'Women's rights as human rights': Feminist practices, global feminism, and human rights regimes in transnationality, Citizenship Studies, 3:3, 337-354, https://doi.org/10.1080/13621029908420719

10 UN Human Rights Council. (2018). Report of the Special Rapporteur on violence against women, its causes and consequences on online violence against women and girls from human rights perspectives.

11 Privacy International. (November, 2018). From Oppression to Liberation: Reclaiming the Right to Privacy. Privacy international.https://privacyinternational.org/sites/default/files/2018-11/From%20oppression%20to%20 liberation-reclaiming%20the%20right%20to%20privacy.pdf

पाउने अधिकारमाथिको अतिक्रमणलाई संस्थागत गर्छ।[12] यी सबै लिंगमा आधारित गोपनीयताका उल्लङ्घनहरु महिला, अल्पसंख्यक र उनीहरुको आधारभूत अधिकार अस्विकार गर्ने संस्थागत हिंसा र असमानताका उत्पादन हुन्।

गोपनीयताको अधिकार, अभिव्यक्तिको अधिकार र हिंसारहित बाँच्न पाउने अधिकार सबै आपसमा अन्तरसम्बन्धित छन्। कुनै एकको हनन भए अर्को अधिकारमा पनि तुरुन्त असर पर्छ।

## अनुसन्धानको उद्धेश्य

नेपालमा महिला र क्वेयर व्यक्तिहरु विरुद्ध हुने अनलाइन हिंसालाई सम्बोधन गर्दा प्रयोग गर्न सकिने कानुनी ढाँचाहरुको पहिचान गर्ने।

महिला र अल्पसंख्यक समूदायहरुले भोगेका अनलाइन हिंसा र दुर्व्यवहारका घटनाहरुको विश्लेषण गर्ने।

गोपनीयता, अभिव्यक्ति स्वतन्त्रता र हिंसारहित जिवन बाँच्न पाउने अधिकारको ढाँचाभित्र व्यवस्थित डिजिटल अधिकारको दायरासँग सम्बन्धित कानुनहरुको चित्रण गर्ने।

देशभित्र महिला अधिकारको पक्षमा काम गरिरहेका समूहहरुलाई महिला विरुद्धको हिंसा र अनलाइन हिंसाबिचको अन्तरसम्बद्धता बुझाउन सहयोगी अभिलेख तयार गर्ने।

## अध्ययनको क्षेत्र र विधि

यस खोजमूलक अनुसन्धानका लागि छनौट गरिएका राष्ट्रिय कानुन र नीतिहरुको समिक्षा र विश्लेषण लैंगिक दृष्टिकोणबाट (महिला र क्वेयर व्यक्तिहरुको लैंगिक हिंसा विरुद्धको न्यायका पक्षमा उभिंदाको अनुभव पुरुषहरुको भन्दा फरक हुने भएकोले) गरिएको छ। यहाँ समिक्षा गरिएका कानुनहरु-

- विद्युतीय कारोबार ऐन (२०६३)
- सूचना प्रविधि विधेयक (२०७५) मस्यौदा
- नेपालको नागरिक संहिता (२०७५)
- कार्यस्थलमा हुने यौन दुर्व्यवहार निवारण ऐन (२०७१)
- वैयक्तिक गोपनीयता सम्बन्धि ऐन (२०७५)
- र घरेलु हिंसा (कसुर र सजाय) ऐन (२०६६)

तथ्याङ्क संकलनको एउटा पाटोका रुपमा सन् २०१८ को मे र जुनमा हामीले सरकारी निकायभित्र र बाहिरका वकिलहरु र नेपाल प्रहरीको साइबर अपराध युनिटसँग गरी प्रमुख चार सूचनादाताहरु सँग अन्तर्वार्ताहरु सञ्चालन गर्‍यौं। त्यसैगरी हामीले सरकारी वकिलहरुको हिंसा सम्बन्धित अदालत र कार्यालयहरुको प्रतिवेदन, प्रमाण, बयान र अदालतको सुनुवाईसहित १५ वटा अनलाइन वा प्रविधिसँग सम्बन्धित कानुनी मुद्दाहरुको संकलन र समिक्षा गर्‍यौं। हामीले समिक्षा गरेका १५ वटा मुद्दाहरुमध्ये ८ वटाको सुनुवाई भएको थियो भने बाँकी मुद्दाहरु विचाराधीन अवस्थामा नै थिए। हाम्रो समिक्षामा साइबर अपराधभित्र पर्ने अनलाइन हिंसाका प्रकारहरु, मुद्दाको फाइलमा उल्लेखित प्रमाणको सूची, पीडक र पीडितबिचको सम्बन्ध र (उपलब्ध भएको खण्डमा) अदालतको निर्णय समावेश छ।

राज्य शक्तिले महिला विरुद्धका हिंसालाई कसरी लिन्छ भनेर बुझ्न नीति अभिलेख र अदालती सुनुवाई वा निर्णयहरुमा महिलाको शरीरको विषयमा प्रयोग हुने भाषाहरुलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गरेका छौं। साधारणतया अदालतले पीडकहरुलाई महिलाको गोपनीयता सम्बन्धि हक या स्वायत्ततामा अतिक्रमण गरेको आधारमा नभएर समाजले तोकिदिएको “इज्जत”को पितृसत्तात्मक धारणामाथि अतिक्रमण गरेका कारण सजाय दिएको छ। अदालतले समेत समाजले निर्धारण गरिदिएको “इज्जत”लाई महिलाको शरीर र यौनिकतासँग जोड्ने गर्छ। हाम्रो विश्लेषणले महिलाको सम्पूर्ण अस्तित्वलाई नै कसरी उसको यौनिकतामा मात्र सीमित गरिएको छ र कसरी महिलालाई एउटा “पीडित”को रुपमा मात्र हेरिन्छ जसको अस्तित्व रक्षाको लागि कानुन कै आवश्यकता छ भन्ने ठान्छ भन्ने बिषयमाथि प्रकाश पारेको छ।

हामीले यो प्रतिवेदनको लागि अन्तर्राष्ट्रिय सन्धि र सम्मेलनहरुबाट पनि सन्दर्भ अभिलेखहरु लिएका छौं। हामीले महिलावादी दृष्टिकोणबाट अन्तर्राष्ट्रिय सन्धि र सम्मेलनहरुको


12 UN Human Rights Council. (2018). Report of the Special Rapporteur on violence against women, its causes and consequences on online violence against women and girls from human rights perspectives.

आलोचनात्मक परिक्षण गरेका छौँ र राष्ट्रिय कानुनहरुले मानव अधिकारको अन्तर्राष्ट्रिय ढाँचा (विशेषगरी अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता र हिंसारहित बाँच्न पाउने अधिकार) लाई कसरी समेटेको छ भनेर मापन गर्नका निम्ति यी सन्धि, सम्मेलन र राष्ट्रिय कानुनहरुको तुलना पनि गरेका छौँ।

हाम्रो प्रमुख सूचनादाताहरु सँगको अन्तर्वार्तामा आएका भनाइहरु अनलाइनमा हुने लैंगिक हिंसाका मामिलामा सम्बन्धित व्यक्तिहरुले कसरी संरक्षणवादी दृष्टिकोण लिए भनेर विश्लेषण गर्ने कार्यमा पनि सहयोगी बने।

हामीले हाम्रो सूचनादाताहरुको समयको गाम्भीरता र महत्वका आधारमा डिजिटल अधिकार सम्बन्धि मुद्दाहरु, यस सम्बन्धित कानुन र नीति सम्बन्धि छलफलहरुलाई क्रमबद्ध गरेका छौँ। त्यसैगरी प्रतिवेदनमा घटना विश्लेषण र प्रमुख सूचनादाताका भनाइहरु छरिएको अवस्थामा छन्।

तीन मानव अधिकारका ढाँचासँग सम्बन्धित प्रत्येक अध्यायको निष्कर्ष विश्लेषणबाट आएका विषयगत क्षेत्रहरुसहित निकालिएको छ। हामीले सरोकारवालाहरुका लागि केही सुझावहरु समेट्दै यस प्रतिवेदनको समापन गरेका छौँ।



# अभिव्यक्ति स्वतन्त्रता

व्यक्तिहरुले कुनै दण्ड सजायको डरबिना आफ्ना विचारहरु व्यक्त गर्न सक्ने अवस्थाको प्रत्याभूतिले लोकतन्त्र, मानव अधिकार, स्वतन्त्रता र असल शासन विधि स्थापना गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ। संयुक्त राष्ट्र संघ मानव अधिकार परिषद (HRC) र साधारण सभा (GA) ले अभिव्यक्ति स्वतन्त्रतालाई लोकतान्त्रिक समाजको अत्यावश्यक आधारहरु मध्येको एक आधारको रुपमा पहिचान गरेको छ। उनीहरु समावेशी ज्ञानसहितको समाज र लोकतन्त्र निर्माण र अन्तरसाँस्कृतिक संवाद, शान्ति र असल शासन विधिलाई प्रोत्साहन गर्नमा स्वतन्त्र मिडियाको महत्वलाई जोड दिन्छन्।[13]

आजको डिजिटल युगमा इन्टरनेट अभिव्यक्ति स्वतन्त्रता अभ्यासको लागि महत्त्वपूर्ण माध्यम बनिसकेको छ र यो मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) र नागरिक र राजनीतिक अधिकारसम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि (ICCPR) ले प्रत्याभूत गरेको सूचनाको हक, सभा र संघको हकसँग जोडिएको छ। मूलधारका मिडिया र प्रकाशनमा प्रतिनिधित्व नभएको अवस्थामा मानिसहरु आफ्ना विचारहरु व्यक्त गर्नका निम्ति सामाजिक सञ्जाल र अनलाइन माध्यमहरुको प्रयोग गरिरहेका हुन्छन्।

इन्टरनेट प्रयोगको यो प्रचुरतासँगै राज्यहरुले इन्टरनेट र यसका सामाग्रीहरुलाई नियमन गर्ने नीतिहरु सार्वजनिक गरिरहेको देख्न सक्छौं। यी कानुनहरु व्यक्तिको अनलाइन अधिकार, राष्ट्रिय अखण्डता र सुरक्षाको प्रत्याभूति गर्ने आशयका साथ ल्याउने गरिन्छ। तथापि अधिकांश नियमहरुलाई इन्टरनेटबाट प्रसारित सामाग्रीहरुमाथि प्रतिबन्ध लगाउन, नियन्त्रण जमाउन, हेरफेर गर्न र सेन्सरसिप लगाउन पूर्व सार्वजनिक बहसबिना नै प्रयोगमा त्याइन्छ जसमा प्रायजसो फराकिलो र अस्पष्ट कानुनहरु प्रयोग गरिन्छ।[14] राष्ट्रिय सुरक्षा वा सार्वजनिक सदाचारका नाममा सरकारले इन्टरनेट र दूरसञ्चार सेवाहरु अवरुद्ध गरेको र अनलाइन पत्रकार र ब्लगरहरुलाई गिरफ्तार गरेको थुप्रै घटनाहरु छन्।[15]

सन् २०१९ मा भारत सरकारले नागरिक संशोधन विधेयकको विरोधमा उठेका आवाजहरु दबाउन गरेको प्रयाससहित भारतमा अन्य राजनीतिक कारणहरुका लागि इन्टरनेट बन्द गरिएको ९८ वटा घटनाहरुको अभिलेख थियो।[16] भारतको अलवा बङ्गलादेश, कंगो, इजिप्ट, इण्डोनेसिया, इरान, इराक, सुडान, म्यानमार र जिम्बावे सरकारले पनि जनताको सुरक्षा र मिथ्या सूचनाको प्रसार रोक्ने बहानामा इन्टरनेट बन्द गरेका थिए।[17]

संयुक्त राष्ट्र संघ विचार र अभिव्यक्ति स्वतन्त्रता संवर्द्धन र संरक्षण सम्बन्धि प्रतिवेदन ले पनि विभिन्न देशहरुमा बढ्दो संख्यामा भइरहेको अभिव्यक्ति स्वतन्त्रता कटौतिको विषयमा चासो व्यक्त गरेको छ। प्रतिवेदनले मिडिया, आलोचनात्मक आवाज र अभियान्ताहरुलाई कमजोर पार्नका निम्ति आतंकवाद र अन्य आपराधिक क्रियाकलाप विरुद्धका नीति र कानुनहरुको प्रयोग भइरहेको छ भनेर प्रकाश पारेको छ। यस्तो तरिकाबाट खुल्ला र सुरक्षित इन्टरनेटमा खतरा निम्तिने गर्दछ।

फ्रिडम फोरम नेपाल (प्रेस स्वतन्त्रताको पक्षमा काम गरिरहेको

13 United Nations Human Rights Council (2016) Report of the Special Rappouter on the promotion and protection of freedom of opinion and expression. United Nations General Assembly. https://www.undocs. org/A/71/373

14 Sigdel.S, Aryal.T.R. & Maharajan. R. (2001). Freedom of Expression on the Internet in Nepal. Internet Society Nepal. https://internetsociety.org.np/wp-content/uploads/2018/05/FoE-on-Internet_Publication.pdf

15 United Nations Human Rights Council (2016) Report of the Special Rappouter on the promotion and protection of freedom of opinion and expression. United Nations General Assembly https://www.undocs. org/A/71/373

16 Nazmi,S. (2019, December 19). Why India shuts down the Internet more than any other Democracy? BBC. https://www.bbc.com/news/world-asia-india-50819905

17 Human Rights Watch. (2020). Shutting down the internet to shut down critics. World Report 2020. https:// www.hrw.org/world-report/2020/country-chapters/global-5

संस्था) ले २०१८ अप्रिलदेखि २०१९ को अवधिमा भएका जम्मा १०४ वटा प्रेस स्वतन्त्रता हननका मुद्दाहरुको सूची तयार पारेको छ।[18] साइबर अपराध युनिट काठमाण्डौंमा विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गत "सामाजिक सञ्जालमा अनुचित पोस्ट" गरेको आरोपमा १०४ वटा घटनाहरु दर्ता भएका छन्।[19] इतिहासमा फर्केर हेर्दा, नेपालमा कुनै पारदर्शी संयन्त्र बिना नै राज्यले इन्टरनेट र त्यहाँ उपलब्ध सामग्री ब्लक र फिल्टर गरेको भेटिन्छ। चाहे त्यो २०५७ सालको राजकीय कु होस् या २०५२ -२०६२ को जनयुद्द या २०७६ मा सरकारले अंतरंगी सामग्री प्रकाशन गर्न निषेध गरेको आदेश होस्, राज्यले छिटपुट रुपमा यस्तो कदम लिदै आएको छ [20]।

इन्टरनेट सोसाइटी नेपालको प्रतिवेदन ले पनि नेपाल सरकारले कुनै पारदर्शी संयन्त्र बिना नै इन्टरनेट अवरुद्ध र परिष्कृत गर्ने कार्य गरिरहेको भनेर उल्लेख गरेको छ।

अनलाइन माध्यममा आउने विरोधका आवाजहरुमा अंकुश लगाउन बारम्बर विद्युतीय कारोबार ऐनको प्रयोग गरिएको छ। अनुकल्प समाचारपत्रका सम्पादक अर्जुन थपलियालाई एउटा फेसबुक कमेन्टका कारण पक्राउ पूर्जी बिना नै गिरफ्तार गरिएको थियो। उनलाई विद्युतीय कारोबार ऐनको प्रावधान अन्तर्गत गिरफ्तार गरिएको थियो।[21] हालसालै २०२१, मे १४ मा प्रधानमन्त्रीसहितका राजनीतिज्ञहरुको तस्बिर बिगारी फेसबुकमा राखेका कारण तोरणराज पौडेललाई पक्राउ गरियो।[22] उनलाई सार्वजनिक नैतीकतामा बाधा पुर्‍याएको र सामाजिक सञ्जालमा अफवाह फैलाएको आरोप लाग्यो उनलाई पनि सोही ऐन अन्तर्गत आरोप लगाइयो। केही समयअघि २०२०, अप्रिल २८ मा विद्यार्थी नेता रिता रिजाललाई साइबर अपराधको आरोपमा पक्राउ गरियो।[23] उनले फेसबुकमा एक पूर्व प्रहरी अधिकृतमाथि लागेको सांसद अपहरणको आरोपको विषयमा लेखेर पोस्ट गरेका थिए जुन विषय त्यसबेला व्यापक रुपमा सार्वजनिक छलफलमा आइरहेको थियो।

राष्ट्रिय र पक्षपाती राजनीतिसँग सम्बन्धित द्वन्द्वका अलावा (उदाहरणका लागिः राज्य शक्ति विरुद्ध नागरिक) अभिव्यक्तिका अन्य प्रकारहरु पनि निशानामा पर्छन्। यस विश्लेषणमा अल्पसंख्यकहरुको अभिव्यक्तिहरु सबैभन्दा धेरै निरिक्षण र आक्रमणमा पर्ने हुनाले अभिव्यक्ति स्वतन्त्रताको अवलोकन अन्तरसम्बद्धताको दृष्टिकोणबाट गर्नुपर्छ भनेर बुझ्न निकै महत्वपूर्ण छ। यस भित्र यौनिक अभिव्यक्ति एक महत्वपूर्ण आयाम हो जसलाई राज्य र गैर-राज्य अभिकर्ताहरुले नियन्त्रण गर्न खोजेका छन्। यौनकर्मी र एलजिबिटीआइक्यू समूदायजस्ता सिमान्तकृतहरुका महिलावादी र क्वेयर अभिव्यक्तिहरु निगरानी, नियमन र प्रतिबन्धमा पर्छन्।

नेपालले सन् २०१८ मा पोर्नोग्राफीमाथि प्रतिबन्ध लगायो। यसलाई राज्यले महिला, बालिका र किशोरीहरुमाथि हुने यौन हिंसा कम गर्ने बहानामा कसरी खुल्ला र स्वतन्त्र इन्टरनेटमाथिको पहुँचमा अंकुश लगाउने काम गर्छ भनेर एक उदाहरणको रुपमा लिन सकिन्छ। यस्ता प्रतिबन्धहरु नैतीक पुलिसिङ, सेन्सरसिप, असमान नागरिकता अधिकारका ठूला प्रश्नहरुसित जोडिएका छन्। निम्नलिखित अध्यायहरुमा नेपालको कानुनी प्रावधानले अभिव्यक्ति स्वतन्त्रता, व्यक्तिको यौनिक अभिव्यक्ति र अनलाइनमा हुने लैंगिक हिंसालाई कसरी सम्बोधन गर्छ भन्ने विषयमा छलफल गरिनेछ।

# कानुनी मापदण्ड र विश्लेषण

## संविधान

नेपालको संविधानले धारा १७ (२) (क) अन्तर्गत अभिव्यक्ति स्वतन्त्रता र विचारको अधिकार आधारभूत अधिकारको रुपमा प्रदान गर्दछ। संविधानको धारा १९ ले प्रेस, प्रकाशन र प्रसारणको अभिव्यक्ति स्वतन्त्रताको पनि प्रत्याभूति दिन्छ। संविधानले कुनै पनि समाचार सामाग्री, लेख, सम्पादकीय वा अन्य पठन सामाग्री वा श्रव्य दृश्य सामाग्रीको प्रकाशन, प्रसारण

18 Freedom Forum. (2019) Regressive laws, Mounting Violations. http://freedomforum.org.np/wp-content/ uploads/2019/05/May-3-Report-2019.pdf

19 Nepal Government's new Information Technology bill draws battle lines against free speech. The Kathmandu post, Feb.15,2019. https://kathmandupost.com/national/2019/02/15/nepal-governments-new-informationtechnology-bill-draws-battle-lines-against-free-speech

20 Sigdel, S et al. (2018). Freedom Of Expression on the Internet in Nepal. Internet Society Nepal, 2018, pp. 23.

21 Incident Reports. (2016). Newspaper editor arrested. Nepal Monitor. https://nepalmonitor.org/reports/ view/12356

22 Freedom Forum. (2020, May 14). Police arrested citizen for sharing image on facebook. http:// nepalpressfreedom.org/main/issue-single/1174

23 Freedom Forum (2020, April 29). Rita Rijal: A student leader arrested for writing in social media under cyber crime. http://nepalpressfreedom.org/main/issue-single/1165

र छपाइ सेन्सरसिपको अधिनमा रहने छैनन् भन्छ।[24]

यद्यपि, संविधानले सामान्यतया राष्ट्रिय हितको सुरक्षाको नाममा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्धहरु पनि लगाउँछ।

## विद्युतीय कारोबार ऐन (ETA)

विद्युतिय कारोबार ऐन २०६३, धारा ४७ (१) ले कम्प्यूटर वा इन्टरनेटको माध्यमबाट "सार्वजनिक नैतीकता वा शिष्टाचार विरुद्धका" र "सामाजिक सद्भाव" वा "घृणा र ईर्ष्या फैलाउने" कुनै पनि सामाग्रीको प्रकाशन वा प्रसारण गर्न निषेध गर्छ। "सामाजिक सद्भाव"मा पर्ने हानी निवारण गर्ने बहानामा यसले अनलाइन अभिव्यक्तिहरुलाई पनि अपराधीकरण गर्ने गर्छ। यो ऐनले अनलाइन हिँसालाई सम्बोधन गर्दा "ब्लाङ्केट अप्रोच" अर्थात समान/सोलोढोलो दृष्टिकोण अनुसरण गर्दछ र यौनिक/कामुक सामाग्रीहरु निर्माणमा व्यक्तिहरु आफैले दिएको मञ्जुरीलाई ध्यान दिंदैन। यसकारण "अश्लीलता" वरपर राखिएका वाक्यांशहरु यौनिक अभिव्यक्ति अधिकार कटौति गर्नको निम्ति प्रयोग हुन सक्छ।

## अपराध संहिता

अपराध संहिता अन्तर्गत देशको सार्वजनिक लाभ, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतीक ता सम्बन्धि अध्याय १२१ ले अनैतीकता र कामुकता प्रवर्द्धन गर्ने "अश्लील" पुस्तक र पुस्तिका उत्पादन, खरिद, प्रकाशन, प्रचार (विद्युतीय माध्यमबाट), प्रदर्शन र विज्ञापन गर्न, साथमा राख्न वा बहालमा लगाउन निषेध गर्दछ। यो प्रावधानले व्यक्तिहरुबिच एकअर्काको मंजुरी लिएरै यस्ता सामाग्री साटासाट हुन सक्ने सम्भावनालाई ध्यान दिंदैन। यसरी यस प्रावधानले स्व-अभिव्यक्ति र यौनिक अभिव्यक्तिको अपराधीकरण गर्ने सम्भावना हुन्छ।

अपराध संहिताको दफा २९३ ले कुनै सार्वजनिक बयानको लागि नभएसम्म "सक्षम अधिकारी"को अनुमति वा संलग्न व्यक्तिको सहमति बिना अरुको कुराकानी सुन्न वा रेकर्ड गर्न निषेध गर्छ। संहिताको दफा २९४ ले कानुनी बाध्यता नभएसम्म कुनै पनि सार्वजनिक व्यक्तित्वको नितान्त व्यक्तिगत जानकारी र अनुमति बिना कसैको पनि गोप्य जानकारी सार्वजनिक गर्न निषेध गर्छ। यी दुई प्रावधानले सहमतिको पहिचान गर्दा गर्दै पनि यिनीहरुले अभिव्यक्ति स्वतन्त्रता र विशेषगरी प्रेस स्वतन्त्रतामा अंकुश लगाउने सम्भावना भने उतिकै छ।

दफा ३०६ ले कुनै पनि जिवित वा मृत व्यक्तिको प्रतिष्ठामा हानी पुऱ्याउने वा उनीहरुको परिवार/आफन्तको भावनामा चोट पुऱ्याउने गरी कुनै पनि माध्यमबाट गरिने मानहानीलाई अपराध मान्दछ। तथापि प्रमाणले साथ दिएको वा सार्वजनिक भलाईको लागि भएको, सम्बन्धित व्यक्तिलाई सावधान गराउन वा शक्तिमा आसिन व्यक्तिहरुको आलोचना गर्न वा अनुसन्धानको एउटा पाटोको रुपमा आएको अभिव्यक्ति भएको खण्डमा अपवाद मानिएको छ। यी प्रावधानले केही निश्चित अभिव्यक्तिलाई छुट दिदा दिदै पनि यसका अस्पष्ट वाक्यांशहरुका कारण इन्टरनेटको यौनिक अभिव्यक्तिजस्ता वैध अभिव्यक्तिहरुको पनि अपराधीकरण हुने सम्भावना छ।

दफा १२२ ले गोप्य अंगहरु देखाउन, "अश्लील व्यवहार" गर्न वा सार्वजनिक स्थलमा "अश्लील" कुराकानी गर्न निषेध गर्छ। "अश्लील" र "छाडा" जस्ता शब्दहरुको अस्पष्टता सामान्यतया यौनिक अर्थ बोक्ने कामुक विषयवस्तु वा सामाग्रीहरुको सन्दर्भमा प्रयोग गरिन्छ। यो प्रावधानले यौनिक अभिव्यक्ति स्वतन्त्रता कटौति गर्न सक्छ। अधिकार प्राप्त अधिकारीहरुले अनलाइन र अफलाइन दुबैमा नैतीक पुलिसिङ गर्नका निम्ति यी प्रावधानहरुको प्रयोग गर्न सक्छन्। व्यक्तिहरुको व्यवहार "नैतीक " कि "अनैतीक " छ भनेर पहिचान गर्न उनीहरुमाथि गरिने निगरानीले मानिसहरुको गोपनीयतालाई खुम्च्याउने काम गर्छ र यसले यौनकर्मी, पारलिंगी व्यक्ति, बालिका तथा किशोरी र महिला इत्यादि समूहहरुलाई प्रतिकूल असर गर्न सक्छ।

## वैयक्तिक गोपनीयता सम्बन्धि ऐन

वैयक्तिक गोपनीयता सम्बन्धि ऐनको धारा १८.२ ले कुनै पनि व्यक्तिको चरित्र, आचरण र व्यवहारबारे सोधपुछ गर्नुपर्ने कानुनी आवश्यकता बाहेकको अवस्थामा कुनै पनि व्यक्तिको चरित्रमाथि टिप्पणी गर्न निषेध गर्छ। महिला र सिमान्तकृत समूदायमाथि हुने दुर्व्यवहार र "स्लट-सेमिङ" ("अनैतीक वा यौन उत्तेजक व्यवहारमा संलग्न भएको" भन्ने अर्थमा महिलालाई कलंकित बनाउने कार्य) लाई सम्बोधन गर्न यस प्रावधानको प्रयोग गर्न सकिन्छ। यद्यपि, "चरित्र" निकै नै अस्पष्ट शब्द हो र यसको लैंगिक र राजनीतिक अर्थ छ। विशेषगरी कुनै व्यक्तिले सरकारी अधिकारीहरुको आलोचना गरेको परिस्थितिमा यो प्रावधानको दुरुपयोग हुन सक्ने अत्याधिक सम्भावना हुन्छ।

## सूचना प्रविधि विधेयक

सूचना प्रविधि विधेयक २०७६ अन्तर्गत अनलाइन हिंसा र अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित रहेर विभिन्न प्रावधानहरु

24 Constitution of Nepal. 2015. http://extwprlegs1.fao.org/docs/pdf/nep155698b.pdf

प्रस्तावित भएका छन्। सूचना प्रविधि विधेयकको धारा ८३ ले साइबर दुर्व्यवहारलाई निषेध गर्छ जसलाई कुनै व्यक्तिमाथि "निरन्तर दुर्व्यवहार गर्ने, जिस्काउने, होच्याउने, हतोत्साहित बनाउने, अपमान गर्ने वा गाली गलौज गर्ने" कार्यका रुपमा परिभाषित गरेको छ। तथापि कति समयको अवधिलाई "निरन्तर" मानिने भनेर स्पष्ट चाहिं छैन।

विधेयकको धारा ८६ ले कुनै पनि विद्युतीय माध्यमबाट पोर्नोग्राफिक सामाग्रीको उत्पादन, संकलन, वितरण, प्रकाशन, प्रदर्शनी, प्रसारण वा खरिद गर्न निषेध गर्छ। विधेयकको धारा ८७ ले कुनै पनि व्यक्तिलाई यौन शोषण गर्ने वा अवैध गतिविधि सञ्चालन गर्ने नियतसहित अर्को व्यक्तिसँग अनलाइन सम्बन्ध कायम गर्नको लागि विद्युतीय माध्यमहरुको प्रयोग गर्न निषेध गर्छ। यी प्रावधानहरुभित्र सम्बन्धित व्यक्तिहरुको सहमति/मन्जुरीको ख्याल गरिएको छैन जसले सहमतिमा हुने क्रियाकलाप विरुद्ध पनि मुद्दा चल्ने सम्भावना तर्फ डोऱ्याएको छ। यो विधेयकबाट यौनकर्मीहरु अत्याधिक प्रभावित हुन सक्छन्।

धारा ८८ (१) र (२) ले नेपालको सार्वभौमसत्ता र राष्ट्रिय एकतामाथि आक्रमण गर्न, साम्प्रदायिक विसंगति त्याउन, भेद्भाव निम्त्याउन वा सार्वजनिक आचरण र नैतीक ता विरुद्ध कार्य गर्नबाट विद्युतीय माध्यमको प्रयोगलाई निषेध गर्छ।

सोही विधेयकको धारा ९१ ले सूचना प्रविधि विभागमा दर्ता नभएको खण्डमा सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने उल्लेख गर्छ।

धारा ९२ मा सूचना प्रविधि विभागले "आपत्तिजनक सामाग्री"जस्ता विस्तारित वाक्यांशको आधारमा मनोमानी ढंगले सामाजिक सञ्जालहरुबाट सामाग्री हटाउन सक्ने प्रावधान उल्लेख छ।

यी प्रावधानहरुले अख्तियार प्राप्त अधिकारीहरुलाई व्यापक शक्ति प्रदान गर्छन्।

# निष्कर्ष

अनलाइन माध्यमहरुलाई नियमन गर्न बनेका राज्यका नीतिहरु सुरुवातमा व्यक्तिहरुको डिजिटल अधिकारको सुरक्षा गर्ने आशयका साथ बनाइएको भन्ने गरिएता पनि यसबाट ती अधिकारहरुमाथि नै अंकुश लाग्ने सम्भावना हुन्छ। अनलाइन अधिकारहरुको उल्लङ्घन यी प्रमुख क्षेत्रहरुमा हुन सक्छन्:

## कानुनमा अस्पष्टता

सार्वजनिक नैतीकता, अभद्रता, अश्लीलता, सार्वजनिक आचरण इत्यादीका नाममा अभिव्यक्ति स्वतन्त्रतामाथि हुने प्रतिबन्धहरुको अर्थ स्पष्ट छैन। यी वाक्यांशहरु व्यक्तिपरक र खुल्ला रुपमा जसरी पनि व्याख्या गर्न सकिने किसिमका छन्। यी वाक्यांशहरुको प्रयोग गरिएको धाराहरुमा यिनीहरुलाई स्पष्ट रुपले परिभाषित गरिएको छैन। यो अस्पष्टताले शक्तिमा हुने व्यक्तिहरुले आफ्नो सुविधाअनुरुप यसलाई परिभाषित गर्न सक्ने ठाउँ छोड्छ र व्यक्तिहरुको स्वतन्त्र अभिव्यक्तिमा खतरा निम्त्याउँछ।

यहाँ ध्यान दिन जरुरी छ कि बाल पोर्नोग्राफी, मानहानी, प्रत्यक्ष वा सार्वजनिक रुपमा नरसंहारका लागि उक्साउने कार्य र विभेद, दुश्मनी वा हिंसा भड्काउने कार्यलाई प्रोत्साहन दिने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको वकालत गर्ने कार्यजस्ता केही सूचनाका प्रकारहरु वैध रुपमा नै प्रतिबन्धित हुन सक्छन्।

तथापि, धाराहरुमा प्रयोग भएका वाक्यांशहरुलाई यसरी स्पष्ट रुपमा परिभाषित गरिएको छैन जसको कारण वैध अभिव्यक्तिहरुको अपराधीकरण गर्नका निम्ति यस कानुनको प्रयोग हुन सक्ने खतरा छ।

## अभिव्यक्ति माथिको प्रतिबन्धलाई वैधता दिनु

अघिल्लो खण्डमा व्याख्या गरिएका धाराहरुले अभिव्यक्तिको अधिकारलाई नियन्त्रण गर्ने र सीमित बनाउने सम्भावना खुल्ला गर्छन्। यी प्रतिबन्धहरु सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र राष्ट्रियता कमजोर बनाउने, घृणा फैलाउने, नेपालको सामाजिक साँस्कृतिक र भूराजनीतिक सद्भावमा खतरा निम्ताउने जस्ता अक्सर अस्पष्ट रुपमा व्याख्या गरिएका कार्यहरुमा लागू हुन्छन्। यी प्रतिबन्धहरु यति व्यापक छन् कि यसले धेरै किसिमका राजनीतिक बिरोधी/ प्रतिरोधकर्तालाई कारबाही गर्न सक्ने सम्भावना छ। नेपालको सामाजिक राजनीतिक असमानताहरुलाई ध्यानमा राख्दै शक्तिमा हुने व्यक्तिहरुले राज्य र सामाजिक विभेद विरुद्धका आलोचनालाई "सामाजिक सद्भाव" वा राष्ट्रिय सार्वभौमसत्ता माथिको आक्रमणजस्ता नाम दिएर गलत रुपमा अर्थाउन सक्ने सम्भावना छ।

अनलाइन हिंसा सम्बोधन गर्ने यो "ब्लाङ्केट अप्रोच" अर्थात समान/सोलोढोलो दृष्टिकोणले राजनीतिक प्रतिरोधी र सिमान्तकृत आवाजहरुलाई झनै जोखिममा पार्छ। राज्यबाट हुने

हिंसा, बहिष्करण वा सामाजिक विभेदजस्ता आफ्नै समूदायका गम्भीर मुद्दाहरुको विषयमा आवाज उठाउँदा मात्र पनि कानुनी परिणाम झेल्नुपर्ने जोखिम हुन सक्छ।

नेपालको न्यायपालिकामा रहेका व्यक्तिहरु सार्वजनिक छानबिनमा पर्ने गरी विभिन्न विवादास्पद घटनामा मुछिएको स्थितिलाई हेर्दा "अदालतको अवहेलना" वरपर राखिएका वाक्यांशहरुलाई पनि बहसमा ल्याउनुपर्ने देखिन्छ।

प्रतिबन्धको अर्को आधार "सार्वजनिक शिष्टाचार वा नैतीकता" विरोधाभास ल्याउने विषय वा सामाग्री हो। यौन रुढिवादी र विषमनियात्मक (हेट्रोनर्मेटिभ) नेपाली समाजको परिदृश्य नियाल्दा यौनिक तथा लैंगिक अल्पसंख्यक र अन्य समूहहरुको यौनिक अभिव्यक्तिहरु "सार्वजनिक शिष्टाचार"मा बाधा पुऱ्याएको कारण छानबिनको प्रक्रिया भित्र पर्न सक्छन्। धेरै व्यवहारहरुमा व्यक्तिको सहमति ख्याल गरिदैन जसको अर्थ हो एकअर्काको सहमति लिएका वयस्कहरु बिचको व्यवहार पनि तेस्रो पक्षको हस्तक्षेपबाट कारबाहीमा पर्न सक्छ।

यस्ता वाक्यांशहरुबाट अनलाइन मार्फत स्थापित हुने गैर-विषमनियात्मक (Non-heteronormative) घनिष्टताको अभिव्यक्तिहरुलाई सर्व-स्विकार्य बनाउन प्रयासरत एलजीबिटीक्युआइए सम्बन्धित अभियानहरु पनि जोखिममा पर्न सक्छन्।

## अधिकारीहरुलाई अनुचित/व्यापक शक्ति

कानुनी धाराहरुमा प्रयोग भएका अस्पष्ट शब्दावलीहरुले वैध अभिव्यक्तिहरुलाई पनि राष्ट्रिय तथा सामाजिक सद्भाव र एकतामाथिको आक्रमणको रुपमा अर्थाउन सक्ने ठाउँ दिन्छ। सार्वजनिक शिष्टाचार, नैतीकता वा राष्ट्रिय सार्वभौमसत्ता माथिको आक्रमण अन्तर्गत के पर्छ भनेर राज्यले गर्ने व्याख्यामा निर्भर हुन्छ। यसबाट अधिकारीहरुले आफ्नो स्वार्थअनुरुप ती धाराहरुको मनोमानी तरिकाले व्याख्या गर्न सक्ने खतरा ल्याउँछ।

यसको अतिरिक्त, अभिव्यक्ति स्वतन्त्रतालाई नियमन गर्ने कानुनहरु कुनै पनि राजनीतिक, व्यापारिक र अरु अनुचित प्रभावहरुबाट स्वतन्त्र रहने निकायहरुले लागू गराउनुपर्छ। यी कानुनहरुलाई मनोमानी वा विभेदपूर्ण ढंगबाट लागू गर्ने होइन बरु आइपर्ने विभिन्न चुनौतीको सम्भावनालाई पनि ध्यानमा राखेर, त्यस्तो कानुन कार्यान्वयनबाट पर्न सक्ने नकारात्मक असर समाधान गर्ने उपाय समेत उल्लेख गरेर, हिंसा विरुद्धका पर्याप्त सुरक्षा उपाय समेटेर मात्र लागू गर्नु पर्छ।[25]

नागरिकहरुका स्वतन्त्र अनलाइन अभिव्यक्तिहरुलाई सीमित बनाउन राज्य र नीजि क्षेत्रका अभिकर्ताहरुले फरक फरक विधिहरुको प्रयोग गर्छन्। ती मध्ये अनलाइन अभिव्यक्तिहरु दबाउन बिभिन्न अपराध सम्बन्धित कानुनहरुको प्रयोग गर्नु एउटा बाटो हो भने अर्को चाहिँ प्रविधिमा आधारित बिधिहरु जस्तै फिल्टर र ब्लकिंगको प्रयोग गर्दै अनलाइन सामाग्रीहरु माथिको पहुँचमा रोक लगाउनु हो। नेपालमा पोर्न प्रतिबन्ध हुनु यसैको एउटा उदाहरण हो। अक्सर व्यक्तिगत प्रतिष्ठाको सुरक्षा, राष्ट्रिय सुरक्षा वा आतंकवाद विरुद्धको चुनौती, महिला र अल्पसंख्यकहरुलाई हिंसाबाट जोगाउने जस्ता बहानामा यस्ता अधिकार कटौती गर्ने कामहरुको पुष्टि गरिन्छ तर वास्तविकतामा भने यिनीहरुको प्रयोग सरकारी र अन्य शक्तिशाली संस्थाहरुलाई मन नपर्ने वा उनीहरु सहमत नहुने सामाग्री माथि सेन्सर लगाउन प्रयोग गरिन्छ। यस्ता मापदण्डहरुले सामाजिक मुद्दाहरुको प्रतिक्रियाशील र द्रुत समाधान गर्ने झुटो आश्वाशन बोकेको हुन्छ र प्रायजसो मानिसहरुलाई उद्दार र मुक्त गर्ने संरक्षणवादी दृष्टिकोणबाट सिर्जित हुन्छन्। यौन हिंसाको विषय सम्बोधन गर्ने उपयुक्त तरिका इन्टरनेटका सामाग्रीहरुमाथि सेन्सर लगाउने भन्दा मानिसहरुलाई सशक्त बनाउने, उनीहरुको यौनिक स्वायत्तताको सम्मान गर्ने र यौन अपराधीहरुलाई सजाय दिने आदी हुन सक्छन्।[26]

यद्यपि, धेरै घटनाहरुमा राज्यहरुले कुनै कानुनी आधार बिना वा व्यापक र अस्पष्ट कानुनको आधारमा उद्धेश्य पुष्टि नगरीकनै इन्टरनेटमा प्रसारित सामाग्रीहरुमा प्रतिबन्ध लगाउने, नियन्त्रण, सेन्सर र हेरफेर गर्ने गर्दछन्। यी कार्य अनावश्यक मात्र नभइ कानुनको लक्ष्य प्राप्तिमा नै बाधा पुऱ्याउने किसिमका हुन्छन्। यस्ता कार्यहरु अन्तर्राष्ट्रिय मानव अधिकार कानुन अन्तर्गत राज्यको दायित्वसँग अमिल्दा हुन्छन् र यिनीहरुले प्रायजसो विचार र अभिव्यक्ति स्वतन्त्रतामा व्यापक "चिलिङ इफेक्ट" (कानुनी कारबाही गर्दै नागरिक अधिकारको बैधानिक उपभोग गर्न निरुत्साहित पार्ने अवस्था ) सिर्जना गर्छन्।

25 Sigdel, S et al. (2018). Freedom Of Expression on the Internet in Nepal. Internet Society Nepal, 2018, pp. 5


26 Kayastha, S. (2018, October 1) The problem with Nepal's Porn Ban. The Record. https://www.recordnepal. com/perspective/policing-sexuality-porn-ban-in-nepal/

# घटना अध्ययन

नेपालमा प्राविधिक कम्पनीको लागि काम गरिरहेका क्यानेडली नागरिक रोबर्ट पेनरले सामाजिक सञ्जालमा नेपालका सिमान्तकृत समूदायहरुको अधिकार र नेपाली महिलाहरुको नागरिकता अधिकारसम्बन्धि संविधानको असमान प्रावधान सहितका राजनीतिक मुद्दाहरुका विषयमा बारम्बार टिप्पणी लेखेका थिए। सन् २०१६ मा उनलाई "सामाजिक विसंगति फैलाउने उद्धेश्यले ट्विटरमा उत्तेजक सन्देश लेखेको" आरोप लगाउँदै २६ घण्टाको लागि हिरासतमा राखियो र त्यसपछि आप्रवासन विभागद्वारा निर्वासित गरिएको थियो।[27]

सरकारी अधिकारीहरुले रोबर्ट पेनरले "सामाजिक सञ्जाल मार्फत नेपालका विषयमा अनावश्यक सन्देश फैलाइरहेको" दाबी गरेका थिए तर कसले उनीमाथि उजुरी गरेको भनेर स्पष्ट पारेनन्। रोबर्ट पेनरको निर्वासन नै सामाजिक सञ्जालमा गरेका पोस्टहरुको आधारमा कुनै विदेशी नागरिकलाई देशबाट निकालिएको पहिलो घटना थियो। जबकि रोबर्ट पेनरले लिएका अडानहरु आफैंमा मौलिक थिएनन् र ती मुस्किलले मात्र नेपालका अल्पसंख्यक अधिकारको वकालत र महिला अधिकारको पक्षमा काम गरिरहेका अभियान्ताहरुको प्रतिध्वनि थिए। उनको गिरफ्तारी र निर्वासनले बृहत अभियानहरुको समुदायमा 'चिलिङ इफेक्ट' सिर्जना गऱ्यो र नेपालमा दक्षिणपन्थी धारको राजनीतिलाई थप सशक्त बनाउने काम गऱ्यो।

27 Sha, S., and Quet, M. From Expression to Expulsion: Digital Public Spaces as Theatres of Operations in Nepal. Science, Technology and Society, 2020, pp. 386–403.



# गोपनीयता

गोपनीयता एउटा परिघटना हो जसले हामीलाई बाहिरी विश्वसँग अन्तरक्रिया गर्दा हाम्रो सीमाहरुको व्यवस्थापन गर्न र नचाहेका हस्तक्षेपहरुबाट जोगिन सहयोग गर्छ।[28] यो मानिसहरुको व्यक्तिगत स्वायत्ततासँग प्रत्यक्ष सम्बन्धित छ र अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धि सन्धिहरु अनुसार यो एउटा निरपेक्ष अधिकारको रुपमा स्थापित भइसकेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १२ र नागरिक र राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलनको धारा १७ ले गोपनीयताको अधिकार प्रत्याभूत गरेका छन् जसले कुनै पनि व्यक्तिको गोपनीयतामा मनपरी र अवैध हस्तक्षेप र उसको सम्मानमाथि आक्रमण हुने छैन भनेर उल्लेख गरेका छन्। यी दुबै अन्तर्राष्ट्रिय ढाँचाहरुमा एक हस्ताक्षरकर्ताको रुपमा रहेकोले नेपाल आफ्ना नागरिकहरुलाई उनीहरुको गोपनीयतामाथिको हस्तक्षेपबाट जोगाउन बाध्य छ।

गोपनीयताको उल्लङ्घनले व्यक्तिगत स्वायत्ततामा प्रत्यक्ष असर गर्छ र यो नागरिक र राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलनले समेटेको आत्मनिर्णयको अधिकार (धारा १.१), आन्दोलन स्वतन्त्रताको अधिकार (धारा १२), संघ स्वतन्त्रताको अधिकार (२२), धार्मिक स्वतन्त्रताको अधिकार (धारा १७), अभिव्यक्ति स्वतन्त्रताको अधिकार (धारा १९) र गोपनीयताको अधिकार (धारा १७) सहितका अन्य नागरिक स्वतन्त्रतासँग जोडिएको छ।[29] नेपालको संविधानले पनि धारा २८ मार्फत नागरिकहरुको गोपनीयताको अधिकार सुनिश्चित गरेको छ।

गोपनीयता वरपरका नीतिहरुले "नीजि" र "सार्वजनिक"बिचको "ग्रे एरिया" ध्यानमा नराखीकनै नीजि जिवनसँग सम्बन्धित सूचनाको सुरक्षामा जोड दिन्छन्। नीजि के हो र सार्वजनिक के हो भन्ने बिचको अस्पष्टता, सूचना कोसँग सम्बन्धित हो, उनीहरुको सामाजिक-राजनीतिक स्थिति के हो र गोपनीयताको हननबाट उनीहरुमा कस्तो प्रभाव पर्छ त्यसैमा निर्भर हुन्छ।

*"हामीले गोपनीयताको अधिकारलाई एउटा तटस्थ र अनिवार्य अधिकारको रुपमा बुझ्दै गर्दा कहिलेकाहीँ हामी यसभित्रका जटिल समस्याहरुसँग जुध्न र गोपनीयताको अवधारणालाई नै आफु अनुकुल परिभाषित गर्ने र त्यसको दुरुपयोग गर्ने तत्वहरुसँग संघर्ष गर्न नसक्ने स्थितिमा पुग्छौं।"*[30]

हामीले यो बहसलाई नीजि र सार्वजनिक दुई विभाजन मात्रको बहस भन्दा बाहिर पुऱ्याउनै पर्छ। ऐतिहासिक रुपमै कानुनले व्यक्तिहरुको "घरेलु मामिला" वा "घरभित्रको मामिला"लाई नीजि मामिलाको रुपमा हेरेको छ र कार्यान्वयनको हकमा यी स्थानभित्र हुने हिंसालाई कानुनी अधिकार क्षेत्रभित्र नपर्ने वा कारबाहीको लायक नभएको भनी सम्बोधन गर्दै आइरहेको छैन। यसमा जोड्नु पर्दा, प्रायजसो महिलाहरु घरबिहिन नै छन् भनेपनि उनीहरुलाई "नीजि वृत्त" भित्रै बस्न भनिन्छ। यसरी गोपनीयता सम्बन्धि कानुनहरु महिलाहरुलाई शोषित हुनबाट जोगाउन असमर्थ हुन सक्छन् र गोपनीयताको हकलाई न्यायको पहुँचसम्म पुऱ्याउन कठिन हुन सक्छ। गोपनीयताको हकलाई राजनीतिकरण गर्ने समग्र प्रक्रिया नै कठिन बन्न पुग्छ।[31]

नयाँ डिजिटल प्रविधिहरुले सूचनाको पहुँच र स्व-अभिव्यक्तिको अभ्यासलाई सुविधाजनक बनाउदै गर्दा यी प्रविधिहरु विद्युतीय निगरानी र अवरोधको जोखिममा पनि छन्। विश्वभरीका राज्यहरुले नागरिकको गोपनीयताको हकसँग सम्झौता गर्ने किसिमका निगरानीका नीति र अभ्यासहरु सिर्जना

28 Privacy International. (2017, October 23). What is Privacy? https://www.privacyinternational.org/explainer/56/ what-privacy

29 https://www.ohchr.org/_layouts/15/WopiFrame.aspx?sourcedoc=/Documents/Issues/Privacy/SR_Privacy/A_ HRC_40_63.DOCX&action=default&DefaultItemOpen=1

30 Privacy International (November, 2018). From Oppression to Liberation: Reclaiming the Right to Privacy. https://privacyinternational.org/sites/default/files/2018-11/From%20oppression%20to%20liberation reclaiming%20the%20right%20to%20privacy.pdf

31 Lever, A.(2005). Feminism, Democracy and Right to Privacy. An Internet Journal of Philosophy Vol. 9. http:// www.minerva.mic.ul.ie/vol9/Feminism.html

गरिरहेका छन्।[32] व्यापारिक उद्यमीहरु सहित राज्य र गैर-राज्य अभिकर्ताहरु प्रशस्त तथ्याङ्क संकलन गरिरहेका छन् र यो संकलन कुनै अर्थपूर्ण र (पुर्व) सूचीत सहमति बिना नै भइरहेको छ। निगरानीसँगै प्रणालीहरुले सक्रियताका साथ व्यक्तिहरुको गोपनीयतासँग सम्झौता गरिरहेका छन्। यसका साथै व्यक्तिहरुले आफ्नो सूचनामाथिको नियन्त्रण र अधिकार गुमाउने हुंदा पहिल्यै संकलन गरेर राखिएका तथ्याङ्क समेत हानीकारक हुन सक्छन्। राज्यहरुले "इन्क्रिप्सन" प्रविधिलाई कमजोर पार्ने र गुमनाम/अज्ञात बनाउन सघाउने उपकरणहरु माथिको पहुँचलाई सीमित बनाइरहेका छन्। यसरी राज्यहरुले अनलाइन क्रियाकलापहरुको सुरक्षा र गोपनीयतालाई जोखिममा पारिरहेका छन्।[33]

मानव अधिकार परिषदको गोपनीयताको हक सम्बन्धि एक प्रतिवेदनमा विशेष टिप्पणीकर्ता उल्लेख गर्छन्:

*"व्यक्तिहरुको डिजिटल प्रविधि र गोपनीयतासँग सम्बन्धित अनुभव जातीयता, सँस्कृति, वर्ण, उमेर, सामाजिक उत्पत्ति, सम्पति, आर्थिक आत्मनिर्भरता, शिक्षा, कानुनी र राजनीतिक ढाँचाजस्ता कारकहरुसँगै उनीहरुको लैंगिकताबाट प्रभावित हुन्छ।"*

गोपनीयतासँग सम्बन्धित चासोहरु भौतिक स्थानको तुलनामा डिजिटल स्थानहरुमा फरक हुन सक्छन्। तथापि, यी दुबै स्थानहरुमा मानिसको आफ्नो मर्यादाको सुरक्षा र त्यसको महत्वलाई जोड दिन व्यक्तिगत गोपनीयता सम्बन्धित छलफलहरु हुन आवश्यक छन्। गोपनीयताको अधिकारमा हुने सम्झौताले महिला, बाल समूह, एल जी बिटी आइ क्यु समूदायका व्यक्तिहरु र अन्य जोखिममा रहेका सिमान्तकृत समूदायहरुमा प्रतिकूल असर गर्छ र उनीहरुले डिजिटल प्रविधिबाट लिन सक्ने लाभहरु सीमित बनाउँछ। यसमा जोड्नुपर्दा, महिला, किशोरी र सिमान्तकृत समूदायहरुलाई उनीहरुको परिवार, समाज र राज्यले उनीहरुमै स्विकृत सामाजिक मान्यता र अभ्यासको प्रयोग गर्दै बारम्बार निगरानीमा राखिरहेका छन्। र यस्तो कार्य अनलाइन र अफलाइन दुवै थलोमा लागु भईरहेको छ।

# कानुनी मापदण्ड र विश्लेषण

## संविधान

नेपालको संविधान २०७२ ले धारा २८ मार्फत गोपनीयताको अधिकारलाई मौलिक हकका रुपमा सुनिश्चित गरेको छ जसले "कुनै पनि व्यक्तिको घर, सम्पत्ति, कागजात, पत्राचार वा जानकारी सम्बन्धि गोपनीयताको सुरक्षा गर्छ। यद्यपि, यो कानुनले प्रदान गरेको अपवादसहित आएको छ। नेपालको संविधान सँगसँगै गोपनीयता र डिजिटल गोपनीयताका विषयमा व्यापक बहस समेट्ने धेरै कानुनी नीतिहरु छन्।

## विद्युतीय कारोबार ऐन 2063

विद्युतीय कारोबार ऐनको धारा २८ (१) र धारा ३८ (१) अनुसार नागरिकहरु शंकास्पद पाइएको खण्डमा अधिकारीहरुले उनीहरुको उपकरण, सामाग्री र तथ्याङ्कमा पहुँच राख्न सक्छन्। यहाँ केलाई शंकास्पद मान्ने र केलाई नमान्ने भनेर अधिकारीहरुको विवेकमा निर्भर हुन्छ। यो प्रावधानले सिमान्तकृत समूदायको गोपनीयता र स्वायत्तताको हकलाई झनै जोखिमपूर्ण अवस्थामा पुऱ्याउँछ। विद्युतीय कारोबार ऐनको धारा ४७ ले डिजिटल गोपनीयताको विषयलाई छुन्छ र विद्युतीय मिडियामा "सार्वजनिक नैतीकता र शिष्टाचार विरुद्धका" वा "सामाजिक सद्भाव"लाई खतरामा पार्ने किसिमका घृणाले भरिपूर्ण सामाग्री फैलाउने जस्तो निश्चित नियम नाघेको मानिने कुनै पनि सामाग्रीहरुको प्रकाशन र प्रदर्शनलाई दण्डित गर्छ। विद्युतीय मिडियामा यौनिक प्रकृतिका तर गोप्य रुपमा अर्को व्यक्तिसँगको सहमतिमा हुने अभिव्यक्ति र "अश्लील" मानिने सामाग्रीहरुको संग्रहण र रेकर्डिङहरुको समेत विद्युतीय कारोबार ऐन मार्फत अपराधीकरण हुन सक्ने जोखिम अझै पनि छ।

## मुलुकी अपराध संहिता 2074

मुलुकी अपराध संहिता २०७४ मा व्यक्ति र समूहहरुको गोपनीयतासँग सम्बन्धित थुप्रै प्रावधानहरु छन्। दफा २९३ ले अधिकार र सहमति प्राप्त नभएसम्म अरुको कुराकानीको रेकर्डिङ सुन्न निषेध गर्छ। यद्यपि सार्वजनिक रुपमा दिइएका भनाइहरु भने रेकर्ड गर्न सकिन्छ। दफा २९४ ले कानुनी बाध्यता नभएसम्म अनुमति बिना कुनै पनि व्यक्तिको व्यक्तिगत

32 United Nations Human Rights Office of the high commissioner (UNHCR). (2018). Expert workshop with the purpose of identifying and clarifying principles, standards and best practices regarding the promotion and protection of the right to privacy in the digital age, including the responsibility of business enterprises in this regard. {Concept Note} https://www.ohchr.org/Documents/Issues/DigitalAge/ConceptNote.pdf

33 OHCHR. (2018). The right to privacy in the digital age. https://www.ohchr.org/EN/Issues/DigitalAge/Pages/ ReportDigitalAge.aspx

जानकारी (सार्वजनिक व्यक्तित्वहरुको व्यक्तिगत जानकारी सहित) सार्वजनिक गर्न निषेध गर्छ। संहिताको दफा २९८ ले अधिकृत नभएसम्म विद्युतीय माध्यम मार्फत कुनै पनि सूचना, जानकारी वा पत्र प्राप्त गर्न वा हस्तान्तरण गर्न वा कसैको पनि गोपनीयताको उल्लङ्घन गर्न निषेध गर्छ। नेपालको प्रशासनिक र कानुनी प्रणालीमा प्रचलित विभेदहरु ध्यानमा राख्दा अभियान्ता, पत्रकार र सिमान्तकृत समूदायहरुको गोपनीयतामा सम्झौता गर्नका निम्ति यो कानुनको प्रयोग हुन सक्छ र यी समूहहरुमा राज्यको निगरानी बढाउन सक्छ।

दफा २९८ ले कुनै पनि व्यक्तिलाई सार्वजनिक स्थान बाहिर तस्बिर खिच्न वा सम्बन्धित व्यक्तिको सहमतिबिना तस्बिर बिगार्न निषेध गर्छ। यो प्रावधान तस्बिरको प्रयोग गरेर हिंसाको प्रयास गर्ने र तस्बिर बिगार्नेलाई कारबाही गर्नमा सहयोगी हुन सक्छ भने अर्कोतिर यो प्रावधानको प्रयोग कलात्मक अभिव्यक्तिको स्वतन्त्रता र विशेषगरी राजनीतिक नेताहरु जस्तो सार्वजनिक व्यक्तित्व माथिको व्यङ्ग्य निषेध गर्नमा पनि प्रयोग हुन सक्छ।

## गोपनीयता सम्बन्धि ऐन 2075

गोपनीयता सम्बन्धि ऐन २०७५ कुनै पनि व्यक्तिको शरीर, आवास, सम्पत्ति, कागजात, तथ्याङ्क, पत्राचार र चरित्रसँग सम्बन्धित गोपनीयताको अधिकार सुनिश्चित गर्न, कुनै पनि सार्वजनिक निकाय र संस्थामा रहेका व्यक्तिगत सूचनाको सुरक्षित प्रयोग र सुरक्षा व्यवस्थापन गर्न र कुनै पनि व्यक्तिको गोपनीयता उल्लङ्घन हुनबाट रोक्न बनाइएको हो।

तथापि, यहाँ नागरिकहरु केही सजक हुनु पर्ने प्रावधानहरु पनि छन्। ऐनको दफा ३.२ ले स्वास्थ्य उपचार र राहत कार्यमा बाहेक सम्बन्धित व्यक्तिको अनुमति बिना कुनै पनि व्यक्तिको गोपनीयता हनन हुने छैन भनेर उल्लेख गर्छ।

सन् २०२० को महामारीपछि कोभिड-१९ संक्रमित र अन्तर्राष्ट्रिय यात्रीहरुको जानकारी अनलाइनमा सार्वजनिक गरिएका घटनाहरु पनि छन् जसमा यो आपतकालिन परिदृश्य थियो भन्ने तर्क गरिएको थियो। विशेषगरी सिमान्तकृत समूदायका व्यक्तिहरुले विभिन्न तहका विभेद र अपमानको सामना गर्नु परेको थियो। उदाहरणको लागि जनकपुरमा रहेका मुस्लिम समुदायलाई कोभिड सार्ने समूह भएको आरोप लगाउँदै अनलाइनमा फैलाइएको गलत सूचनाका कारण उनीहरु घृणाले भरिएका सन्देश, ज्यान मार्ने धम्की र अनलाइन दुर्व्यवहारको शिकार भए। आपतकालिन र स्वास्थ्य जाँचको अवस्थामा समेत व्यक्ति र समूहहरुको गोपनीयता कायम राख्नु महत्वपूर्ण हुन्छ।

उसैगरी दफा ४.२ ले पति र पत्नीबिच कुनै कानुनी मुद्दा चलिरहेको सन्दर्भमा बाहेक विषमयौनिक विवाहित दम्पतिबिचको नीजि मामिला अनुल्लङ्घनीय नै रहने अडान लिन्छ। यस दफाले पति र पत्नीबिचको मामिलालाई स्वत "नीजि मामिला"का रुपमा लिन्छ र यस्तो विशेषाधिकार प्राप्त विषमयौनिक विवाहित सम्बन्धलाई यसरी अलग्याउने कार्यले घनिष्ठ सम्बन्धमा हुने हिंसा वा दुर्व्यवहारका मुद्दालाई देखाई कारबाहीको दायरामा ल्याउन कठिन बनाउन सक्ने जोखिम बढाउँछ।

ऐनको दफा ६ गोपनीयतासँग सम्बन्धित छ। जसले स्पष्ट रुपमा उल्लेख गर्छ कि प्रत्येक महिलाको प्रजनन स्वास्थ्य र गर्भावस्थासँग सम्बन्धित जानकारीको गोपनीयता अनुल्लङ्घनीय रहने छ र उनको सहमति बिना कसैलाई पनि उनको सुचना दिइने वा सार्वजनिक गरिने छैन। तथापि यस्ता मामिलाहरु स्वास्थ्य उपचारको दौरानमा सम्बन्धित विशेषज्ञहरु बिच छलफल गर्न सकिन्छ र यदि व्यक्ति अठार वर्षभन्दा कम उमेरको वा "अस्वस्थ मानसिक अवस्था"को भएमा उसका जानकारीहरु परिवार वा अभिभावकलाई प्रदान गर्न सकिन्छ। यी कमजोरीहरुले सम्बन्धित व्यक्तिको एजेन्सीलाई खतरामा पार्ने र थप जोखिमहरु सिर्जना गर्न सक्छन्।

दफा १२.६ ले अधिकार प्राप्त अधिकारीहरुलाई कुनै पनि व्यक्तिको उमेर, योग्यता, चरित्र, यौनिकता, अपांगता जस्ता विषयमा सोधपुछ गर्ने अनुमति दिन्छ र कानुन अनुसार सम्बन्धित व्यक्ति यी विवरणहरु दिन बाध्य हुन्छ। अधिकारीहरुले जतिबेला माग गर्छन् त्यतिबेला विवरण उपलब्ध गराउनु पर्ने अनिवार्यता (कुन घटनाका लागि यी विवरणहरु प्रदान गर्नुपर्ने हो भनेर स्पष्ट पार्नुभन्दा पनि) ले व्यक्तिको मर्यादा भंग गर्छ र यो गोपनीयता सम्बन्धि अधिकारको सिद्धान्त विरुद्ध पनि छ। त्यसैगरी ऐनको दफा १८ (२) ले कानुनी सोधपुछमा आवश्यक परेको अवधिमा बाहेक कुनै पनि व्यक्तिले अर्को व्यक्तिको चरित्रमाथि कुनै पनि टिप्पणी गर्ने छैन भनेर उल्लेख गर्छ। यहाँ "चरित्र" शब्द अस्पष्ट छ भनेर उल्लेख गर्नुपर्ने हुन्छ। नेपालको सन्दर्भमा चरित्र शब्दलाई प्रायजसो सामाजिक- साँस्कृतिक मान्यताहरुमा समर्थन जनाउनको निम्ति प्रयोग गरिन्छ किनकि यसलाई मानिसको "नैतीक गुण"को पर्याय मान्ने गरिन्छ।

दफा १६.१ ले व्यक्तिको चरित्र वा प्रतिष्ठामा हानी पुऱ्याउने वा बेइज्जत गर्ने नियतले तस्बिरलाई बिगार्ने वा यस्ता सामाग्रीको प्रकाशन गर्ने उद्धेश्यका साथ कुनै पनि व्यक्तिको अनुमति बिना तस्बिर खिच्न निषेध गर्छ। त्यसैगरी दफा १६.३ ले कसैलाई क्रोधित बनाउने, कष्ट दिने वा कुनै पनि अनुचित फाइदा लिने वा नाफा उपभोग गर्ने नियतका साथ अनुमति बिना तस्बिरहरुको प्रकाशन, प्रसारण र किनबेच गर्न निषेध गर्छ। यो प्रावधान तस्बिरमा छेडछाड गर्ने र घनिष्ठ सम्बन्धका तस्बिर र भिडियोहरु

सहमति बिना प्रसार गर्नेजस्ता अनलाइन हिंसाबाट महिला, बालबच्चा र सिमान्तकृत समूदायलाई सुरक्षित राख्नमा सहयोगी हुनसक्छ। तथापि, शक्तिमा हुनेहरुको सुरक्षा गर्दै प्रेस स्वतन्त्रता र कलात्मक अभिव्यक्तिमा अंकुश लगाउनका निम्ति पनि यी कानुनहरुको प्रयोग हुन सक्छ।

### सूचना प्रविधि विधेयक 2076

सूचना प्रविधि विधेयकको मसौदा तयार भइसकेको छ र यो ई-कमर्स, टेक-इनोभेसन, साइबर सुरक्षा र साइबर दुर्व्यवहारजस्ता प्रविधिसँग सम्बन्धित विषयलाई नियमन र सम्बोधन गर्नको लागि स्विकृत हुने प्रक्रियामा छ। यो विधेयक विद्युतीय कारोबार ऐन २०६३ लाई प्रतिस्थापन गर्न ल्याइएको हो।

विधेयकको दफा ७६.१ ले कानुनले प्रदान नगरेसम्म विद्युतीय माध्यम मार्फत कुनै पनि व्यक्तिको व्यक्तिगत जानकारी, सूचना र सञ्चार संग्रह गर्न निषेध गर्छ। यो प्रतिबन्ध संस्थाहरु र नीजि कम्पनीहरुलाई पनि लागू हुन्छ कि नागरिकलाई मात्र हुन्छ भनेर यहाँ स्पष्ट छैन। दफा ७६.२ ले कुराकानी सुन्न, रेकर्ड गर्न वा डिक्रिप्ट गर्न मञ्जुरी दिइएको अवस्थामा बाहेक विद्युतीय माध्यम मार्फत दुई वा दुईभन्दा बढि पक्षबिच भएका कुराकानीहरुको गोपनीयताको सुरक्षा गर्छ। सार्वजनिक संस्थाहरुमा पहिल्यै संकलित र भविष्यमा संकलन हुने तथ्याङ्कको सुरक्षा सम्बन्धमा विधेयक मौन छ। नीजि कम्पनीहरुले सार्वजनिक संस्थाहरुबाट तथ्याङ्कमा पहुँच राख्ने स्थितिमा उक्त तथ्याङ्कको सुरक्षासँग सम्बन्धित विषयहरुमा पनि विधेयक मौन नै छ।

## निष्कर्ष

यहाँ उल्लेख गरिएका कानुनहरुको सबैभन्दा दोहोरिरहने एउटा विषयवस्तु भनेको यी धेरैको दोहोरो ढाँचा छ। यी कानुनहरु मध्ये धेरैको फाइदाहरु निश्चित शर्तहरुसहित आएका देखिन्छन्।जस्तै यी कानुनहरुले गोपनीयता कायम त गर्छन् तर त्यतिकै मात्रामा नागरिकको अभिव्यक्ति स्वतन्त्रता उल्लङ्घन हुने सम्भावना पनि बोकेको हुन्छ। त्यस्तै एकातिर यी कानुनहरु अनलाइन हिंसाबाट न्याय खोज्न पीडितहरुको लागि सहयोगी हुन् सक्छन् भने, त्यसैका अतिरिक्त खण्डहरुले नागरिक स्वतन्त्रता नियन्त्रण गर्न दुरुपयोग हुन सक्ने सम्भावना पनि देखाएको हुन्छ। त्यसैगरी, केही कानुनहरुले गोपनीयताको सुरक्षा गर्ने झलक त दिन्छन् तर अर्कोतर्फ मनोमानी ढंगले गोपनीयता उल्लङ्घन गर्न सघाउने कानुनी खाडलहरु पनि त्यहाँ भेटिन्छन्। छलफलका व्यापक क्षेत्रहरुको पहिचान तल गरिएको छः

### *सरकारलाई व्यापक शक्ति प्रदान*

यस दफाका कानुनहरुले नागरिकहरु "शंकास्पद" रहेको अवस्थामा कसरी सरकार र अधिकारीहरुको हातमा नागरिकको व्यवहार नियमन र निगरानी गर्ने र उनीहरुको उपकरणहरु खोज्ने शक्ति प्रदान गर्छ भनेर देखाउँछन्। शक्तिमा हुने व्यक्तिहरुले यस कानुनलाई आलोचकहरुको गोपनीयता भंग गर्न र असहमति दबाउनका निम्ति प्रयोग गर्न सक्छन्। अभियान्ता र पत्रकारजस्ता समूहहरु थप निगरानीको जोखिममा हुन्छन्।

### *प्रमाण जुटाउन समस्या*

यी कानुनले कुराकानीको रेकर्डिङ निषेध गर्छ जसले गर्दा हिंसाका पीडितहरुलाई प्रमाण जुटाउन कठिन हुन सक्ने सम्भावना हुन्छ। पीडकले पीडितलाई उनीहरुबिच हुने सञ्चार रेकर्ड गर्ने सहमति नदिन सक्छ। जहाँ पीडितहरु अनलाइन सञ्चारको माध्यमबाट दुर्व्यवहारमा परेका हुन्छन् यो कानुनले उल्टै पीडितलाई नै प्रमाण रेकर्ड गरेबापत अपराधी मान्न सक्ने सम्भावना हुन्छ।

### *सहमति भित्रका कमजोरीहरू*

नाबालिग वा "अस्वस्थ मानसिक अवस्था"का वा सहमति दिन असमर्थ मानिएका महिलाहरुका लागि यो कानुनले उनीहरुको प्रजनन स्वास्थ्य र गर्भावस्थाको जानकारी श्रीमान वा परिवारले प्राप्त गर्न सक्ने अनुमति दिन्छ जसले उनीहरुलाई हिंसाको जोखिममा पार्न सक्छ। यी कानुनहरुको कार्यान्वियनले नाबालिग वा बौद्धिक अपांगता भएका व्यक्तिहरुको आफ्नै शरीरको सम्बन्धमा निर्णय गर्न सक्ने क्षमतालाई कमजोर बनाउँछन् र गोपनीयताको अधिकारमाथि अंकुश पनि लगाउन सक्छन्।

गोपनीयता वरपरका केही कानुनहरुले विषमयौनिक वैवाहिक सम्बन्धमा रहेका व्यक्तिहरुबिच कुनै पनि कुरा नीजि हुन नसक्ने मान्छ। योसँगै परिवारमा अभिभावकहरु सधै बालिका र महिलाहरुको संरक्षक हुन् भन्ने मान्यता राख्छ। यो भाष्य निकै त्रुटिपूर्ण छ किनकि तथ्याङ्कहरुले नियमित रुपमा जिवनसाथी र परिवारहरु पनि धेरै घरेलु हिंसाका घटनामा संलग्न हुने गरेको देखाउँछन्। पितृसत्तात्मक नेपालको सन्दर्भमा वैवाहिक र पारिवारिक सामाजिक संस्थाहरुले वास्तवमा पीडितको सट्टा पीडकहरुको सुरक्षा गर्न सक्छन्।

महिलाहरुको प्रजनन स्वास्थ्यलाई पनि अनुगमनमा राखिएको छ। पुरुषमा लागू हुने यस्ता कुनै पनि प्रावधानहरु छैनन्। कानुनमा उमेरवादी र सक्षमतावादी उपपाठहरु पनि छन्। केही समूहहरुको लागि सहमतिको सम्भावना नबुझ्दा कानुन आफ्नै शरीर बुझ्न पाउने व्यक्तिहरुको स्वायत्तताको सम्मान गर्न असफल बनेको छ। मनपरी तरिकाले अभिभावकत्व हुनैपर्ने मानिएका समूहहरुको लागि अरुले नै निर्णय गर्छन्। यसले के सुझाव दिन्छ भने राज्य अधिकारमा आधारित विधिबाट नभएर संरक्षणवादी दृष्टिकोणबाट काम गरिरहेको छ।

"अश्लीलता" र "अनैतीकता"जस्ता नैतीक शब्दहरुको प्रयोग मार्फत यी कानुनहरुले व्यक्तिको सहमतिबाटै निर्माण गरिएको सामाग्री र यौनिक अभिव्यक्तिलाई पनि अपराध मान्न सक्ने जोखिम छ। यहाँ सहमतिको पहिचान नगर्दा पीडितहरुको अनलाइन गोपनीयता हनन र गोप्य अभिव्यक्तिहरु सार्वजनिक भएको खण्डमा उल्टै उनीहरुलाई सजाय दिनका निम्ति कानुनहरुको दुरुपयोग हुन सक्ने "ब्लाङ्केट रुल" अर्थात सोलोढोलो नियमको सिर्जना हुन सक्छ। कानुनहरुले पीडकलाई सजाय दिनुको सट्टा पीडितलाई नै हानी पुऱ्याउन सक्छन्। यस्ता परिस्थितिहरुले पीडितलाई अगाडि बढ्दै पीडकलाई सार्वजनिक गर्न र मुद्दा हाल्नबाट निरुत्साहित पनि गर्न सक्छन्।

### *कानुनी अस्पष्टता*

कानुनहरुमा नियमित रुपले "अश्लीलता", "छाडापन", "सार्वजनिक नैतीकता", "शिष्टाचार", "सामाजिक सद्भाव", "अखण्डता", "राष्ट्रिय सार्वभौमसत्ता", "सार्वजनिक आचरण", "शंकास्पद", "नियत" जस्ता शब्दावलीहरु राखिएका छन् जसलाई कानुनभित्र अपरिभाषित नै छोडिएको छ। यो अस्पष्टताले सत्तामा रहेकाहरुलाई सिमान्तकृत समूदायहरुको विरुद्धमा यी कानुनहरुको प्रयोग गर्नको निम्ति व्याख्या गर्न सक्ने पर्याप्त स्थान प्रदान गर्छ जसले उनीहरुलाई जोखिममा पार्छ र उनीहरुको प्रतिरोधात्मक अभिव्यक्तिमा अंकुश लगाउछ। यी धेरै शब्दावलीहरु नैतीक बोझले भरिभराउ छन् र यिनीहरुले अपराधमा निष्पक्ष दण्ड सुनिश्चित गर्नुको सट्टा नैतीक पुलिसिङलाई प्रवर्द्धन गर्छन्।

नीतिहरुमा उल्लेखित "चरित्र" शब्द पनि व्यापक छ र सामान्यतया नेपालीमा यसलाई महिला र क्वेयर व्यक्तिहरुको यौनिकतामा प्रश्न गर्न र नियन्त्रण जमाउनको लागि प्रयोग गर्ने गरिन्छ।

## घटना अध्ययन

घटना अध्ययन (००२) पीडित "डि" (छद्मनाम) र प्रतिवादी प्रविन प्रजापतिबिच भएको यौन सम्बन्धको भिडियो "डि"को सहमति बिना प्रतिवादीले सार्वजनिक गरेका थिए। भिडियोले उनीहरुबिच विभिन्न समयमा भएका यौन क्रियाकलापहरु देखाउँछ। पीडितले उनीहरु केही समय प्रेम सम्बन्धमा रहेको, सहमतिमै यौन सम्बन्ध कायम गरेको भएपनि प्रतिवादीले ती क्रियाकलापहरुको भिडियो रेकर्ड गरिरहेको थाहा नपाएको दाबी गरिन्। उनले प्रेम सम्बन्ध अन्त्य गर्ने निर्णय गरेपछि प्रतिवादीले भिडियो सार्वजनिक गरिदिने धम्की दिए र अगाडि अझै उनलाई पैसाको लागि समेत धम्की दिए। पीडितले धम्की बेवास्ता गरेपछि प्रतिवादीले पीडितको दाइलाई भिडियो सहित एक प्रति सिडि पठाए। भिडियो अन्य सञ्चार माध्यमहरुबाट पनि सार्वजनिक भएको थियो र व्यापक रुपमा फैलिएको थियो। अदालतले प्रतिवादीलाई ६ महिना कैद र रु १०,००० जरिवाना सहित सजाय दियो।



# हिंसा रहित बाँच्ने स्वतन्त्रता

यौन तथा घरेलु हिंसा सहित लैंगिकतामा आधारित हिंसा नेपालमा व्यापक रुपमा फैलिएको समस्या हो। आर्थिक वर्ष २०७६/७७ मा नेपाल प्रहरीको अपराध अनुसन्धान विभागमा घरेलु हिंसाका जम्मा ११७,३८ मुद्दाहरु दर्ता भएका थिए। [34]यी संख्याहरु त दर्ता भएका मुद्दाहरु मात्र हुन्। धेरै घटनाहरुमा पटक्कै दर्ता नै नभएका उदाहरणहरु छन्। यस्ता हिंसाका पीडकहरुको लागि जवाफदेहीताको अभाव र पीडितलाई अगाडी बढ्न साथको अभाव हुनुले नेपालमा गहिरो जरा गाडेको पितृसत्ता स्पष्ट देखाउँछ।

नेपालमा साँस्कृतिक, आर्थिक र धार्मिक कारकहरुको श्रेणीले पितृसत्तालाई कायम राख्छन्। राज्यले कानुनभित्र निहित परम्परागत अभ्यासहरु मार्फत महिलाहरुको परनिर्भरता बलियो गरि लागु गरेको छ। जहाँ पुरुषलाई आफ्नो आमाबाबु, श्रीमती र बालबच्चालाई सहयोग गर्ने जिम्मेवारीसहित सम्पतिको उपभोग र नियन्त्रण गर्न अनि परिवारको लागि निर्णय लिन पाउने शक्ति प्राप्त हुन्छ।

महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) ले महिला विरुद्धको हिंसालाई यसरी परिभाषित गर्छः "कुनै पनि महिलामाथि उनी एक महिला भएकै कारण गरिने हिंसा महिला विरुद्धको हिंसा हो। अथवा महिला भएकै कारण उनीहरुमा हिंसाको प्रभाव असमान रुपले पर्दछ भने त्यस किसिमको हिंसालाई महिला विरुद्धको हिंसा भनिन्छ। यस अन्तर्गत महिलालाई शारीरिक, मानसिक वा यौनिक रुपमा हानी वा कष्ट पुऱ्याउने, यस्तो कार्य गर्ने धम्की दिने, विभिन्न दबाब दिने र अन्य नागरिक स्वतन्त्रताबाट बञ्चित गराउने कार्य पर्दछन्।"

लैंगिक हिंसा डिजिटल ढाँचाभित्र पनि अस्तित्वमा छ र यो इन्टरनेट र प्रविधिको बिस्तार सँगसँगै अनलाइनमा फैलिरहेको छ। मानव अधिकार परिषदका लागि संयुक्त राष्ट्र संघले तयार पारेको महिला र बालिका विरुद्धको अनलाइन हिंसा सम्बन्धि विशेष प्रतिवेदनले महिलाको हिंसारहित बाँच्न पाउने हक, सूचनामा पहुँच, अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको अधिकार लगायतका अधिकारहरुको प्रसार र सुरक्षामा सूचना तथा सञ्चार प्रविधिले खेल्ने भूमिकालाई स्विकार गरेको छ। तथापि प्रतिवेदनले अनलाइन माध्यममा महिला र बालिकामाथि हुने सम्भावित हिंसा र हानीबारे सचेत पनि गराएको छ। यो लैंगिक हिंसा हो र नकारात्मक लैंगिक रुढिवाद कायम हुनाले अनलाइन उपस्थितिको सन्दर्भमा पीडितहरु सामाजिक एकान्तवास, स्व-नियन्त्रणको अवस्थामा पुग्ने र परिवारले उनीहरुको गतिशीलतामा रोक लगाउने जस्ता परिणामहरु देखिन सक्छन्।

अनलाइन हिंसाले यसका मानसिक र मनोवैज्ञानिक हानीहरुसँगै शारीरिक र आर्थिक हानी पनि ल्याउन सक्छ। अनलाइन धम्कीहरु वास्तविकतामा परिणत हुन सक्छन् र पीडितको नीजि र व्यक्तिगत जिवनमा मानिसहरुले अनावश्यक ध्यान दिन सक्छन्, उदाहरणको लागि यदि उनीहरुको अनुमति बिना वेबसाइटमा गोप्य तस्बिरहरु प्रकाशित भएको खण्डमा यस्तो हुन् सक्छ। अनलाइन हिंसाको मानसिक आघातका कारण रोजगारी गुम्ने सम्भावना हुन्छ वा यस्ता घटनामा जोडिदाको लज्जित भावनाले गर्दा पीडितले आफूलाई जागिरका लागि आवेदन दिनबाट नै रोकिरहेका पनि हुन सक्छन्।

नेपाल महानगरीय प्रहरी अपराध डिभिजनको साइबर अपराध युनिटले दर्ता भएका ९०% भन्दा धेरै अनलाइन हिंसाका घटनाहरुमा १६-२८ वर्ष उमेर समूह बिचका महिलाहरु पीडित रहेको तथ्याङ्क देखाउँछ।[35] अधिकारीहरुले लगभग आधाजति घटनाहरु मात्र युनिटको सम्पर्कमा आउने गरेको पनि उल्लेख गरेका छन्। यस विषयमा साइबर अपराध युनिटको आफ्नै

34 Crime Investigation Department.Women, Children and Senior Citizen Directorate. Retrieved from https:// cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate

35 Interview with cyber crime unit, crime division at Metropolitan Police of Nepal 35 Body & Data. (2020). EROTICS South Asia Regional Monitoring Survey: Nepal Country Report. (https://files. bodyanddata.org/nextcloud/index.php/s/jsnQBzfGyDso4Kj

अडान नै अनलाइन हिंसाबाट हुने हानीलाई कम आंकलन गर्ने किसिमको देखियो। उनीहरुको सम्पर्कमा आएका घटनाहरुलाई सजाय दिलाउन कोसिस गर्नुको सट्टा मिलाउन खोजेको उल्लेख गरे किनकि “उनीहरुको लक्ष्य झन बढि अपराधीहरुको सिर्जना गर्ने नभएर अपराध दर न्यूनीकरण गर्ने” रहेको थियो।

बडी एन्ड डाटाले हालै १९६ जना व्यक्तिहरुमा गरेको मात्रात्मक/ संख्यात्मक अध्ययनमा ८६% उत्तरदाताहरुले कुनै न कुनै प्रकारको अनलाइन हिंसा भोगेको बताए। सबैभन्दा धेरैले भोगेको साझा हिंसाको प्रकार अनपेक्षित रुपमा यौनिक आशयको म्यासेजहरु प्राप्त गर्नु (८२%), दोस्रोमा हिंसात्मक कमेन्टहरु (४६%), ४५% नेम कलिङ (बहस जित्नको लागि कसैलाई अपमानजनक नामले सम्बोधन गर्नु) थियो। त्यसैगरी ३९% ले इन्टरनेटमा घृणा भरिएका सन्देश र ३६% ले अमान्य हुने विचारहरु व्यक्त गरेको, मानिसहरुसँग असहमति व्यक्त गरेको र यौन प्रस्तावहरु अस्विकार गरेका कारण महिलामाथि हुने दुर्व्यवहार अनुभव गरेको पाइयो भने १३% ले शारीरिक र यौन हिंसाको प्रत्यक्ष धम्की नै सामना गरेको पाइयो।[36]

# कानुनी मापदण्ड र सोको विश्लेषण

## संविधान

नेपालको संविधानको धारा २१ अनुसार कुनै पनि अपराध पीडितलाई उसको मुद्दाको विषयमा जानकारी राख्ने तथा न्याय, पुनर्वास र क्षतिपूर्तिको अधिकार हुन्छ। संविधानको धारा ३८ र ३९ ले महिला र नाबालिगमाथि हुने शारीरिक, मानसिक, यौनिक, मनोवैज्ञानिक वा अरु कुनै पनि प्रकारको हिंसाका साथै धार्मिक, सामाजिक र साँस्कृतिक परम्परामा आधारित कुनै पनि किसिमको दमनलाई अपराध मान्छ। यस्तो कार्य दण्डनीय हुन्छ र पीडितलाई क्षतिपूर्तिको अधिकार हुन्छ।

अनलाइन हिंसाबाट प्रत्यक्ष मानसिक, मनो-सामाजिक र यौनिक हानी र कुनै घटनामा शारिरीक हानी समेत हुने भएकाले संविधानका यी व्यबस्थाहरुलाई अनलाइन हिंसा पनि हिंसाको एक प्रकार हो भन्ने तथ्य स्थापित गर्नका निम्ति प्रयोग गर्न सकिन्छ।

## विद्युतीय कारोबार ऐन

विद्युतीय कारोबार ऐन २०६३, दफा ४६ ले कुनै पनि कम्प्युटरमा भएको जानकारी नष्ट गर्ने वा बिगार्ने, यसको मूल्य र उपयोगितामा ह्रास ल्याउने वा गलत मनसायले कुनै व्यक्तिलाई यस्तो कार्य गर्न बाध्य बनाउने कार्य दण्डित हुने उल्लेख गर्छ। ऐनको धारा ४७ ले विद्युतीय माध्यममा सार्वजनिक नैतीकता, शिष्टाचार विरुद्धमा रहेका, घृणा र ईर्ष्या फैलाउने वा सामाजिक सद्भावलाई खतरामा पार्ने कुनै पनि सामाग्रीको प्रकाशन र प्रदर्शन गर्नु कानुनी रुपमा दण्डनीय हुने उल्लेख गर्छ।

उक्त धाराले विद्युतीय माध्यममा महिला विरुद्ध दुर्व्यवहार, अपमान गर्न, जिस्काउन वा अनैतीक क्रियाकलाप गर्न, साथै “घृणा फैलाउने” सामाग्रीहरुको प्रकाशन र प्रदर्शन निषेध गर्छ। महिला विरुद्धको हिंसालाई सम्बोधन गर्ने यो अतिरिक्त खण्ड लैंगिक समानता कायम गर्न केही नेपाल संशोधन गर्ने ऐन प्रयोग गर्दै २०१८ मा संशोधनपछि ऐनको मूल पाठमा जोडिएको थियो।

यो नेपालको एउटै मात्र ऐन हो जसले स्पष्टसँग अनलाइन हिंसाको व्याख्या गर्छ र यसलाई अपराधीकरण गर्छ। यद्यपि यो ऐनले सबै प्रकारका अनलाइन हिंसालाई सम्बोधन गर्दैन। यसले ट्रोलिङ, बुलिइङ, दुर्व्यवहार र गोप्य तस्बिरहरुको प्रसारजस्ता मुद्दाहरु समेट्छ तर इम्पर्सोनेसन अर्थात पररुपधारण, डक्सिङ (इन्टरनेटमा कसैको गोप्य र व्यक्तिगत विवरण, सूचना सार्वजनिक गरिदिनु) र सेक्सटोर्सन (कसैको यौनिक क्रियाकलापको प्रमाण सार्वजनिक गरिदिने डर देखाएर आर्थिक र यौनिक लाभ उठाउन खोज्नु) जस्ता हिंसालाई भने समेट्दैन। यसले अनलाइन यौनिक अभिव्यक्ति नियन्त्रण गर्न सक्ने सम्भावना पनि छ।

## घरेलु हिंसा (कसुर र सजाय) ऐन

घरेलु हिंसा (कसुर र सजाय) ऐन व्यक्तिहरु विरुद्ध हुने घरेलु हिंसा सम्बोधन गर्न बनेको एक मात्र ऐन हो। प्रस्तावनाले यसको उद्धेश्यलाई घरेलु हिंसाको रोकथाम, नियन्त्रण, अपराधीकरण र पीडितलाई न्याय प्रदान गरेर कुनै पनि व्यक्तिको मर्यादित र सुरक्षित जिवन सुनिश्चित गर्ने प्रयासको रुपमा उल्लेख गर्छ।

घरेलु हिंसा (कसुर र सजाय) ऐनले घरेलु हिंसालाई “पारिवारिक सम्बन्ध रहेको व्यक्तिबाट हुने कुनै पनि स्वरुपको शारीरिक,

36 Body & Data. (2020). EROTICS South Asia Regional Monitoring Survey: Nepal Country Report. (https://files.bodyanddata.org/nextcloud/index.php/s/jsnQBzfGyDso4Kj

मानसिक, यौनिक र आर्थिक हानी जसमा गालीगलौज वा भावनात्मक हानी पनि सामेल हुन्छ" को रुपमा परिभाषित गर्छ। यो ऐनले घरेलु हिंसालाई मानसिक र भावनात्मक हानीको रुपमा पनि अर्थात हिंसाको विशुद्ध शारिरीक परिभाषा भन्दा बाहिर रहेर परिभाषित गर्छ। यसले अनलाइन हिंसाका मुद्दा चलाउन यसको प्रयोग गर्न सकिने सुझाव दिन्छ। तथापि, एउटा कुरा ध्यानमा राख्नै पर्ने हुन्छ कि आजसम्म यस्तो गैर-शारीरीक खण्ड अन्तर्गत मात्र कुनै पनि अदालती मुद्दा सफलतापूर्वक चलाइएको छैन।

## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धि ऐन

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धि ऐन २०७१, ४ (क) ले व्यक्तिहरुमाथि "कार्यस्थल"मा हुने यौनजन्य दुर्व्यवहारलाई परिभाषित गर्दा यी निम्नलिखित निकायहरुले व्यवसाय सञ्चालनको अवधिमा प्रयोग गर्ने कुनै पनि स्थानमा हुने यौनजन्य दुर्व्यवहारलाई समेटेको छः

*(क) सरकारी निकाय*

*(ख) सरकारको स्वामित्वमा (पूर्ण वा आंशिक) रहेका संस्थाहरु*

*(ग) प्रचलित कानुन अनुसार स्थापित कर्पोरेट निकाय र संस्थाहरु*

*(घ) कुनै पनि व्यवसाय, व्यापार वा सेवा प्रदान गर्न दर्ता भएका वा अनुमति प्राप्त कुनै पनि फर्म, संस्था वा कर्पोरेट निकाय*

ऐनले शारीरिक सम्पर्क, पोर्नोग्राफिक सामाग्रीको प्रदर्शन, लिखित, मौखिक वा गैर-मौखिक तरिकाबाट यौन आशय व्यक्त गर्न, यौन अनुग्रहको माग वा प्रस्ताव राख्न र यौनजन्य आशयले छेडखानी र दुर्व्यवहार गर्न शक्तिमा रहेका व्यक्तिलाई निषेध गर्छ। यसले अश्लील वा यौनजन्य सामाग्रीको प्रयोग र प्रदर्शन गर्नु वा बोलेर, लेखेर वा शारीरिक हाउभाउ मार्फत अश्लील सोच व्यक्त गर्नु हिंसाको रुप हो भनेर उल्लेख गर्छ। यो अप्रत्यक्ष रुपमा अनलाइन स्थान र माध्यमहरुलाई समेट्नको लागि हो भनेर बुझ्न सक्छौं।

## अपराध संहिता

नेपालको अपराध संहिताको दफा १२२ ले (चिकित्सकीय उपचारको लागि नभएसम्म) गोप्य अंगहरु देखाउन वा सार्वजनिक स्थलमा अश्लील कार्य गर्न र अश्लील बोल्न निषेध गर्छ। अर्को पक्षको सहमति बिना नै आफ्नो यौनाङ्गहरु देखाउनु दण्डनीय अपराध हो र अनलाइन र अफलाइन हिंसा सम्बोधनमा कानुन फरक देखिएको छैन। यद्यपि "अश्लील" र "छाडा" व्यवहार व्यक्तिपरक हुन्छ र व्याख्याको लागि खुल्ला हुन्छ। सत्तामा हुने व्यक्तिहरुले यौनिक अभिव्यक्तिलाई हिंसाको रुपमा गलत व्याख्या गरेर यसलाई विशेषगरी सिमान्तकृत जनसांख्यिकीका लागि दण्डनीय बनाउन सक्छन्।

दफा २२४, बलात्कार सम्बन्धि अध्यायले यौनजन्य दुर्व्यवहारलाई सहमति बिना कसैको गोप्य अंगहरु छुने वा छुन प्रयास गर्ने वा बलात्कारको मनशायले कपडा फुकाल्ने वा फुकाल्न प्रयास गर्ने वा अरुलाई नीजि स्थानतर्फ लैजाने, उनीहरुलाई यौनाङ्ग छुन लगाउने वा मौखिक, लिखित वा अरु कुनै रुपमा अश्लील सञ्चार गर्ने कार्यका रुपमा व्याख्या गर्छ। अगाडि जस्तै अश्लील सञ्चारको अवधारणा व्यक्तिपरक छ र व्यक्तिहरुको यौनिक अभिव्यक्तिमाथि अंकुश लगाउनमा यसको दुरुपयोग हुन सक्छ।

त्यसैगरी दफा ३०० ले विद्युतीय माध्यम मार्फत धम्की दिने, दुर्व्यवहार गर्ने वा अरुलाई हानी पुऱ्याउने वा बेइज्जत गर्ने अनुचित व्यवहारलाई निषेध गर्छ। यस्तै, दफा ३०८ ले कुनै पनि व्यक्तिहरु वा उनीहरुको प्रतिष्ठालाई कमजोर बनाउने मौखिक वा लिखित रुपमा हुने मानहानीलाई अपराध मान्छ।

दफा ३०६ ले कुनै पनि माध्यमबाट कुनै पनि जिवित वा मृत व्यक्तिको प्रतिष्ठामा हानी पुऱ्याउने वा उनीहरुको परिवार वा आफन्तको भावनामा चोट पुऱ्याउने कार्यलाई अपराध मान्छ। यद्यपि, सम्बन्धित व्यक्तिलाई सावधान गराउन, शक्तिमा हुने व्यक्तिहरुको आलोचना गर्न वा अनुसन्धानको एउटा पाटोका रुपमा प्रमाण सहित गरिएका अभिव्यक्ति र सार्वजनिक हितका सन्दर्भमा अपवादहरु पनि राखिएका छन्।

दफा २९८ ले अनुमति बिना कसैको पनि तस्बिर खिच्ने वा बिगार्ने कार्यलाई आपराधिक ठहर गरेको छ। यद्यपि कुनै सार्वजनिक स्थानमा तस्बिर खिच्ने क्रममा भने व्यक्तिहरुको तस्बिर खिच्न अनुमति दिइएको छ। यहाँ कानुनले सार्वजनिक स्थानभित्र के के समेट्ने भनेर परिभाषित भने गरेको छैन।

## व्यक्तिगत गोपनीयता सम्बन्धि ऐन

व्यक्तिगत गोपनीयता सम्बन्धि ऐन २०७५, १६.१ ले अनुमति बिना सम्बन्धित व्यक्तिको चरित्र वा प्रतिष्ठामा क्षति पुऱ्याउनको लागि तस्बिर खिच्न वा बदनाम गर्ने उद्धेश्यले तस्बिर हेरफेर गर्न, वा यस्ता सामाग्रीहरुको प्रचारप्रसार गर्न निषेध गर्छ। ऐनको दफा १६.३ ले कसैलाई क्रोधित बनाउने, तनाव दिने वा अनुचित फाइदा लिने वा लाभ उठाउने उद्धेश्यले सहमति बिना लिइएका तस्बिरहरुको प्रकाशन, प्रसार वा किनबेच गर्न पनि निषेध गर्छ। यस्ता प्रावधानहरु सम्भावित हिंसाबाट बचाउनको लागि ल्याइने भएता पनि सत्तामा हुने व्यक्तिहरुलाई गरिएका व्यङ्ग्य

वा आलोचना (जस्तै मिम, स्केच आदी) विरुद्ध मुद्दा चलाउनमा दुरुपयोग हुन सक्ने सम्भावना पनि छ। मिम, स्केच जस्ता अभिव्यक्तिहरु पनि जनताहरुको वाक स्वतन्त्रताकै स्वरुप हुन्।

### सूचना प्रविधि विधेयक

सूचना प्रविधि विधेयक २०७६ को दफा ८३ मा साइबर बुलिइङलाई कसैलाई निरन्तर दुर्व्यवहार गर्ने, जिस्काउने, होच्याउने, हतोत्साहित बनाउने, अपमान गर्ने वा गाली गलौज गर्ने कार्यका रुपमा परिभाषित गरेको छ। तथापि, साइबर बुलिइङको कति पटक सम्मको प्रयासलाई "निरन्तर" मानिनेछ भनेर स्पष्ट पारिएको भने छैन।

सूचना प्रविधि विधेयकको दफा ८६ ले पोर्नोग्राफिक सामाग्रीहरुको उत्पादन, संकलन, वितरण, प्रकाशन, प्रदर्शन, प्रसारण वा खरिद/बिक्री गर्ने कार्य दण्डनीय हो भनेर उल्लेख गरेको छ। महिला र अल्पसंख्यकहरुलाई अनलाइन हिंसाबाट सुरक्षित राख्नका निम्ति यी कानुनहरुको निर्माण गरिएको भएता पनि सहमतिको विषयलाई पहिचान गर्न नसक्दा सहमतिमै त्यस्ता सामाग्रीहरुको सिर्जना र प्रकाशन भएको स्थितिमा समेत कानुनले पीडितलाई नै उल्टो दोषी बनाउन सक्ने सम्भावना छ।

## निष्कर्ष

विभिन्न व्यक्ति तथा समूदायहरु उनीहरुको लैंगिकता र यौनिकताका आधारमा ट्रोल, दुर्व्यवहार, धम्की, उपहास वा घृणाको शिकार हुन्छन्।[37] यद्यपि कानुनले अफलाइन स्थान र अन्तरक्रियामा हुने महिला विरुद्धको हिंसा जतिकै स्पष्ट रुपमा अनलाइन माध्यममा हुने हिंसाको पहिचान गरेको छैन। घरेलु हिंसा कसुर र सजाय ऐन र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन जस्ता ऐनहरु सर्वप्रथम अफलाइन हिंसालाई सम्बोधन गर्ने उद्धेश्यका साथ ल्याइएका हुन्। तथापि यी कानुनहरुले हिंसालाई यस प्रकारले व्याख्या गरेको छ कि अनलाइन हिंसा सम्बोधन गर्नको निम्ति यिनीहरुलाई नै लागू गर्दा पनि सम्भव छ। यदि यी कानुनहरुको प्रभावकारी कार्यान्वयन हुने हो भने हामीलाई अनलाइन र अफलाइन हिंसाको लागि दुई छुट्टै कानुनको आवश्यकता नै पर्दैन। अर्को तर्फ विद्युतीय कारोबार ऐन मात्र एउटा यस्तो ऐन हो जसले स्पष्ट रुपमा अनलाइन हिंसाबारे उल्लेख गर्छ। यति हुँदाहुँदै पनि विद्युतीय कारोबार ऐनमा रहेका प्रावधानहरु पर्याप्त छैनन् र सबै प्रकारका अनलाइन हिंसालाई सम्बोधन गर्न सक्दैनन्। यसर्थ यसको संशोधन हुनु आवश्यक छ।

जे भएपनि कानुनका विभिन्न कमजोरी र अस्पष्टताका कारण उल्टो पीडितलाई नै सजाय हुन सक्छ। कानुनमा रहेका समस्याहरुलाई सारांशमा यसरी प्रस्तुत गर्न सकिन्छः

### *कानुनी अस्पष्टता*

कानुनमा बारम्बार प्रयोग गरिएका "अश्लीलता", "छाडापन", "अभद्रता" वा "अनुचित व्यवहार" जस्ता शब्दहरु व्यक्तिपरक र व्यापक छन्। हाम्रो विषमनियात्मक पितृसत्तात्मक संरचनामा महिला र क्वेयर व्यक्तिहरुको यौनिकता र यौनिक अभिव्यक्तिहरुलाई विचलनको रुपमा लिने गरिएको हुनाले यस्ता व्यवस्थाहरु उनीहरु विरुद्ध नै लागू हुन सक्ने अधिक सम्भावना छ। यी कानुनहरुले अनलाइन यौनिक अभिव्यक्तिमा अंकुश लगाउन सक्ने सम्भावना छ। अनलाइन हिंसासँग सम्बन्धित मुद्दामा अदालतले समेत महिलाहरुको यौनिकता उनीहरुको मर्यादा वा इज्जतसँग जोडिएको हुन्छ भन्ने पितृसत्तात्मक भाष्यको आधारमा फैसलाहरु गरेको छ। संकलित घटना अध्ययनहरु मध्ये घटना नं ००२ र ००७ मा अनलाइन माध्यमको प्रयोग मार्फत सहमति बिना यौनजन्य सामाग्री सार्वजनिक गरिएको र पीडितको मर्यादा र गोपनीयताको हक उल्लङ्घन भएको घटनाहरु थिए। यी घटनाहरुमा संविधान र मानव अधिकारको ढाँचाहरुले व्यक्तिहरुलाई प्रदान गरेको गोपनीयता र मर्यादित जिवनको अधिकार हनन गरेको कारण भन्दा पनि महिलाको "इज्जत", "मर्यादा" र "प्रतिष्ठा"मा आक्रमण गरेको कारण पीडकहरुलाई सजाय दिइएको थियो। कुनै व्यक्तिले न्याय खोजिरहेको अवस्थामा महिला र सिमान्तकृत समूदायको अधिकार हननको विषयलाई नैतीकताको दृष्टिकोणबाट नियाल्नु उनीहरुको अधिकारलाई कमजोर बनाउनु हो। यहाँ कस्तो प्रकारको पीडितलाई "मर्यादित" र "प्रतिष्ठित"को रुपमा हेरिन्छ भन्ने प्रश्न पनि छ। यो अवधारणाको सुरुवात आफैमा असमावेशी छ।

### *प्रमाण जुटाउन र आशय प्रमाणित गर्नमा समस्या*

विद्युतीय कारोबार ऐन, अपराध संहिता र सूचना प्रविधि

37 Kee. J.S & Jaafar. J. Narrating and challenging gender norms on social media in Asia. Oxfam. https://www.scrible.com/view/source/AMQA041KH-2440J3G3043GBR08A682K23?viewer=download

विधेयकका केही प्रावधानहरुमा पीडकले पीडितलाई हानी पुऱ्याउने आशयले गरेको कार्य अपराध हो र यो कानुनद्वारा दण्डनीय हुन्छ भनेर उल्लेख गरिएको छ। आशय कसरी प्रमाणित गर्ने भनेर कानुन स्पष्ट नै छैन। सामान्यतया आशय प्रमाणित गर्नुपर्ने बोझ पीडितलाई बोकाइन्छ। अर्को तर्फ व्यक्तिले आफनो आशय हानी पुऱ्याउने नरहेको दाबी गर्न सक्ने हुँदा उसको आशय प्रमाणित गर्न कठिन हुन्छ। यस्ता कानुनी कमजोरीहरुको कारण पीडकहरु सजायबाट बच्न सक्ने सम्भावना हुन्छ।

### छुटाइएको बिषय : सहमति

सहमतिको अनुपस्थिति यी कानुनहरुमा भएका प्रमुख त्रुटिहरुमध्ये एक हो। कानुनको निर्माण व्यापक दृष्टिकोणबाट गरिएको छ जसले अनलाइन सञ्चारमा संलग्न व्यक्तिहरु बिचको सहमति बेवास्ता गर्छ। आपसी सहमतिमै भएको समेत गरी व्यक्तिहरुबिच हुने कुनै पनि यौनजन्य सामाग्रीहरुको आदानप्रदान पनि यो अश्लील र अनैतीक क्रियाकलापको व्यापक छाता अन्तर्गत पर्न सक्छ। कानुनले व्यक्तिहरुको आफ्नै शरीरमाथिको एजेन्सी र स्वायत्तता पहिचान गर्दैन बरु उनीहरुको अनलाइन यौनिक अभिव्यक्तिलाई अपराधको रुपमा हेर्न सक्छ।

### पीडितमा पर्न सक्ने प्रतिकूल असर

अनलाइन हिंसाको घटनापछि पीडितलाई नै दोष लगाउने प्रवृत्ति न्याय प्राप्तिको प्रक्रियामा रहेको अर्को बाधा हो।

> *"साइबर अपराधका अधिकांश घटनाहरुमा यदि सम्बन्धित व्यक्तिहरु प्रेम सम्बन्धमा रहेको पाइए न्यायाधीसले महिला (पीडित) लाई किन पुरुष (पीडक) लाई धोका दिएको भनि प्रश्न गर्ने र महिलाले ती पुरुषलाई छोड्नु नै उसले गरेका सारा अपराधको कारण हो जसरी दोष लगाउँछन्।" (सरकारी वकिलले उल्लेख गरेअनुसार)*


व्यक्तिहरुबिच आपसी सहमति कायम भएको स्थितिमा पनि कानुनले व्यापक/सोलोढोलो नियमहरु लाद्ने हुँदा पीडितहरु नै थप पीडित हुन सक्छन्।

## घटना अध्ययन

घटना ००३: पीडित र प्रतिवादी सामान्य साथीहरु थिए। प्रतिवादीले पीडितको नाममा नक्कली अनलाइन प्रोफाइल बनाए र त्यहाँ उनको बारेमा अपमानजनक सन्देशहरु लेखे। प्रतिवादीले प्रहरीमा उजुरी गर्न गएको खण्डमा पीडितको आमा र बहिनीलाई बलात्कार गर्ने धम्की पनि दिए। अदालतले उनलाई एक वर्ष कैद रु ८,००० जरिवानाको सजाय दियो। पीडितलाई क्षतिपूर्ति स्वरुप रु ७८,००० प्रदान गरियो। यो मुद्दा पुनरावेदन अदालतमा पुगेपछि पनि जिल्ला अदालतकै निर्णय कायम राखियो र आरोपितको मोबाइल जफत गरियो।

घटना ००७: प्रतिवादी र पीडित पति र पत्नी थिए। प्रतिवादीले पीडितको नक्कली प्रोफाइल बनाएर अपमानजनक सामाग्री राखे। अदालतले प्रतिवादीलाई विद्युतीय कारोबार ऐनको दफा ४७ अनुरुप दोषी ठहर गर्यो र रु २,००० जरिवाना तिर्न लगायो। जिल्ला अदालतको यो निर्णयलाई नै पुनरावेदन अदालतले पनि कायम राख्यो।

घटना ००८: पीडकले पीडितलाई अवांछित तस्बिरहरु पठाए। मुद्दा सुनुवाईको दौरानमा न पीडितले न त उनका वकिलहरुले नै हानीको आशय र पीडितमा परेको हानीको गहिराई निर्धारण गर्न वा प्रमाणित गर्न सके। पीडकलाई २१ दिनको लागि थुनामा राखियो। पीडित पक्षले पीडितमा पुगेको हानी प्रमाणित हुने प्रमाण जुटाउन नसकेको कारण उनलाई क्षतिपूर्ति दिन अस्विकार गरियो।



# निष्कर्ष

नेपालमा अनलाइन हिंसाका केही रुपहरुलाई स्पष्टसँग सम्बोधन गर्ने प्रावधान भएका कानुनहरु निकै कम छन्। यी कानुनहरुभित्र हिंसाका धेरै अमूर्त र अभौतिक आयामहरुलाई समेट्ने विभिन्न दफाहरु छन् जसलाई अनलाइन हिंसाबाट पीडित व्यक्तिहरुले न्याय खोज्ने क्रममा प्रयोग गर्न सक्छन्। नेपालको विद्यमान कानुनभित्र अनलाइन हिंसालाई सम्बोधन गर्ने प्रशस्त ठाउँ छन् त्यसैले यसलाई विशिष्ट रुपमा सम्बोधन गर्नलाई अर्को छुट्टै कानुनको निर्माण आवश्यक पनि छैन। तथापि यहाँ विद्यमान कानुनहरुका लागि केही चेतावनी/सजक रहनु पर्ने बिषयहरु पनि छन्। अधिकांश कानुनहरु अस्पष्ट, यौनिक अभिव्यक्तिलाई अपराध ठहर गर्ने वा वाक स्वतन्त्रतामा अंकुश लगाउन सक्ने किसिमका छन् जसले कानुन संशोधनको आवश्यकता रहेको महशुस गराउँछन्। हामीले समिक्षा गरेका घटनाहरुले पनि यी कानुनहरुको उचित कार्यान्वयन नभएको देखाउँछन्।

महिला र सिमान्तकृत समूदायका व्यक्तिहरुले दैनिक भोग्नुपर्ने अनलाइन आक्रमणको संख्याहरुले पनि प्रमाणित गर्छन् कि महिलाको हिंसामुक्त जिवनको अधिकार सुरक्षित राख्न कानुनी हस्तक्षेप मात्र कहिले पनि पर्याप्त छैन। जात, वर्ग, यौनिकता, लैंगिकता, धर्म र अन्य पक्षहरुलाई ध्यानमा नराखे कानुनी संरक्षणले यी अन्तरसम्बद्धता भोगिरहेका समूदायहरुलाई न्याय दिलाउने क्रममा बलियो भूमिका खेल्न सक्ने छैन।

*"न्याय गणित होइन र कसैले पनि कुनै अपराधको लागि कति सजाय र क्षतिपूर्ति उचित हुन्छ भनेर लेख्न सक्दैन। क्षतिपूर्तिको मुख्य आधार नै पीडितले भोग्नु परेको क्षति हो तर दुर्भाग्यवस पीडितले भोग्नु परेको मानसिक र मनोवैज्ञानिक हानी नाप्ने कुनै उपकरण छैन।"[38] (सरकारी वकिल)*

हिंसा सम्बन्धि हाम्रो सामान्य बुझाइ पनि पीडितमा परेको शारिरिक र मानसिक हानी वरपर मात्र केन्द्रित छ। कसैको मानव अधिकारमाथि भएको अतिक्रमणका रुपमा प्राय कमै मात्र हिंसाको अवधारणा निर्माण भएको छ। लैंगिक हिंसासँग सम्बन्धित अधिकांश छलफलहरुमा मानिसहरुले समाधान केन्द्रित बहस गरिरहेका हुन्छन्। र यस्तो समाधानमुखी बहसमा फेरी महिला र सिमान्तकृत समूदायहरु विरुद्ध हुने सम्पूर्ण सामाजिक-सांस्कृतिक र आर्थिक असमानताहरुको कुरै नगरी खाली कानुनी समाधान मात्र निकाल्ने प्रयास गरिन्छ।

लैंगिक हिंसासँग सम्बन्धित कानुनहरु प्राय अस्पष्ट र संरक्षणवादी दृष्टिकोणबाट निर्माण गरिएका छन्। नेपाली समाजले कुनै कार्यलाई अपराध ठहर गर्दा पनि "नैतीकता" र "शिष्टाचार" जस्ता आधारलाई जोड दिन्छ। कानुनी प्रतिबन्धहरु ऐनमा मात्र केन्द्रित छन् र व्यक्तिहरु बीच लागु हुने ब्यबहारिक सहमति र सीमाहरुलाई ध्यान दिदैनन्। विद्यमान कानुनहरुले व्यक्तिहरुको एजेन्सी र स्वायत्ततालाई बहिष्कृत गर्छन् र नेपाली नागरिक हुनु भनेको के हो भन्ने एक अखण्ड विचारलाई नै कायम गर्छन्। कानुनको अस्पष्टताले न्याय व्यवस्थाका निर्णयकर्ताहरुलाई असन्तुलित शक्ति प्रदान गर्छ र अधिकार धारकहरुलाई थप जोखिममा पार्छ।

त्यसकारण, लैंगिक हिंसासँग सम्बन्धित कानुनहरुमा सुधार हुन आवश्यक छ। अधिकार धारकहरुलाई लाभ दिन नसक्ने बरु अधिकारका हिस्साहरुलाई नै अपराधीकरण गर्न सक्ने कानुनी कमी कमजोरीहरुको संशोधन हुनु पर्दछ। महिला, बालिका र किशोरीहरुसँग सम्बन्धित कानुनहरुको संरक्षणवादी प्रकृतिले उनीहरुलाई नै हानी गर्न सक्छ किनकि यिनीहरुले महिला, बालिका र किशोरीहरुको एजेन्सी र स्वायत्तता हुँदैन भन्ने मान्यता राख्छन्। कानुनहरु व्यक्तिहरुको स्वायत्तता सम्बन्धि विचारमा समावेशी हुनुपर्छ र सहमति र सीमाहरुलाई ध्यानमा राख्ने किसिमको हुनुपर्छ।

विश्वव्यापी मानव अधिकारका उपकरणहरु विशेषगरी राष्ट्रिय कानुन आदर्श नभएको परिदृश्यमा आकर्षक पनि देखिन सक्छन् तर यिनीहरु पनि आफैमा त्रुटिरहित भने छैनन्। प्रश्न यो

38 Neupane, Maniram (Government Attorney). As stated during a personal interview with Body & Data.

रहन्छ कि विपन्न राष्ट्र वा सिमान्तकृत समूदायका महिलाहरुको हकमा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धि सन्धिहरु कतिको उपयोगी हुन्छन् जबकि यिनीहरुका उपकरणहरुले लैंगिक न्यायिक भाष्यको विश्वव्यापीकरण र सरलीकरण लागू गर्छन् र राष्ट्रिय तहका भू-राजनीति, लैंगिक राजनीति, सामाजिक आर्थिक र साँस्कृतिक यथार्थलाई उपेक्षा गर्छन्।

## विद्यमान कानुन भित्रका समस्याहरु

नेपालमा सामान्यतया समाजमा विशेषाधिकार प्राप्त व्यक्तिहरुको हिसाबले कानुनी उपायहरुको व्याख्या हुन्छ जसले पहुँच नहुने व्यक्तिहरुको लागि न्याय प्राप्ति चुनौतीपूर्ण बनाउँदछ। त्यस्तै पीडितको आवश्यकतालाई सम्बोधन गर्नु भन्दा पनि पीडित र पीडक बिचको मध्यस्थतालाई नै समस्या समाधान तर्फको पहिलो कदमको रुपमा हेरिन्छ। प्रहरीले पनि मानिसहरुलाई वार्ता गर्न र मिलापत्र गर्नका लागि नै दबाब दिने गर्दछन्। यसले सामान्यतया पीडितलाई कि मौन रहन बाध्य बनाउँछ कि त अन्यायपूर्ण समाधान प्रदान गर्छ।

*"कानुनको मुख्य उद्धेश्य अपराधीहरु उत्पादन गर्ने होइन बरु यस्ता अपराधहरु कम गर्ने भएको हुँदा उनीहरुले (पीडित) मुद्दा दायर गर्न नहुनेमा नै जोड गर्‍यौँ। त्यसैले हामी परामर्श प्रदान गरेर पीडकहरुलाई पुनः गल्ती नदोहोराउने प्रतिबद्धता गर्न लगाउछौँ। हामी मेलमिलापमा जोड दिन्छौँ।"[39] (प्रतिनिधि, साइबर अपराध युनिट, टेकु, काठमाण्डौं)*

पीडितहरुले मुद्दा दर्ता गर्ने क्रममा थप प्रताडित हुनुपर्ने हुन्छ किनकि त्यहाँ कुनै गोपनीयता (जस्तैः अलग कोठा) हुँदैन र उनीहरुले धेरै मानिसको अगाडि घटनाको विवरणहरु बताउन पर्ने हुन्छ। साइबर अपराधको घटना दर्ता गर्दा पनि पीडितले साइबर अपराध युनिटलाई प्रमाण उपलब्ध गराउनु पर्ने हुन्छ। उदाहरणका लागि नग्न तस्बिरहरु सार्वजनिक भएको घटनामा प्रमाण मागिनु। युनिटले ती प्रमाणहरु कम्प्युटर र कागजपत्रहरु भित्र राखिरहन्छ।

साइबर अपराध युनिट प्रतिनिधिसँगको हाम्रो अन्तर्वार्ताको दौरानमा हाम्रो अनुसन्धानकर्ताले प्रमाण सहितको फोल्डरहरु लकर बिना नै दराजमा राखिएको देखे। अन्तर्वार्ताको समयमा व्यवस्थित कार्यालय नभएका कारण युनिट कार्यालयको कोठा पनि अस्थायी पालभित्र थियो। पाल पनि साइबर अपराध युनिट र संगठित अपराध युनिट दुबैको काम गर्ने साझा थलोको रुपमा रहेको थियो। यसरी, त्यहाँ न पीडितबाट संकलित प्रमाण सम्बन्धि गोपनीयताको प्रत्याभूति थियो न त विभागको भौतिक निर्माण नै पीडितलाई मुद्दा दर्ता गर्नका लागि आश्वस्त पार्न सक्ने किसिमको नै थियो।

हदम्याद केही पीडितहरुलाई न्यायको पहुँचबाट रोक्ने अर्को पर्खाल हो। हामीले अवलोकन गर्दा अपराधको प्रकृति अनुसार ३ महिना देखि १ वर्ष सम्मको हदम्याद रहेको पायौँ। पीडितहरुको पृष्ठभूमि र सन्दर्भको पर्वाह नै नगरी विभिन्न अपराधहरुको लागि समान सीमा तोकिएको छ। उदाहरणको लागि घरेलु हिंसा वा कार्यस्थलमा भएको यौनजन्य दुर्व्यवहार वा गोपनीयताको उल्लङ्घन, मानहानी वा बदनामी जस्ता घटनामा ९० दिनभित्र उजुरी दर्ता गरेको हुनुपर्छ। बडी एन्ड डाटासँगको व्यक्तिगत अन्तर्वार्तामा अधिवक्ता सुविन मुल्मीले यस्ता हदम्यादहरु प्रमाण कानुनको प्रावधान र सिद्धान्तमा आधारित छन् जहाँ प्रमाणहरु नष्ट वा क्षतिग्रस्त हुनुअघि नै उजुरी दर्ता गरियोस् भन्ने उद्धेश्यले समय सीमाहरु तय गरिएको उल्लेख गरे। तथापि, यस्ता सीमाहरुले मनोवैज्ञानिक हानीको सामना गरेका र समय सीमाभित्रै कदम चाल्न नसकेका पीडितहरुलाई उजुरी दर्ता गर्नबाट रोक्न सक्ने कुरामा उनी विश्वास गर्छन्।

कानुनले हदम्याद तय गर्दा यस्ता हिंसाबाट उत्पन्न मानसिक आघातहरुको पहिचान नै गरेको छैन। नागरिक संहितामा केही शर्तहरु छन् जहाँ पीडितलाई समय सीमा पछि पनि उजुरी गर्न सक्ने मौका दिइएको छ तर यी प्राकृतिक विपद, दुर्घटना, गर्भावस्था आदीको स्थितिमा मात्र लागू हुन्छन्। यसले पीडितको धेरै सम्भावित मनोवैज्ञानिक परिस्थितिहरु समेट्दैन। कार्यान्वयनको सवालमा त कानुन निर्माताहरु यस्ता मनोवैज्ञानिक आघात वास्तविक हुन् र पीडितलाई न्याय प्राप्तिमा बाधा पुर्‍याउन सक्छन् भनेर स्विकार नै गर्दैनन्। व्यवस्थापकीय चुनौतीबाहेक, हामीले न्याय प्रणालीका अधिकारीहरुमा रहेका पूर्वाग्रहहरु पनि देख्यौँ। अन्तर्वार्ताको दौरानमा विभिन्न प्रतिनिधिहरुको एउटा साझा बुझाइ यो थियो कि उनीहरुको विचार अनुसार राष्ट्रिय कानुनहरुले माहिलालाई लाभ पुर्‍याइरहेका छन् तर पुरुषलाई भने पीडित बनाइरहेका छन्।

*"महिलालाई सुरक्षा दिने धेरै कानुनहरु भएकोले पुरुषहरु हिंसाबाट पीडित हुन सक्छन्।" ('केटाको पीडा देखेर आफैलाई माया लाग्छ') (प्रतिनिधि, साइबर अपराध युनिट, टेकु, काठमाण्डौं)[40]*

39 Interview note. May 2018

40 Interview note. May 2018

*"म सधैं महिलाहरुलाई सम्मान गर्छु र मेरो अधिकांश सहकर्मीहरु पनि माहिलावादी नै छन् र मैले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन समिति (CEDAW) बाट प्रशिक्षण पनि लिएको छु तर मलाई लाग्छ महिलालाई सुरक्षा गर्ने धेरै ऐनहरु छन्। यस्तो अवस्थामा पुरुषले कसरी प्रतिरक्षा गर्न सक्छ ?" (एक वरिष्ठ वकिल)*[41]

यस्ता अडानहरुले लैंगिक बाइनरी ( द्वयसांखिक लैंगिकता) लाई कायम राख्छन् र मानिसहरुको अवस्थिति र उनीहरुको न्यायिक पहुँचबारेको हाम्रो बुझाइ साँघुरो बनाउँदै लान्छ। यस बाहेक, कानुनी प्रावधानहरुको अवधारणालाई शून्य योगको सिद्धान्तका रुपमा (जस्तैः महिलाका लागि धेरै कानुनी सुरक्षा हुनु भनेको पुरुषको लागि कम हुनु हो भन्ने मान्यता) लिने गर्नाले पीडितलाई न्यायको पहुँचमा पुग्न थप बाधा सिर्जित हुन्छन्। यसरी हेर्दा न्याय प्रणालीका शक्ति धारकहरुले पीडितलाई नै दोष दिने र उनीहरुको नैतीक प्रहरी बन्दै पीडितलाई उपलब्ध कानुनी प्रावधानहरुको पूर्ण उपभोग गर्नबाट रोक्छन्।

*"न्याय प्रणालीका धेरैजसो व्यक्तिहरु संवेदनशील नै छन् तर उचित ऐनको अभाव र न्यायाधीसलाई प्राप्त एकाधिकारपूर्ण शक्तिका कारण न्याय प्रणाली कमजोर छ।" (सरकारी वकिल)*[42]

*"धेरैजसो (अनलाइन हिँसाका) घटनाहरु पूर्व जोडीहरुको हुने गर्दछ जसले अन्तरंग भिडियो र तस्बिर आदानप्रदान गरेका हुन्छन् र पछि जब उनीहरु अलग हुन्छन् ती तस्बिर वा भिडियोहरुको दुरुपयोग हुन्छ..... मानिसहरुले यस्तो भिडियोहरु किन बनाउन पर्‍यो ? त्यसैले अदालतको निर्णयमा प्रभाव पार्न सक्छन् र न्यायाधीसले जब महिला आफैले नै नग्न तस्बिरहरु पठाउछ भने पक्कै पनि उसको मञ्जुरी हुनुपर्छ भन्ने धारणा बनाउँछ।"(सरकारी वकिल)*

को र कस्तो व्यक्ति चाहिँ 'वास्तविक पीडित' हो भन्ने आम बुझाइले पनि न्याय प्राप्तिमा बाधा सिर्जना गर्दछ। "निर्दोष पीडित यस्तो खालको हुन्छ" भन्ने निश्चित बुझाइ सहितको रुढिवादी अवधारणाभित्र कुनै व्यक्ति मिल्दो नदेखिएको खण्डमा उसले कानुनबाट सुरक्षा पाउनै मुस्किल हुन्छ किनकि उसलाई त 'वास्तविक पीडित' नै मानिदैन।

*"प्रायजसो मानिसहरु विकट क्षेत्रका निर्दोष महिलाहरुप्रति सहानुभूति राख्छन्। तर अझै पनि मानिसहरु असंवेदनशील भएर महिला (पीडित)को चरित्रमा टिप्पणी गर्छन्। मुद्दाहरुको फैसला सधै मुद्दाको गहिराइ अनुसार मात्र नभएर पीडितको स्थिति अनुसार पनि हुने गर्दछ।" (सरकारी वकिल)*[43]

# समिक्षा गरिएका घटनाहरुको विश्लेषण

साइबर ब्यूरो र सम्बन्धित अदालतहरुबाट संकलित घटनाहरुको विश्लेषण गर्दा हामी देख्न सक्छौं कि उच्च संख्यामा पीडित महिलाहरु रहेका छन्। उनीहरु प्राय कि बर्तमान कि भूतपूर्व घनिष्ठ साझेदार, साथी, सहकर्मी, परिचित वा अपरिचित पुरुषबाट प्रताडित छन् जसलाई उनीहरुले सामाजिक सञ्जालबाटै चिनेका थिए। अन्य पीडितहरुमाथि सहमति बिनाका तस्बिर वा भिडियोहरुको प्रसार, साइबर पिछा, पहिचान चोरी, डक्सिङजस्ता अनलाइन हिँसाहरु भएको देखिन्छ। सामान्यतया पीडकहरुले पीडितहरुको शारीरिक स्वायत्तता र मर्यादामा प्रहार गरेका छन् र उनीहरुको गोपनीयता अतिक्रमण गरेका छन्। सामान्य नेपाली समाजले महिलाको लज्जा र मर्यादाको अवधारणालाई उनीहरुको यौनिकतासँग जोड्ने हुँदा प्राय पीडक पुरुषहरुले सजिलो लक्ष्यको रुपमा महिलाहरुको यौनिकतामै प्रहार गरेका छन्।

कानुनी व्यवस्थाभित्रका अधिकारीहरु पितृसत्तात्मक मूल्य मान्यताबाट निर्देशित छन्। यो व्यवस्था पीडितमैत्री छैन जहाँ प्रायजसो महिला र लैंगिकताको कुनै पनि बाकसमा नपर्ने व्यक्तिहरु पीडित हुने गर्दछन्। व्यवस्थाले पीडकहरुलाई जवाफदेही बनाउने सम्भावना छैन भनेर बुझेका कारण उनीहरु जोखिमपूर्ण समूहका व्यक्तिहरुको यौनिकतामाथि नै प्रहार गर्न उत्प्रेरित हुन्छन्। यी घटनाहरुमा अदालतले गरेका निर्णयहरुले पनि न्याय प्रणालीको प्रकृति बुझ्न सहयोग गर्छन्। हामीले विश्लेषण गरेका कमजोरीहरुमध्ये पीडितलाई आशय प्रमाणित गर्न र प्रमाण जुटाउन बोकाइदिने बोझ एउटा हो। यो पीडितमैत्री दृष्टिकोण होइन यसले बरु शक्तिशाली पीडकहरुको वर्गीय हैसियतलाई नै सहयोग पुर्‍याउँछ।

पीडित महिलाहरुको पक्षमा नै निर्णय गर्दा पनि त्यस्ता कार्यहरु हुनु उनीहरुको गोपनीयताको हक, शारिरीक स्वायत्तता र मर्यादित जिवनको हक उल्लङ्घन हुनु हो भन्ने तथ्यमा नभइ महिलाको इज्जतमा जोड दिइन्छ। त्यसैगरी अधिकारीहरुको हकमा प्राविधिक असमर्थता पनि स्पष्ट देखिन्थ्यो। उदाहरणको लागि उनीहरुले केही घटनाहरुमा पीडकको अन्य उपकरणको सट्टा कम्प्युटर जफत गरिरहेका थिए जबकि हिँसा भने मोबाइल फोन मार्फत भएको थियो।

41 Interview note. June 2018

42 Interview note. June 2018

43 Interview note. June 2018

अनलाइन हिंसाको मुद्दामा पीडितका लागि क्षतिपूर्तिको व्यवस्था हुनु दुर्लभ नै छ भने अन्य प्रकारका हिंसाको तुलनामा अनलाइन हिंसाका पीडकहरुलाई सजाय पनि निकै कम छ। अनलाइन हिंसालाई प्रत्यक्ष सम्बोधन गर्ने विदयुतीय कारोबार ऐन करिब दुई दशक अगाडि ल्याइएको कारण पनि क्षतिपूर्तिको राशी आजको मापदण्डमा तुलनायोग्य नहुन सक्छ। अवश्य पनि अत्याधिक सजायले अपराध र धेरै क्षतिपूर्तिले पीडितमाथि हुने हानी कम गर्ने होइन तथापि वर्तमान समयसँगको कानुनको बेमेललाई ध्यानमा लिन आवश्यक छ।

अनलाइन र अफलाइन जस्तो फरक माध्यमहरुमा हुने उस्तै अपराधको लागि पनि प्रावधान र सजायहरु फरक फरक छन् भनेर बुझ्नु आवश्यक छ। अनलाइन सम्बन्धि कसुरमा १ लाख र ८ वर्षसम्म कैदको सजाय र क्षतिपूर्तिको व्यवस्था छ जबकि अफलाइनको लागि १० हजार क्षतिपूर्ति र १ वर्ष कैद सजायको मात्र व्यवस्था छ। यो असमानता किन विद्यमान छ भनेर प्रष्ट छैन। अनलाइन अभिव्यक्तिको व्यापक पहुँचलाई हेर्दा, अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने नियतले नै अनलाइन घटनाहरुका सम्बन्धमा कठोर सजायको व्यवस्था गरिएको बुझ्न सकिन्छ। जबकी अनलाइन हिंसा सम्बन्धि घटनाहरु भनेको संयुक्त प्रयासबाट सम्बोधन गर्नुपर्ने बिषय हो।[44] प्रस्तावित सूचना प्रविधि विधेयकमा पनि अनलाइन अपराधका लागि पहिल्यै अफलाइन स्थानका लागि निर्मित अन्य कानुनहरुमा सम्बोधन गरे जस्तै प्रावधानहरु छन् , जस्तैः अपराध संहिता।

प्रविधिको नयाँ क्षेत्रको लागि नयाँ कानुनहरुको खोजी गर्नुभन्दा पनि अभौतिक हिंसालाई सम्बोधन गर्ने विद्यमान कानुनहरुलाई सुधार गर्दै अनलाइन हिंसाका मुद्दाहरु सम्बोधन गर्न प्रयोग गर्न सकिन्छ। तर यो स्पष्ट छ कि पितृसत्ताले गाजेको सामाजिक सांस्कृतिक मूल्य मान्यताहरुले अनलाइन हिंसासँग सम्बन्धित कानुनको निर्माण र कार्यान्वियन दुबैमा प्रभाव पार्न सक्छन् जसको क्षति महिला र अल्पसंख्यक समूहहरुले बहन गर्नुपर्ने हुन्छ। यस्तो हिंसालाई हाम्रो न्याय प्रणालीभित्रका कमजोरी र अक्षमताले छुट प्रदान गरिरहेका छन्। पीडितहरुले न्याय खोज्दा प्रयोग गर्न सक्ने प्रावधानहरु छन् तर कानुनी नीतिहरुको ढाँचाहरु यस्ता छन् कि नागरिक समाजलाई 'क्याच-२२'को स्थितिमा राख्छन् (भन्नुको अर्थ एउटै कानुनले पीडितलाई सहायता गर्ने या बिरोध/असमतिका आवाजलाई दबाउन दुरुपयोग हुने खालको अस्पष्टता पनि हुन सक्छ )। समग्रमा अनलाइन हिंसाले नेपालका महिला र अल्पसंख्यकहरुको शारीरिक, सामाजिक, आर्थिक र मानसिक स्वास्थ्यका विविध आयामहरुमा निरन्तर असर गरिरहेको छ।

44 Body & Data. (2020). Unshackling Expression: A study on criminalization of Expression Online in Nepal. Association of Progressive Communication. https://news.cyrilla.org/wp-content/uploads/2020/12/UnshacklingExpressioNepal.pdf

# सुझाव

१. हाम्रो नीति मानचित्रण र विश्लेषणले अनलाइन हिंसासहित अभौतिक हिंसाका घटनाहरु भएको अवस्थामा न्याय खोज्दा प्रयोग गर्न सकिने कानुनी ढाँचाहरु नेपालमा पहिल्यै विद्यमान रहेको देखाउँछ। यद्यपि अनलाइन हिंसालाई हिंसाका रुपमा अझ स्पष्टताका साथ स्विकार गर्नका निम्ति कानुनहरु संशोधित हुन आवश्यक छन्।

२. हाम्रो न्याय प्रणालीले मात्र नभएर हाम्रो सामाजिक साँस्कृतिक व्यवस्थाले पनि अनलाइन हिंसाको पहिचान गर्नु पर्दछ। अनलाइन हिंसा वरपरका कानुनहरुले मानिसहरुको अभिव्यक्तिको अधिकार, गोपनीयताको अधिकार र अनलाइन हिंसाबाट सुरक्षित रहन पाउने अधिकार सुरक्षित गर्नु पर्दछ।

३. अभिव्यक्ति स्वतन्त्रता र गोपनीयतालाई सम्बोधन गर्ने विद्युतीय कारोबार ऐन र सूचना प्रविधि विधेयकजस्ता कानुनहरुलाई अनलाइन अभिव्यक्ति स्वतन्त्रताको हकमा भएका व्यापक र अस्पष्ट प्रतिबन्धहरु हटाउनका निम्ति संशोधन गर्नुपर्छ।

४. प्रहरी र अदालत लगायत न्याय प्रणालीभित्रका अधिकारीहरु पीडितले भोग्नु परेका मानसिक हानीहरुलाई सम्बोधन गर्न संवेदनशील बन्न आवश्यक छ। जस्तै प्रहरीबाट पीडित र पीडकबिच जथाभाबी मेलमिलाप गराउन खोज्ने वा पीडितलाई दोष लगाउने र नैतीकतामा प्रश्न गर्ने कार्य बन्द हुनुपर्छ।

५. ऐतिहासिक रुपमा उत्पीडित महिला, क्वेयर, सिमान्तकृत र बञ्चित समूदायहरुलाई ध्यानमा राख्दै र मानव अधिकारमुखी पद्धतिलाई बढावा दिनका निम्ति सहमतिलाई सार्वजनिक नैतीकता विरुद्धका, अश्लीलता, घृणा वा ईर्ष्या फैलाउने वा विभिन्न समूहहरु बिचको सामञ्जस्यतापूर्ण सम्बन्धमा खलल पुऱ्याउने किसिमको कार्य ठानेर गैरकानुनी मान्ने प्रावधानहरुलाई संशोधन गर्न आवश्यक छ।

६. लैंगिक हिंसा र अनलाइन हिंसाको सामना गर्न कानुनी हस्तक्षेप र प्रहरी, अदालत जस्ता राज्य कानुन प्रर्वतन एजेन्सीहरुलाई बलियो बनाउने मात्र नभएर महिलाहरुको आर्थिक सशक्तिकरण र शिक्षाको क्षेत्रमा स्रोत साधन र कोषहरु छुट्याइनु पर्छ। कानुनी सक्रियता र कानुनी साक्षरता महत्वपूर्ण त हुन्छन् नै तर सामाजिक आर्थिक र साँस्कृतिक क्षेत्रहरुमा हस्तक्षेप नगरेसम्म यी अपूरो नै हुन्छन्।

७. अनलाइन हिंसाबाट पीडितहरुले राज्य र गैर-राज्य अभिकर्ताहरुबाट शारीरिक सुरक्षा, कानुनी परामर्श र डिजिटल सुरक्षाको लागि आश्रयको व्यवस्था सहित तत्काल सहायता प्राप्त गर्न सक्ने संयन्त्रहरुको विकास गर्नुपर्छ।

# पूरक अंश

## संकलित घटनाहरुको तथ्याङ्क विश्लेषण

| घटना नं. | स्थान र पीडित-पीडकबिचको सम्बन्ध | अपराध/आरोपको संक्षिप्त विवरण, प्रमाण संकलन (उपलब्ध भएमा) | अदालतको निर्णय र सजाय (दोषी करार गरिएको फैसलाको स्थितिमा) |
|---|---|---|---|
| ००१ | काठमाण्डौं सहकर्मी | इमेल मार्फत अश्लील म्यासेज र तस्बिर पठाएको | |
| ००२ | भक्तपुर, पूर्व जोडी | सहमति बिना यौन भिडियो रेकर्ड र पछि सार्वजनिक गरिएको, धम्की दिने प्रयास।<br>कम्प्युटर सिपियु, मोबाइल फोन र सिडी जफत गरिएको थियो। | प्रतिवादीले अपराध गरेको प्रमाणित। कानुनले "विद्युतीय माध्यममा अवैधानिक सामाग्री प्रकाशन गरेर महिलाको इज्जत, मर्यादा र प्रतिष्ठामा गम्भीर हानी पुर्‍याएको" मान्छ। ६ महिना कैद र रु १०,०० जरिवानाको सजाय। |
| ००३ | काठमाण्डौं, सामान्य साथीहरु | नक्कली अनलाइन प्रोफाइल बनाएर पीडितको बदनाम हुने सामाग्रीहरु पोस्ट गरेको, पीडितको आमा र बहिनीलाई अनलाइन मार्फत बलात्कारको धम्की।<br>धम्की दिन प्रयोग गरेका मोबाइल र सिम कार्ड प्रहरीबाट जफत। | जिल्ला अदालतः प्रतिवादीले अपराध गरेको प्रमाणित भएकोले उनी रु ५,००० जरिवाना र १ वर्ष कैद सजायको उत्तरदायी बनाइएको।<br>प्रतिवादीले पीडितको जिवन र प्रतिष्ठामा गम्भीर क्षति पुर्‍याएको कारण पीडितलाई प्रतिवादीबाट रु ७५,००० क्षतिपूर्ति प्रदान गरिनु पर्ने।<br>पुनरावेदन अदालतः तल्लो अदालतले अभियुक्तको मोबाइल जफत नगरेको कारण पुनरावेदन अदालतले अभियुक्तको मोबाइल जफत गर्ने निर्णय र बाँकी निर्णयहरु भने कायम रहने। |
| ००४ | काठमाण्डौं, सहकर्मी साथीहरु | डक्सिङ, साइबर पिछा, अश्लील म्यासेज सहित पीडितको व्यक्तिगत सम्पर्क नम्बर र नाम वयस्क वेबसाइटमा पोस्ट गरिएको।<br>प्रमाणको रुपमा प्रतिवादीको मोबाइल, ट्याब्लेट र कम्प्युटर सिपियुलाई लिइएको। | जिल्ला अदालतः पीडितलाई अश्लील म्यासेज र तस्बिरहरु पठाएको भन्ने अभियुक्तको बयानअनुसार अदालतले अभियुक्तलाई रु ५,००० जरिवाना सजाय तोकेको। अदालतले पीडितका निम्ति कुनै क्षतिपूर्तिको आदेश दिएन।<br>पुनरावेदन अदालतः पुनरावेदनले आपराधिक क्रियाकलाप मोबाइल फोनको प्रयोगबाट (जुन पहिल्यै जफत गरिएको थियो) गरिएको हुँदा अभियुक्तको कम्प्युटर वा ट्याब्लेट जफत गर्नु अनावश्यक रहेको दाबी गर्‍यो। पीडितको कुनै पनि कागजातमा क्षतिपूर्तिको उल्लेख नगरिएको उद्धृत गर्दै अदालतले पीडितलाई क्षतिपूर्ति प्रदान गरेन। |
| ००५ | काठमाण्डौं; पति र पत्नीको रुपमा उल्लेख गरिएको (तर प्रमाण नभएको र पीडितले एफआइआरमा उल्लेख नगरेको) | प्रतिवादीले पीडितको फेसबुक ह्याक गरेको र यस मार्फत अन्य पुरुषलाई अश्लील म्यासेजहरु पठाएको। प्रतिवादीले पीडितलाई पनि अश्लील कल र म्यासेजहरु गरेको।<br>प्रतिवादीको मोबाइल र सिम कार्ड जफत गरिएको। | जिल्ला अदालतः जिल्ला अदालतले अपराध गरेकोमा उत्तरदायी बनायो र १८ दिन कैद र रु ५,००० जरिवाना सजाय दिलायो।<br>पुनरावेदन अदालतः वादीले क्षतिपूर्ति रकम उल्लेख नगरेको उद्धृत गर्दै अदालतले पीडितका लागि क्षतिपूर्तिको आदेश दिन नसकेको दाबी गर्‍यो। |
| ००६ | काठमाण्डौं; परिचितहरु | प्रतिवादीले पीडितको नाममा फेसबुक खाता बनाएको र यस मार्फत पीडित र अन्य महिलाहरुको तस्बिरहरु अनुमति बिना पोस्ट गरेको।<br>प्रतिवादीको मोबाइल र सिम कार्ड लिइएको। | जिल्ला अदालतः प्रस्तुत प्रमाणहरुबाट यो घटनामा प्रतिवादीको संलग्नता रहेको प्रष्ट भएको हुँदा विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७ (१) अनुरुप प्रतिवादीलाई रु ३,००० जरिवानाको उत्तरदायी बनाइयो।<br>पुनरावेदन अदालतः पुनरावेदनले पनि जिल्ला अदालतकै निर्णयलाई कायम राख्यो। पीडितले प्रस्तुत गरेका कुनै पनि बयान वा कागजातमा पीडितले बेहोरेको हानी बराबर रकम दाबी नखुलाइएको आधारमा पीडितलाई कुनै क्षतिपूर्ति प्रदान गरिएन। |
| ००७ | नवलपरासी; विवाहित दम्पति | प्रतिवादीले पीडितको नाममा नक्कली प्रोफाइल बनाएर यस मार्फत अपमानजनक सामाग्रीहरु पोस्ट गरेको।<br>प्रतिवादीको मोबाइल फोन, ल्यापटप र सिम कार्ड जफत। | जिल्ला अदालतः प्रतिवादीलाई विद्युतिय कारोबार ऐनको दफा ४७ अनुरुप रु २,००० जरिवानाको उत्तरदायी बनाइयो।<br>पुनरावेदन अदालतः पुनरावेदनले तल्लो अदालतको दोषी फैसलालाई कायम राख्दै प्रतिवादीलाई रु २,००० जरिवानाको दायरामा ल्यायो। |

| | | | |
|---|---|---|---|
| ००८ | काठमाण्डौं; परिचितहरु | एसएमएस मार्फत अनलाइन हिंसा<br>मोबाइल, सिम कार्ड, कल विवरण र एसएमएस इतिहासलाई प्रमाणको रुपमा लिइएको। | जिल्ला अदालतः प्रतिवादीलाई २१ दिन कैद सजाय दिइएको। पीडितमा परेको हानीको लागि न पीडितले न त वकिलहरुले नै क्षतिपूर्ति रकम निर्धारण गरेको हुनाले कुनै पनि क्षतिपूर्ति प्रदान नगरिएको।<br>पुनरावेदन अदालतः पुनरावेदनले पनि तल्लो अदालतका दुबै निर्णयलाई नै कायम राखेको। |
| ००९ | काठमाण्डौ; ८ वर्ष लिभ-इन सम्बन्धमा रहेको | एसएमएसमा अश्लील म्यासेज र ज्यान मार्ने धम्की मार्फत दुर्व्यवहार। मोबाइल, सिम कार्ड, कल विवरण र एसएमएस इतिहासलाई प्रमाणको रुपमा लिइएको। | जिल्ला अदालतः दुर्व्यवहारको दाबीसँग नेपाल दुरसञ्चार कार्यालयले उपलब्ध गराएको कल र म्यासेज विवरण मेल नखाएको हुँदा अदालतले म्यासेजको आधिकारिकता पुष्टि हुन नसकेको दाबी गऱ्यो। अदालतको अनुसार, वादीसित अभियुक्तको मोबाइलबाट पठाइएको म्यासेज प्रमाणित गर्नु पर्ने जिम्मेवारी छ। वादीले घटनाको १ वर्षपछि मात्र मुद्दा दायर गरेको कारण हदम्याद पनि पार भइसकेको थियो। परिणाम स्वरुप प्रतिवादीलाई अभियोगमा उल्लेखित कुनै पनि अपराधको लागि दोषी मानिएन र निर्दोष ठहर गरियो।<br>पुनरावेदन अदालतः जिल्ला अदालतकै निर्णय कायम। |
| ०१० | काठमाण्डौं; विवाहित दम्पति | डक्सिङ, पहिचान चोरी, नक्कली फेसबुक खाता, अश्लील तस्बिर र म्यासेजहरु पोस्ट गरेको, सहमति बिना यौनजन्य भिडियो रेकर्ड, जबरजस्ती असुली।<br>वादीका अनुसार, प्रतिवादी (उनका श्रीमान) हिंस्रक भएका कारण उनले बुवाआमाको घरमा आएर श्रीमान विरुद्ध सम्बन्ध विच्छेदको मुद्दा दायर गरिन्। यस अवधिमा, प्रतिवादीले उनको नाममा नक्कली फेसबुक खाता बनाएर उनको तस्बिरहरु र अपमानजनक सामाग्रीहरु पनि पोस्ट गरे। प्रतिवादीले उनको नामको प्रोफाइलको सहारामा अन्य व्यक्तिलाई यौन प्रस्ताव राखे र मानिसहरुलाई वादी यौनकर्मी भएको बताए। वादीले प्रतिवादी अन्य महिलाहरुसँग पनि यौन भिडियो बनाउदै फाइदा उठाउने र पछि धम्की पनि दिने कार्यमा संलग्न रहेको दाबी गरिन्। | |
| ०११ | काठमाण्डौं; प्रतिवादी वादीको घरमा निर्माण कामदारको रुपमा रहेको | नक्कली आइडी बनाउँदै पीडितको अनुमति बिना तस्बिर पोस्ट गरिएको, सेक्सटोर्सन, धम्की।<br>वादीका अनुसार, प्रतिवादीले पीडितको नाममा फेसबुक खाता बनाए र उनीहरुले चुम्बन गरिरहेको तस्बिर पोस्ट गरे। प्रतिवादीले उनीहरु सम्बन्धमा हुँदा उनको मञ्जुरी बिना नै लिइएका अश्लील भिडियोहरु पनि पठाए। उनलाई यो घटनाबारे उनका आफन्तहरुले जानकारी गराए। प्रतिवादीले वादीलाई आफूसँग शारीरिक सम्बन्ध नराखेको खण्डमा युट्यूबमा उनको तस्बिर र भिडियोहरु हालिदिने धम्की पनि दिन थाले जसको कारण पीडित दबाबमा पर्न बाध्य भइन्। | |
| ०१२ | चितवन र पोखरा; वादी प्रतिवादीका सासु भएको | तस्बिर छेडछाड, पररुपधारण, डक्सिङ मार्फत अनलाइन हिंसा। प्रतिवादीले नक्कली फेसबुक खाता बनाएर फोटोसपको प्रयोग गर्दै वादी र परिवारका सदस्यहरुको नग्न तस्बिरहरु बनाए र पोस्ट गरे। प्रतिवादीले वादी भएको नाटक गर्दै अपमानजनक सामाग्रीहरु र उनको फोन नम्बर राखे र अरु व्यक्तिहरुलाई यौनको लागि निमन्त्रण पनि गरे। | |
| ०१३ | काठमाण्डौं; अज्ञात (अपरिचित) | धम्की, अश्लील तस्बिर र म्यासेजहरु, फोटोसप गरिएको तस्बिरहरु, डक्सिङ।<br>वादीले आफूलाई पैसाको लागि फोटोहरु पोस्ट गरिदिने धम्की दिने अज्ञात व्यक्तिलाई गिरफ्तार गरी सजाय दिन अनुरोध गर्दै निवेदन दायर गरेकी थिइन्। वादीले पछि पत्ता लगाइन् कि उनको र साथीहरुको तस्बिरहरुलाई फोटोसप गरेर नग्न बनाइएको थियो र ती व्यक्तिले उनीहरुलाई नक्कली फेसबुकबाट रिचार्ज कार्ड मागेको थियो। | |
| ०१४ | काठमाण्डौं; प्रतिवादी वादीको पतिको पूर्व पत्नी | यौन दुर्व्यवहार र मानहानी।<br>फेसबुक मार्फत अपमानजनक आरोपहरु लगाउदै आफूलाई कष्ट दिएको र सुरक्षामा हानी पुऱ्याएको भन्दै वादीले प्रतिवादी विरुद्ध साइबर अपराधको मुद्दा दायर गरिन्। प्रतिवादीले अनुमति बिना वादीका तस्बिरहरु पनि पोस्ट गरेका थिए। | |
| ०१५ | सिराहा; पूर्व जोडी (प्रतिवादीको दाबी अनुसार) | मानहानी, अनुमति बिना तस्बिर सार्वजनिक।<br>वादी र प्रतिवादीको परिचय फेसबुक मार्फत भएको थियो। वादीका अनुसार, प्रतिवादीले उनलाई उनकै फोटो सहितको नक्कली फेसबुक प्रोफाइलबाट मित्रताको अनुरोध पठाए। प्रतिवादीले म्यासेज र अनलाइन मानहानी मार्फत मानसिक कष्ट दिए। | |

# कानुनको विश्लेषण

## घरेलु हिंसा (कसुर र सजाय) ऐन, 2066

प्रवर्तन एजेन्सीः नेपाल महिला आयोग, प्रहरी कार्यालय, स्थानीय निकाय

कार्यः प्रहरी वा स्थानीय निकायले उजुरीको २४ घण्टाभित्रमा पीडक पेश गर्नेछन् र यात्राको समयमा बाहेक उसले बयानको लागि उपस्थित हुन अस्विकार गरेमा गिरफ्तार गर्नेछन्। तथापि, "यस ऐन बमोजिम गरिएको कसुरको लागि सो अपराधको ९० दिन भित्रमा उजुरी दर्ता गरिनेछ।"

| धारा/खण्ड | भाषा | विश्लेषण |
|---|---|---|
| २ (क) परिभाषा | "घरेलु हिंसा" भनेको पारिवारिक सम्बन्ध रहेको व्यक्तिबाट हुने कुनै पनि स्वरुपको शारीरिक, मानसिक, यौनिक र आर्थिक हानी हो जसमा गालीगलौज वा भावनात्मक हानी पनि सामेल हुन्छ। | यसले विशिष्ट रुपमा मानसिक, यौनिक र भावनात्मक क्षतिबारे पनि उल्लेख गर्छ। |
| २ (घ) परिभाषा | "मानसिक क्षति" भन्नाले पीडितलाई शारीरिक यातना दिनु, त्रसित बनाउनु, होच्याउनु, झुठो आरोप लगाउनु, जबरजस्ती घरबाट निकाल्नु, चोट पुऱ्याउनु वा भावनात्मक हानी पुऱ्याउनु हो। यस अभिव्यक्तिमा पूर्वाग्रह, धर्म, संस्कृति, रितिरिवाज र परम्पराको आधारमा हुने कुनै पनि भेदभाव पनि समेटिन्छन्। | जबरजस्ती असुली, धम्की, कसैलाई अनलान मार्फत अनुचित प्रभावमा पार्ने घटनाहरु सम्बोधन गर्न काम लाग्ने। |
| २ (ग) परिभाषा | "यौनिक क्षति" भनेको यौनजन्य व्यवहार, अपमान, कुनै पनि व्यक्तिको आत्मसम्मानमा हानी पुऱ्याउने वा हतोत्साहित बनाउने वा सुरक्षित यौन स्वास्थ्यमा असर गर्ने कुनै पनि कार्य हो। | अनलाइन हिंसाका धेरै घटनाहरुमा पीडितको आत्मसम्मानमा क्षति पुग्दछ। |
| ४ (९) उजुरी दर्ता | उपदफा (८) बमोजिम मेलमिलाप सञ्चालन भइरहेको बेला मनोविद, समाजशास्त्री, सामाजिक अभियन्ता र पीडितले विश्वास गरेको परिवारको सदस्य वा अरु कुनै साक्षीको सहायता लिन सकिन्छ। | यो प्रहरी वा स्थानीय निकायले पीडक पेश गरेपछि र घरेलु हिंसाको कार्य भएको हो बनेर विश्वास गर्नुपर्ने कारणहरु पत्ता लगाइसके पछि हो। कुनै कार्य हिंसा हो कि होइन भनेर निर्धारण गर्ने शक्ति यहाँनिर सम्बन्धित अधिकारी/ प्रणालीलाई प्रदान गरिएको छ। |
| ४ (११) | उपधारा (४) र (५) अनुसार यदि पीडक देखा नपरेमा वा उनलाई उपस्थित गराउन नसकिएमा वा विभिन्न पक्षहरुले मेलमिलापबाट विवाद समाधान गर्न नसकेमा प्रहरी अधिकृत र स्थानीय निकायले उजुरीकर्ताको सहमति सहित उपदफा (८) अनुसार तीस दिनको म्याद सकिए पछिको पन्ध्र दिनभित्र उजुरी अदालत पठाउनेछ जसमा प्रमाण र अन्य प्रासंगिक कानुनी कागजातहरु सहित सम्पूर्ण विवरण उल्लेख गरिएको हुनेछ। | "विभिन्न पक्षहरुले मेलमिलाप मार्फत विवाद साम्य पार्ने प्रयास गरिरहेको" भनेर जोड दिइनु मुद्दा अदालत पुग्नु अगाडि नै मिलाउनका लागि स्थानीय अधिकारीहरुलाई शक्ति प्रदान गरेर फेरि न्यायको पहुँचलाई पछाडि धकेल्नु हो। हाम्रो समाजका महिला र क्वेयर व्यक्तिहरुको सामाजिक स्थिति र बार्गेनिंग गर्न सक्ने कमजोर स्थितिलाई नियाल्दा, धेरैलाई आर्थिक वा अन्य लाभको लागि सम्झौता गर्न दबाब दिइन्छ। यसअघि त्रसित बनाइएको र जबरजस्ती मेलमिलाप गराइएको उदाहरणहरु पनि छन्। |

## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, 2071

कार्यः कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐनले दुई आन्तरिक र बाह्य उजुरी संयन्त्रहरुको परिकल्पना गर्छ। आन्तरिक उजुरी सम्बोधन संयन्त्र अन्तर्गत रोजगारदाता, प्रबन्धक, मानव स्रोत विभाग र बाह्य उजुरी सम्बोधन संयन्त्र अन्तर्गत जिल्ला प्रमुख अधिकारी हुनेछन्।

व्यवस्थापन समक्ष पन्ध्र दिनभित्रमा पीडक विरुद्ध उजुरी दायर गर्नु पर्नेछ।

| धारा/खण्ड | भाषा | विश्लेषण |
|---|---|---|
| ४. यौन दुर्व्यवहारको सम्बोधन हुनुपर्ने मान्यता उल्लेख छ। | कुनै पनि व्यक्तिले पद वा शक्तिको दुरुपयोगमा वा कुनै पनि प्रकारको दबाब आरोपण, अनुचित प्रभाव वा प्रलोभनमा गरेका निम्नलिखित अस्वभाविक कार्यहरुलाई यौन दुर्व्यवहार मानिनेछः<br>शारीरिक सम्पर्क र लाभ,<br>पोर्नोग्राफिक सामाग्रीहरु देखाउनु वा प्रदर्शन गर्नु,<br>लिखित, मौखिक वा गैर-मौखिक माध्यमबाट यौनिक आशय व्यक्त गर्नु,<br>यौन अनुग्रहको लागि माग गर्नु वा प्रस्ताव राख्नु, र<br>यौनिक आशयका साथ जिस्काउनु वा दुर्व्यवहार गर्नु। | |
| ६. उजुरी संयन्त्र | आन्तरिक उजुरी सम्बोधन संयन्त्र अन्तर्गत, यौन दुर्व्यवहारका उजुरीहरु सम्हालने क्रममा रोजगारदाता/प्रबन्धकसँग निम्नलिखित कार्यहरु हेर्ने शक्ति हुन्छः<br>आरोपित र पीडितबिच दुबै पक्षको परस्पर सहमति सहित मेलमिलाप गराउने;<br>पीडकलाई पीडित समक्ष माफी माग्न लगाउने;<br>पीडकलाई सो कार्य फेरि नदोहोराउन चेतावनी दिने<br>पीडकबाट पीडितका लागि उचित क्षतिपूर्तिको व्यवस्था गराउने; र<br>आन्तरिक कर्मचारी सेवा नियम बमोजिम पीडक विरुद्ध विभागीय कदम चाल्ने। | ऐनले रोजगारदातालाई संस्थाभित्र उजुरी सम्हाल्ने विशिष्ट जिम्मेवारी प्रदान गरे पनि उक्त उजुरी सम्बोधन गर्ने समिति स्थापना गर्न बाध्य पारेको छैन। जबकी उजुरी सम्बोधन प्रक्रियाको सुव्यवस्था सुनिश्चित गर्न, उजुरीको शिघ्र सम्बोधन गर्न र पीडितहरुले कहाँ कसलाई सम्पर्क गर्नु पर्छ भनेर स्पष्ट गर्न यस्तो समितिको गठन महत्वपूर्ण हुन्छ। पुनः 'पक्षहरुबिचको मेलमिलाप'लाई प्राथमिकता दिइएको छ। यस मामिलामा यो कार्य आन्तरिक संयन्त्रले गरेको छ। कार्यस्थलमा हुने दुर्व्यवहार पीडकभन्दा कमजोर शक्ति र विशेषाधिकार भएको व्यक्तिमाथि हुने भएकोले पीडितको वार्ता शक्ति कमजोर हुने गर्दछ। आन्तरिक कर्मचारी सेवा नियम अनुसारको कार्य अन्त्यमा मात्र आएको छ। |

## विद्युतीय कारोबार ऐन, 2063

प्रवर्तन एजेन्सीः नेपाल महिला आयोग, प्रहरी कार्यालय, स्थानीय निकाय

कार्यः प्रहरी वा स्थानीय निकायले उजुरीको २४ घण्टाभित्र पीडकलाई पेश गर्नु पर्नेछ र यदि पीडकले बयानको लागि उपस्थित हुन अस्विकार गरेमा उसलाई यात्राको समयमा बाहेक गिरफ्तार गर्ने छन्। तथापि, "यस ऐन बमोजिमको कसुरको उजुरी अपराधको ९० दिन भित्रमा दायर गरिसक्नु पर्नेछ।"

| धारा/खण्ड | भाषा |
|---|---|
| ४७ | यदि कुनै व्यक्तिले कम्प्युटर वा इन्टरनेट सहित कुनै पनि विद्युतीय माध्यम मार्फत प्रचलित कानुनबाट प्रतिबन्धित वा सार्वजनिक नैतीकता वा भद्र व्यवहार विपरितका, वा कुनै व्यक्ति विरुद्ध घृणा वा ईर्ष्या फैलाउने किसिमका सामाग्री वा विभिन्न जातजाति, समूदाय बिच कायम रहेको सद्भावपूर्ण सम्बन्धमा खतरा उत्पन्न गराउने सामाग्रीको प्रकाशन वा प्रदर्शन गर्दछ वा कसैलाई धम्की, दिने, जिस्काउने अपमान गर्ने वा महिला विरुद्ध कुनै पनि किसिमको अनैतीक क्रियाकलाप गर्दछ भने उसलाई रु १ लाखसम्मको जरिवाना वा ५ वर्षसम्मको कैद सजाय वा दुबै पनि हुनेछ। |

# अनलाइन हिंसा सम्बन्धी कानुनहरुको मानचित्रण (म्यापिङ)

यो नेपालमा प्रचलित अनलाइन हिंसा सम्बन्धी कानुनलाई डिजिटल अधिकारको परिधिमा रहेर लैंगिकता र यौनिकतालाई केन्द्रमा राखेर गरिएको मानचित्रण र पुनरावलोकन हो। सम्बन्धित कानुनहरुको विश्लेषण गर्नका लागि तीनवटा अधिकारवादी दृष्टिकोण ; गोपनीयताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र हिंसाबाट मुक्तिलाई आधार बनाइएको छ। यो दस्तावेज, पीडित, कानुन व्यवसायी र अभियन्ताहरुका लागि एउटा सघन मार्गनिर्देशक हुनेछ।

## विरोधाभाषी स्वरुप

धेरै कानुन दोहोरो बनावट(फ्रेमिंग)का छन्; यसबाट पाउने लाभहरुसंग धेरै सिमितता पनि जोडिएर आएका छन्। अनलाइन हिंसाका पीडितहरुले न्यायको खोजी गर्न पाउने उद्देश्य राखिएपनि अतिरिक्त धाराहरुले नागरिक स्वतन्त्रतामाथि अंकुश लगाउने सम्भावना रहेको छ। यहाँ उद्धृत गरिएका धेरैजसो कानुनहरुमा यही निष्कर्ष दोहोरिएको छ।

## सरकारका लागि असीमित अधिकार

(यो कानुनले सम्भावित दोषीको छानबिन/खोजतलासको प्रक्रियाका लागि अदालती आदेश वा (खोज तलाशी लिइदै गरेको) व्यक्तिलाई आवश्यक पर्ने कानुनी सहायता आदि बारेमा उल्लेख गरेको छैन। शंका लागेको र खोजतलास गरिरहिएको व्यक्ति पूर्णतया नियन्त्रकको निर्णयमा निर्भर रहनुपर्ने हुन्छ। यस कानुनका आधारमा शक्तिमा रहेका व्यक्तिले कानुनको दुरुपयोग गर्दै आलोचक र फरक विचार राख्नेहरुको गोपनीयता भंग गर्ने सम्भावना रहन्छ।

## प्रमाण संकलनका समस्या

पीडकले पीडितलाई उनीहरु बीचको कुराकानी रेकर्ड गर्न सहमति दिने सम्भावना न्युन हुन्छ। जहाँ पीडितहरु अनलाइन माध्यम मार्फत हिंसामा पर्दछन् , यस्तोमा यो कानुनले पीडितहरु स्वयंलाई नै उल्टो प्रमाण रेकर्ड गरेको अभियोगमा अपराधी ठहर गर्ने सम्भावना रहन्छ।

## यो चार्ट कसरी पढ्ने ?

मुख्य कोठाहरुले विधेयक वा कानुनबारे बताउँछन्।

हरेक कोठाहरुमा (ती कानुनका) सान्दर्भिक भागहरुको संक्षिप्त रुप छन्।

पहेंलो हाइलाइट्सले दोहोरो अर्थ लाग्ने वा अस्पष्ट शब्दहरु जनाउँछ।

नीलो हाइलाइट्सले 'नियत' बारेमा उल्लेख गर्दछ।

**बाहिरी शब्दहरुले...** ... कानुनी खाडलहरुलाई व्याख्या गरेका छन्।

जहाँजहाँ आवश्यकता छ, त्यहाँ रातो वाणचिन्ह (एरो)ले कानुन र तिनका भाग वा धाराहरुमा भेटिएका खाडलहरु (कमीहरु)लाई जोडेको छ।

## गोपनीयता

### वि.सं. २०७२ को संविधान

**धारा २८**
कुनै पनि व्यक्तिको, घर, सम्पत्ति, कागजात, जानकारी, पत्राचार, र उसको चरित्रसँग जोडिएको जुन सुकै बिषय कानुनले निर्देशित गरेको अवस्थामा बाहेक गोप्य रहने छन्।

**धारा २७**
कुनै पनि व्यक्तिलाई कानुनले गोप्य रहने भनि तोकेको जानकारीहरु सार्वजनिक गर्न जबर्जस्ती गर्न पाइँदैन (व्यक्तिले आफ्ना व्यक्तिगत जानकारीको बारेमा वा सार्वजनिक सामाग्रीको बारेमा सोधखोज गर्न भने पाउँछ)।

### विद्युतीय कारोबार ऐन सन् २००८

**भाग २८.१**
आधिकारिक निकायका व्यक्तिलाई शंका लागेको खण्डमा हाम्रा डिभाइस, सामाग्री, तथ्यांक आदिमा पहुँच हुनेछ।

**भाग ३८.१**
राष्ट्रिय सार्वभौमिकता, अखण्डतामाथि त्रास पैदा भएको खण्डमा, कानूनी व्यवस्था कायम राख्न, मित्र राष्ट्रहरुसँगको मित्रवत सम्बन्धलाई सुमधुर राख्ने काम आदिका लागि आधिकारिक निकायलाई हाम्रो 'व्यक्तिगत साँचो' (प्राइभेट कि; जुनमार्फत हामी आफ्ना गोप्य कुराकानीलाई इनक्रिप्ट वा डिक्रिप्ट माध्यमद्वारा कोड भाषामा वा सामान्य भाषामा परिणत गर्ने गर्दछौं) माथि पहुँच हुनेछ।

**भाग ४७**
सार्वजनिक नैतिकताको विरुद्ध हुने कुनैपनि सामाग्री विद्युतीय माध्यममार्फत प्रदर्शन वा प्रकाशन गरेमा उक्त कार्य दण्डनीय हुनेछ।

### क्रिमिनल कोड (अपराध संहिता) सन् २०१७

**भाग १२२**
सार्वजनिक ठाउँमा शरीरका गोप्य अंग देखाउने वा "अश्लील" कार्य र "अश्लील" कुराकानी गर्न पाइने छैन।

**भाग २९४**
कानुनले बाध्य पारेको अवस्थामा बाहेक, कुनैपनि सर्वसाधारण वा सार्वजनिक व्यक्तित्वको व्यक्तिगत जानकारी उनीहरुको अनुमति बिना सार्वजनिक गर्न पाइने छैन।

**भाग २९८**
आधिकारिकता प्राप्त गरेको अवस्थामा बाहेक कुनैपनि सूचना, जानकारी वा पत्राचार प्राप्त गर्न वा एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन पाइने छैन।

**भाग २९३**
सार्वजनिक रुपमा अभिव्यक्त गरिएको अवस्थामा बाहेक र आधिकारिक निकाय वा सम्बन्धित व्यक्तिको अनुमति बिना कसैको व्यक्तिगत कुराकानी, सुन्न र रेकर्ड गर्न पाइने छैन।

**भाग २९५**
सार्वजनिक स्थानमा बाहेक कुनै पनि व्यक्तिको सहमति बिना उसको फोटो खिच्ने वा तोडमरोड गर्ने कामलाई बन्देज गरिएको छ।

### सूचना प्रविधि विधेयक सन् २०१९ ★

**भाग ७६.१**
कानुनले उपलब्ध गराएको अवस्थामा बाहेक कुनैपनि व्यक्तिको व्यक्तिगत तथ्यांक प्राप्त गर्न बन्देज गरिएको छ।

**भाग ७६.२**
दुई वा दुइभन्दा बढी पक्ष बीच विद्युतीय माध्यमामार्फत भएका कुराकानीको गोपनीयता सुनिश्चित रहनेछ। सम्बन्धित पक्षहरुको सहमति बेगर यस्ता कुराकानी सुन्न, रेकर्ड गर्न, वा इन्क्रिप्ट-डिक्रिप्ट (गुप्तिकरण वा अगुप्तिकरण)गर्न पाइने छैन।

### गोपनीयता सम्बन्धी कानुन सन् २०१८

**भाग ४.२**
मुद्दा चलिरहेको अवस्थामा जहाँ जहाँ आवश्यक पर्छ, त्यसबाहेक पति-पत्नी बीचको गोपनीयता भंग गर्न पाइने छैन।

**भाग १२.६**
कुनै पनि व्यक्तिको उमेर, योग्यता, चरित्र, यौनिकता, अपांगता, आदि बारेमा अधिकार प्राप्त व्यक्तिले सोधपुछ गर्न पाउने छ, र सम्बन्धित व्यक्तिले यसको पालना गर्नुपर्नेछ।

**भाग १५.२**
कानुनले आवश्यक ठानेको अवस्थामा बाहेक, कुनैपनि व्यक्तिले अर्को व्यक्तिको चरित्र बारेमा कुनै टिप्पणी गर्न पाउने छैन।

**भाग १६.१**
कुनैपनि व्यक्तिको सहमति बिना उसको चरित्र, मान-सम्मान आदिमा क्षति पुऱ्याउने, प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्यले फोटो खिच्न वा फोटोको स्वरुप परिवर्तन, तोडमरोड वा प्रकाशन गर्न पाइने छैन।

**भाग १६.३**
कुनै पनि व्यक्तिलाई जिस्काउने, दुख दिने, वा आफूले कुनै अनुचित फाइदा लिने उद्देश्यले उसको सहमति बिना फोटो प्रकाशन, बिक्री र वितरण (शेयर) गर्न पाइने छैन।

**भाग ३.२**
स्वास्थ्य उपचार र राहत कार्यका लागि बाहेक कुनैपनि व्यक्तिको सहमति बिना उसको गोपनीयता भंग गर्न पाइने छैन।

**भाग ६**
उमेर नपुगेका वा अस्वस्थ दिमागी अवस्था भएको अवस्थामा बाहेक, कुनैपनि महिलाको प्रजनन स्वास्थ्य, र गर्भावस्था संग सम्बन्धित जानकारीको गोपनीयता भंग गर्न पाइने छैन।

## अभिव्यक्ति स्वतन्त्रता

### वि.सं. २०७२ को संविधान

**धारा १७ धारा १९**
कुनै पनि छापा वा विद्युतीय माध्यम वा तिनमा प्रकाशित समाचार, लेख, सम्पादकीय वा अन्य श्रव्य दृश्य सामाग्रीमाथि नियन्त्रण (सेन्सरसिप) गरिने छैन। तर राष्ट्रिय अखण्डता वा सामाजिक सद्भावमा खलल पुऱ्याउने सामाग्रीलाई भने दुरुत्साहन गरिनेछ।

### विद्युतीय कारोबार ऐन सन् २००८

**भाग ४७**
सार्वजनिक नैतिकता र सभ्य आचरणको विरुद्ध हुने, सामाजिक सद्भाव बिथोल्ने, घृणा, ईर्ष्या वा द्वेष फैलाउने कुनैपनि सामाग्री विद्युतीय माध्यममार्फत प्रदर्शन वा प्रकाशन गरेमा उक्त कार्य दण्डनीय हुनेछ।

### क्रिमिनल कोड (अपराध संहिता) सन् २०१७

**भाग १२१**
"अनैतिकता" र उत्तेजना फैलाउने "अश्लील" पुस्तक वा ब्रोसरको (विद्युतीय माध्यममार्फत) उत्पादन, प्रकाशन, किनबेच, भाडामा लगाउने, प्रदर्शन गर्ने वा संग्रह गर्ने कामलाइ बन्देज गरिएको छ ।

**भाग ३०६**
कुनै पनि माध्यमबाट, कुनै पनि जीवित वा मृत व्यक्ति वा उनीहरुका परिवार र आफन्तको प्रतिष्ठामा आँच पुऱ्याउने वा भावनामा ठेस पुऱ्याउने कार्य आपराधिक मानिएको छ। तथापि, अपवादको रुपमा यसले सार्वजनिक हितका लागि व्यक्त गरिएका अभिव्यक्ति, अनुसन्धानको सिलसिलामा, प्रमाणसहित, सम्बन्धित व्यक्तिलाई सचेत गराउन वा आलोचना गर्न अभिव्यक्त गरिएका कुरा आदिलाई भने बाधा पुऱ्याएको मानिने छैन।

**भाग २९३**
सार्वजनिक रुपमा व्यक्ति गरिएको अभिव्यक्तिको हकमा बाहेक आधिकारिक निकायको अनुमति र संलग्न व्यक्तिको सहमति बिना कुनैपनि व्यक्तिको व्यक्तिगत वार्तालाप सुन्न वा रेकर्ड गर्न पाइने छैन।

**भाग २९४**
कानुनले बाध्य पारेको अवस्थामा बाहेक, कुनैपनि सर्वसाधारण वा सार्वजनिक व्यक्तित्वको व्यक्तिगत जानकारी उनीहरुको अनुमति बिना सार्वजनिक गर्न पाइने छैन।

### सूचना प्रविधि विधेयक सन् २०१९

**भाग ८३**
साइबर बुलिईङ (अर्थात विद्यतीय माध्यममा हुने थिचोमिचो, दमन) भन्नाले कसैलाई विद्युतीय माध्यममार्फत निरन्तर दुर्व्यबहार गर्ने, जिस्काउने, निचो देखाउने, हतोत्साहित गर्ने, अपमान वा गालीगलौज गर्ने कार्यको रुपमा परिभाषित गरेको छ।

**भाग ८८.१**
विद्युतीय माध्यमको प्रयोग गरी राष्ट्रको सार्वभौमिकता, अखण्डता, राष्ट्रियतामा खलल पुऱ्याउने साथै समुदाय बीच घृणा र अविश्वास फैलाउने गरी हुने आक्रमणलाई बन्देज गरिएको छ।

**भाग ८८.२**
भेदभावलाई बढावा दिने वा सार्वजनिक आचरण र नैतिकताको विरुद्ध विद्युतीय माध्यमको प्रयोगलाई बन्देज गरिएको छ।

**भाग ९१**
सूचना प्रविधि विभागमा दर्ता नभएको अवस्थामा नेपालमा प्रयोग भइरहेका कुनैपनि सामाजिक सन्जाललाई निस्क्रिय बनाइने वा प्रतिबन्धित गरिने छ।

**भाग ८६**
कुनैपनि किसिमका "अश्लील" सामाग्री (पोर्नोग्राफी) हरुको उत्पादन, संकलन, वितरण, प्रकासन, प्रदर्शन ओसारपोसार, वा किनबेच दण्डनीय हुनेछ।

**भाग ८७**
कसैले पनि यौन शोषण वा गैरकानुनी गतिविधि गर्ने नियतले अनलाइन मार्फत सम्बन्ध बिस्तार गर्न विद्युतीय माध्यमको प्रयोग गर्न पाउने छैन।

**भाग ९२**
समाजिक सन्जालमा आएका सामाग्रीलाई, अष्पष्ट सीमा र बिस्तृत शर्तहरुमा आधारित रहेर "आपत्तिजनक सामाग्री" को रुपमा सूचना प्रविधि विभागले कुनैपनि बेला आफूखुसी हटाउन निर्देशन दिनसक्ने छ।

### गोपनीयता सम्बन्धी कानुन सन् २०१८

**भाग १५.२**
कानुनले आवश्यक ठानेको अवस्थामा बाहेक, कुनैपनि व्यक्तिले अर्को व्यक्तिको चरित्र बारेमा कुनै टिप्पणी गर्न पाउने छैन।

## हिंसाबाट मुक्ति

### वि.सं. २०७२ को संविधान

**धारा ३८**
महिलाविरुद्ध हुने हिंसाको अपराधीकरण /दण्डसजायँ र क्षतिपूर्तिको व्यवस्था

**धारा ३९**
बालबालिकामाथि हुने हिंसाको अपराधीकरण/ दण्डसजायँ र क्षतिपूर्तिको व्यवस्था

**धारा २१**
कुनैपनि अपराधका पीडितलाई आफ्नो मुद्दाको बारेमा सूचित हुने, न्यायको, पुनर्स्थापनाको र क्षतिपूर्तिको हक हुनेछ।

### विद्युतीय कारोबार ऐन सन् २००८

**भाग ४६**
कुनैपनि कम्प्युटर स्रोतमा भएका सामाग्रीलाई हटाउने, क्षति पुऱ्याउने, नष्ट गर्ने, वा नियतवश फेरबदल गर्ने, वा अरु कसैलाई यस्तो काम गर्न लगाउने कार्यलाई अपराध मानेको छ।

**भाग ४७**
सार्वजनिक नैतिकता र सभ्य आचरणको विरुद्ध हुने, सामाजिक सद्भाव बिथोल्ने, घृणा, ईर्ष्या वा द्वेष फैलाउने कुनैपनि सामाग्री विद्युतीय माध्यममार्फत प्रदर्शन वा प्रकाशन गरेमा उक्त कार्य दण्डनीय हुनेछ।

### क्रिमिनल कोड (अपराध संहिता) सन् २०१७

**भाग १२२**
सार्वजनिक ठाउँमा शरीरका गोप्य अंग देखाउने वा "अश्लील" कार्य गर्ने र "अश्लील" शब्द प्रयोग गर्न पाइने छैन।

**भाग २९५**
सहमति बिना कसैको फोटो खिच्ने वा तोडमरोड गर्ने कामलाई बन्देज गरिएको छ।

**भाग ३००**
कसैलाई हानी पुऱ्याउने वा उसको प्रशिद्धिमा आँच पुऱ्याउने उद्देश्यले विद्युतीय माध्यमद्वारा त्रास देखाउने, हिंसा गर्ने, वा अनुचित व्यवहार गर्ने कार्यलाई बन्देज गरिएको छ।

**भाग ३०५**
कसैको प्रतिष्ठा वा सम्मानलाई कमजोर तुल्याउने नियतले लिखित वा शाब्दिक रुपमा बदनाम गरिने कामलाई आपराधिक मानिएको छ।

**भाग २२४**
यौन हिंसा भन्नाले, व्यक्तिको सहमति बिना उसका गोप्य अंगहरुलाई छुने वा छुने प्रयास गर्नु वा नियतवश बलात्कार वा एकान्त ठाउँमा लगेर आफ्ना यौनअंग छुन लगाउनु, शाब्दिक, लिखित वा अन्य माध्यमद्वारा "अश्लील" विषयहरू देखाउनु सुनाउनुलाई भनिन्छ।

**भाग ३०६**
कुनै पनि माध्यमबाट, कुनै पनि जीवित वा मृत व्यक्ति वा उनीहरुका परिवार र आफन्तको प्रतिष्ठामा आँच पुऱ्याउने वा भावनामा ठेस पुऱ्याउने कार्य आपराधिक मानिएको छ। तथापि, अपवादको रुपमा यसले सार्वजनिक हितका लागि व्यक्त गरिएका अभिव्यक्ति, अनुसन्धानको सिलसिलामा, प्रमाणसहित, सम्बन्धित व्यक्तिलाई सचेत गराउन वा आलोचना गर्न अभिव्यक्त गरिएका कुरा आदिलाई भने बाधा पुऱ्याएको मानिने छैन।

### घरेलु हिंसा विरुद्धको ऐन सन् २००९

घरेलु हिंसा भन्नाले पारिवारिक नातासम्बन्ध भित्रको एक व्यक्तिद्वारा अर्को व्यक्तिलाई पुऱ्याइने शारीरिक, मानसिक, यौनिक र आर्थिक हानिलाई बुझिन्छ।

### कार्यस्थलमा हुने यौनहिंसा विरुद्धको ऐन सन् २०१५

**भाग ४.ख**
अश्लील वा यौनसंग सम्बन्धित सामाग्रीहरुको प्रयोग, र प्रदर्शन, वा लिखित वा मौखिक वा शारीरिक हाउभाउ मार्फत व्यक्त गरिने "अश्लील" विचार हिंसाको रुप हो।

### सूचना प्रविधि विधेयक सन् २०१९

**भाग ८३**
साइबर बुलिईङ (अर्थात विद्यतीय माध्यममा हुने थिचोमिचो, दमन) भन्नाले कसैलाई विद्युतीय माध्यममार्फत निरन्तर दुर्व्यबहार गर्ने, जिस्काउने, निचो देखाउने, हतोत्साहित गर्ने, अपमान वा गालीगलौज गर्नेलाई बुझिन्छ।

**भाग ८६**
कुनैपनि किसिमका "अश्लील" सामाग्री (पोर्नोग्राफी) हरुको उत्पादन, संकलन, वितरण, प्रकाशन, प्रदर्शन ओसारपोसार, वा किनबेच दण्डनीय हुनेछ।

### गोपनीयता सम्बन्धी कानुन सन् २०१८

**भाग १६.३**
कुनै पनि व्यक्तिलाई जिस्काउने, दुख दिने, वा आफूले कुनै अनुचित फाइदा लिने उद्देश्यले उसको सहमति बिना फोटो प्रकाशन, बिक्री र वितरण (शेयर) गर्न पाइने छैन।

**भाग १६.१**
कुनैपनि व्यक्तिको सहमति बिना उसको चरित्र, मान-सम्मान आदिमा क्षति पुऱ्याउने, प्रतिष्ठामा आँच पुऱ्याउने नियतले फोटो खिच्न वा फोटोको स्वरुप परिवर्तन, तोडमरोड वा प्रकाशन गर्न पाइने छैन।

## "सहमति" का (त्रुटीगत) छिद्रहरु

"चरित्र" शब्द अक्सर, महिला र क्वेयर व्यक्तिहरुको यौनिकतामाथि प्रश्न र नियन्त्रण गर्न, अस्पष्ट र गहुँगो रुपमा बोकाइएको शब्द हो। यो कानुन अनुसार उनीहरुको प्रजनन स्वास्थ्य र गर्भावस्था सम्बन्धि गोप्य जानकारी पनि उनीहरुका श्रीमान र परिवारलाई उपलब्ध हुने हुँदा उनीहरुमाथि हिंसा हुने सम्भावना रहन्छ।यो कानुन मानिसको उमेर र शारिरीक सबलताको आधारमा भेदभावकारी छ, यसले व्यक्तिलाई आफ्नो शरीरबारे बुझ्ने वैयक्तिक अधिकार (स्वायत्तता)को सम्मान गर्दैन।

## दोहोरो अर्थ (अष्पष्टता)

"अश्लीलता" "सामाजिक सद्भाव”
"असभ्यता" "सार्वजनिक नैतिकता"
"भद्रता" "सार्वजनिक आचरण"
"अखण्डता" "राष्ट्रिय सार्वभौमसत्ता"

कानुनमा माथि लेखिएजस्ता शब्दहरु छन्, जुन अपरिभाषित रुपमै छोडिएको छ। यस्ता अस्पष्टताहरुका कारण शक्ति वा सत्तामा आसिन व्यक्तिहरुले यी कानुनहरुको प्रयोग हुदै गर्दा आफूखुसी व्याख्या गरेर सीमान्तकृतहरुलाई अझै जोखिममा पार्ने र प्रतिरोधी विचारलाई नियन्त्रण गर्ने प्रशस्त ठाउँ दिएको छ। यी मध्ये धेरैजसो नैतिक रुपमा बोझिला छन् जसले कानुनको निष्पक्ष पालना गर्नुभन्दा बढी नैतिक नियन्त्रण (मोरल पुलिसिङ) गर्दछ।

## "नियत" को व्याख्या वा प्रमाणीकरण

अपराध संहिता र सूचना प्रविधि विधेयक भएका धाराहरूले पीडकको नियतलाई आपराधिक रुपमा बंग्याउने ठाउँ दिएको छ। यसले पीडकलाई "हानि पुऱ्याउने नियत थिएन" भनेर उम्किने छिद्रहरु दिएको छ। प्रमाण जुटाउने बोझ पीडितमाथि पारिएको छ। "नियत" कसरी प्रमाणित गर्ने भन्ने सम्बन्धमा कानुन अस्पष्ट छ। यसले अधिकारीहरुलाई निश्चित कार्यहरुको उद्देश्य बारे निर्णय गर्ने सुविधा दिएको छ। जसले शक्तिको दुरुपयोग हुने ठाउँ दिन्छ।

## अभिव्यक्ति स्वतन्त्रता

राष्ट्रिय सुरक्षा र सामाजिक सद्भावको नाममा अभिव्यक्ति स्वतन्त्राको हक कटौती गरिएको छ। यसले सत्ताको विरोध गरिएका राजनीतिक व्यंग्य तथा आवाजहरुलाई निषेध गर्न सक्छ। यसले कुनैपनि अभियानमाथि जोखिम थोपर्छ। सार्वजनिक नैतिकता र भद्रताको घेरामा पारेर यौनिक अभिव्यक्ति पनि कुन्ठित पारिएको छ। अधिकारहरुको सिधै कटौती संगसंगै गोपनीयता सम्बन्धि (त्रुटीगत) छिद्रहरु हुनु भनेको नागरिकले राज्यको तर्फबाट ठूलो निगरानी भएको अनुभव गर्नु हो जसले गर्दा आफ्ना विचारहरु स्वतन्त्र रुपबाट अभिव्यक्त गर्न सक्दैनन्।

## 'सहमति' को कमी/बेवास्ता

कानुनको निर्माण र कार्यान्वयन गरिने क्रममा सम्बन्धित व्यक्ति र व्यक्तिहरु बीचको सहमतिलाई बेवास्ता गरिएको छ। जसको कारण सबै खालका यौनिक सामाग्री "अश्लील" मानिएको र कुनैपनि व्यक्तिको आफ्नो शरीरमाथिको अधिकार (एजेन्सी ) को सम्मान गरिएको छैन र यौनिक अभिव्यक्तिलाई अपराधीकरण गरिएको छ।

## पीडितमाथि हुनसक्ने सम्भावित प्रतिघात

धेरैजसो कानुनले यौनिक अभिव्यक्तिलाई "अश्लील" र "अनैतिक" भन्ने लेबल लगाएर अपराधीकरण गरेको छ, चाहे त्यो व्यक्ति विशेषको रोजाइमा भएको नै किन नहोस्। "सहमति" लाई बेवास्ता गरिएको कारण कानुनले सोलोडोलो नियम (ब्ल्यांकेट रुल) निर्माण गरेको छ। यसको दुरुपयोगले, यदि विद्युतीय माध्यम मार्फत यौनिकता अभिव्यक्त गरेबापत पीडितलाई नै सजायको भागीदार बनाउँछ। कानुनले पीडितलाई सजाय र पीडकलाई उन्मुक्ति दिने सम्भावना रहन्छ।

## समयसीमा

- सन् २००५
- विद्युतीय कारोबार ऐन सन् २००८
- घरेलु हिंसाविरुद्धको ऐन २००९
- सन् २०१०
- नेपालको संविधान २०१५
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०१५
- सन् २०१५
- क्रिमिनल कोड (अपराध संहिता) सन् २०१७
- गोपनीयता सम्बन्धी ऐन २०१८
- सूचना प्रविधि विधेयक २०१९
- सन् २०२०

★ सूचना प्रविधि विधेयक हाल प्रस्तावित विधेयक हो। तर पनि अनलाइन हिंसाका कानुनी सीमा बारेको सार्वजनिक छलफल महत्वपूर्ण हुने भएकोले हामीले यहाँ राखेका हौं।


Body & Data

बडी एण्ड डाटा नेपालमा डिजिटल अधिकार सम्बन्धि काम गर्ने संस्था हो जसले महिला र क्वेयर व्यक्तिहरुको अभिव्यक्ति, स्वायत्तता र एजेन्सीका लागि उपयुक्त उपाय/रणनीतिहरु प्रदान गरी डिजिटल स्थानहरुमा उनीहरुको संलग्नता बढाउने लक्ष्य राखेको छ।

पूर्ण रिपोर्ट हाम्रो वेबसाइट मा हेर्न सक्नुहुनेछ : https://bodyanddata.org/

# नेपालमा अनलाइन हिंसासँग सान्दर्भिक कानुनहरूको अध्ययन

Body & Data

बडी एण्ड डाटा नेपालमा डिजिटल अधिकार सम्बन्धि काम गर्ने संस्था हो जसले
महिला र क्व्येर व्यक्तिहरुको अभिव्यक्ति, स्वायत्तता र एजेन्सीका लागि उपयुक्त उपाय/
रणनीतिहरु प्रदान गरी डिजिटल स्थानहरुमा
उनीहरुको संलग्नता बढाउने उद्देश्य राखेको छ।

bodyanddata.org